वार्षिक प्रतिवेदन २०८०/८१

NIFRA
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड
समृद्ध नेपालको लागि



# समृद्ध नेपालको लागि



**कुल सम्पत्ति**
**रू. २८.३७ अर्ब**

**कुल ब्याज आम्दानी**
**रू. २.७८ अर्ब**

**खुद नाफा**
**रू. १.३३ अर्ब**

**प्रतिशेयर खुद सम्पत्ति**
**रू. ११३.५३**

## १२ ऊर्जाका परियोजनाहरु

४३३ **मे.वा.** उत्पादन क्षमता भएका १२ **वटा** जलविद्युत परियोजनामा गरिएको कर्जा लगानीमध्ये ५ **वटा** परियोजनाहरु संचालनमा आई १८१ **मे.वा.** विद्युत राष्ट्रिय प्रसारण लाइनमा जोडिसकिएको छ ।

## ७ पर्यटनका परियोजनाहरु

जम्मा ४७० शयन कक्ष भएका ५ **वटा** तारे होटेल/रिसोर्ट र २ **वटा** स्काई वाक परियोजनाहरुमा गरिएको कर्जा लगानीमध्ये २०० बढी शयन कक्ष भएका २ **वटा** विशिष्टिकृत होटेलहरु र २ **वटै** स्काई वाक संचालनमा आइसकेका छन् ।

## ५ स्वास्थ्यका परियोजनाहरु

१८०० **शैय्या** क्षमता भएका ५ **वटा** मल्टि स्पेसालिटी हस्पिटल परियोजनाहरुमा गरिएको कर्जा लगानीमध्ये ८५० **शैय्या** भएका ३ **वटा** हस्पिटलहरु संचालनमा रहेका छन् ।

## ३ सूचना प्रविधिका परियोजनाहरु

२ **वटा** इन्टरनेट सेवा प्रदायक कम्पनीहरुको क्षमता विस्तार र **एउटा** डाटा सेन्टर निर्माणका लागि गरिएको कर्जा लगानी मध्ये इन्टरनेट सेवा प्रदायकले विस्तारित क्षमतामा सेवा प्रदान गरिरहेका छन् ।

## १ सिमेन्टको परियोजना

२९५० **टन** प्रतिदिन क्लिङ्कर उत्पादन गर्ने स्वीकृतिप्राप्त सिमेन्ट परियोजनामा कर्जा लगानी भई परियोजना संचालनमा आइसकेको छ ।

## क्षेत्रगत कर्जा लगानीको विवरण

**रू. अर्बमा**




कुल स्वीकृत कर्जा **रू. ३०.९५ अर्ब**

कुल कर्जा प्रवाह **रू. २१.१४ अर्ब**

## नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडका शेयरधनी महानुभावहरुलाई
## छैटौं वार्षिक साधारण सभाको सूचना

**श्री आदरणीय शेयरधनी महानुभावहरू,**

यस बैंकको मिति २०८१ साल मङ्सिर ०९ (नोभेम्बर २४, २०२४) मा बसेको सञ्चालक समितिको १५२औं बैठकको निर्णयानुसार बैंकको छैटौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवम् उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु।

**१. सभा हुने मिति, समय र स्थान**

मिति : २०८१ साल पौष ४ गते, बिहिबार (डिसेम्बर १९, २०२४)
स्थान : कार्की ब्याङ्केट, बबरमहल हाइट, काठमाडौं।
सभा शुरु हुने समय : ९ बजे।
उपस्थिति पुस्तिका ८ बजे देखि ९:३० बजेसम्म खुल्ला राखिने छ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयहरु :**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक बर्ष २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने।
२. बैंकको पाँचौं वार्षिक साधारणसभाबाट आ.व.२०८०/८१ को बैंकको लेखापरीक्षकमा M/S K.A.S. Associates, Chartered Accountants नियुक्त भएकोमा उक्त फर्म र M/S. BRS Neupane & Co., Chartered Accountants बीच मर्जर भई आ.व. २०८०/८१ को लेखापरीक्षण मर्जरपछिको नयाँ फर्म M/S. BRS Neupane & Co., Chartered Accountants बाट गरिएको विषय अनुमोदन गर्ने। साथै लेखापरीक्षक M/S. BRS Neupane & Co., Chartered Accountants को प्रतिवेदन सहित २०८१ साल आषाढ मसान्तको वासलात, विस्तृत नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, पुँजीमा भएको परिवर्तन लगायत तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी स्वीकृत गर्ने।
३. कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि वाह्य लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने। (कम्पनी ऐन, २०६३ को दफा १११(३) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) बमोजिम बहालवाला लेखापरीक्षक श्री BRS Neupane & Co., Chartered Accountants पुनः नियुक्त हुन योग्य देखिएको।)

**(ख) विशेष प्रस्ताव**

१. बैंकको प्रबन्धपत्रमा संशोधन/थप गर्ने।
२. प्रबन्धपत्रमा संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायहरुबाट कुनै फेरवदल/थपघट/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा सो सम्बन्धमा अन्य निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रत्यायोजन गर्ने।

**(ग) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१) बैंकको छैटौं साधारण सभाका लागि बैंकको शेयरधनी दर्ता किताब मिति २०८१/०८/२१ गते एकदिन बन्द रहनेछ। शेयरधनी दर्ता किताब बन्द भएको मिति २०८१/०८/२१ गतेभन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लि. बाट कारोबार भई यस बैंकको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा बैंकको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले यो सभामा भाग लिन र मतदान गर्न सक्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइएको छ।

२) वार्षिक साधारण सभामा भागलिन इच्छुक शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी किताब सभा शुरुहुनु भन्दा १ घण्टा अगाडि देखि खुला रहनेछ।

३) वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले बैंकले जारी गरेको प्रवेशपत्र सहित शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण अनिवार्यरुपमा साथमा लिई आउनुहुन अनुरोध छ।

४) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन सभा सुरु हुनुभन्दा ४८ घण्टा अगावै प्रतिनिधिपत्र यस बैंकको रजिष्टर्ड कार्यालय, काठमाण्डौं १०, बानेश्वरमा बुझाइसक्नुपर्नेछ। यसरी प्रतिनिधि नियुक्त गरिएका व्यक्ति बैंकको शेयरधनी हुनु आवश्यक छ।

५) प्रतिनिधि नियुक्त गरी सोको लागि प्रतिनिधिपत्र बुझाइ सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सोको सूचना सभा सुरु हुनभन्दा ४८ घण्टा अगावै यस बैंकको रजिष्टर्ड कार्यालय, काठमाण्डौं १०, बानेश्वरमा बुझाइसक्नुपर्नेछ।

६) कुनै शेयरधनीले एकभन्दा बढी शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेको रहेछ भने बदर गरेको अवस्थामा बाहेक त्यस्ता प्रतिनिधिपत्र स्वतः खारेज हुनेछ।

७) प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा उपस्थित भई सभामा भागलिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा सुरु हुनुभन्दा ४८ घण्टा अगावै यस बैंकको रजिष्टर्ड कार्यालय, काठमाण्डौ-१०, बानेश्वरमा बुझाइसक्नुपर्नेछ।

८) शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नुहुनेछ। नाबालक शेयरधनीको हकमा नाबालकको संरक्षक वा निजको अख्तियारीप्राप्त प्रतिनिधिले सभामा भागलिन, छलफल गर्न र मतदान गर्न सक्नेछन्। शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ।

९) संयुक्तरुपमा एकजनाभन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्ता साझेदारहरुद्वारा मनोनित गरिएको साझेदारले वा निजहरुले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोही व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ।

१०) सभाको दिन सभा सुरु हुनुभन्दा पहिले नै उपस्थित भइदिनुहुन हार्दिक अनुरोध छ।

**नोटः**

१. पूर्वाधार विकास बैंकलाई नेपाल राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशन, २०८० को निर्देशन नं. ६ को बुँदा नं १.१७ मा सभामा भागलिन र मतदान गर्न नपाउने अवस्था शिर्षक अन्तर्गत केही प्रावधानहरु तोकिएकोमा सभामा भागलिन, छलफल गर्न र मतदान गर्न सहभागी हुने शेयरधनी महानुभावहरुले आफू उक्त निर्देशन बमोजिम सभामा भागलिन, छलफल गर्न र मतदान गर्न योग्य रहेको बुझी सभामा उपस्थित भएको मानिने छ।

२. बैंकको वार्षिक प्रतिवेदन काठमाण्डौ १०, बानेश्वरस्थित बैंकको रजिष्टर्ड कार्यालय वा बैंकको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाडौंबाट प्राप्त गर्न सक्नुहुनेछ। साथै साधारणसभासँग सम्वन्धित वार्षिक प्रतिवेदन र छलफलका विषयहरु यस बैंकको वेबसाइट www.nifrabank.com मा पनि उपलब्ध हुने व्यहोरा जानकारी गराउँदछौं।

३. अन्य जानकारीको लागि बैंकको रजिष्टर्ड कार्यालय, काठमाण्डौ १०, बानेश्वरस्थित कम्पनी सचिवको कार्यालय (टेलिफोन नं. ०१-४७९६४०२/४७९४००२ Ext. १५२) मा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ।

**नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.**
**काठमाडौं–१० बानेश्वर**

# प्रवेश पत्र

१. शेयरधनीको नाम :
२. ठेगाना :
३. शेयरधनी परिचय/हितग्राही खाता नं. :
४. शेयर प्रमाणपत्र नं. :
५. लिएको शेयर संख्या :

नेपाल इन्फ्राष्ट्रक्चर बैंक लि. को मिति २०८१/०९/०४ मा हुने छैटौं वार्षिक साधारण सभामा उपस्थिति हुन जारी गरिएको प्रवेश पत्र।

द्रष्टव्य : सभाकक्षमा प्रवेश गर्न यो प्रवेश पत्र अनिवार्यरुपमा लिई आउन हुन अनुरोध छ। अन्यथा सभाकक्षमा प्रवेश गर्न पाईने छैन।

..................................
**ईश्वर बन्धु गौतम**
कम्पनी सचिव

# प्रोक्सी फाराम

श्री संचालक समिति
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.
काठमाडौं १०, बानेश्वर

**विषय: प्रतिनिधि नियुक्त गरेको बारे।**

महाशय,

........................ जिल्ला ........................ न.पा./गा.पा. वडा नं. ........बस्ने म/हामी .......................... ................................ ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०८१ साल पौष ४ गते बिहिबारका दिन हुने छैटौं वार्षिक साधारण सभामा म/हामी स्वयम् उपस्थिति भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भागलिन तथा मतदान गर्नका लागि ........................ जिल्ला ...................... न.पा./गा.पा. वडा नं. .......बस्ने श्री ..................................................... लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/ पठाएका छौं।

**प्रोक्सी लिनेले भर्ने**
हस्ताक्षरको नमूनाः
नामः
शेयरधनी परिचय नम्बर/ डिम्याट खाता नं.:

**प्रोक्सी दिनेले भर्ने**
दस्तखतः
नामः
शेयरधनी परिचय नम्बर/ डिम्याट खाता नं.:
..............................................................
शेयर संख्याः
मितिः
छापः

**कम्पनी सचिव**
इश्वर बन्धु गौतम

**सूचना अधिकृत**
सूवर्ण कुमार सिंह

**लेखापरीक्षक**
बि.आर.एस न्यौपाने एण्ड कं.
चार्टर्ड एकाउन्टेन्ट्स्

**शेयर रजिष्ट्रार**
ग्लोबल आइएमई क्यापीटल लिमिटेड

**सम्पर्क ठेगानाः**
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड
काठमाडौं १०, बानेश्वर
टेलिफोन नं. ०१-४७९६४०२/४७९४००२
ईमेलः info@nifrabank.com
वेभ साइटः https://www.nifrabank.com/

NIFRA
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड
समृद्ध नेपालको लागि

# विषय सूची


| | | |
|---|---|---|
| १. | सञ्चालक समिति | ०२ |
| २. | आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन | ०४ |
| ३. | प्रमुख कार्यकारी अधिकृतको मन्तब्य | १८ |
| ४. | वित्तीय विवरण प्रकाशन सम्बन्धमा नेपाल राष्ट्र बैंकको पत्र | २० |
| ५. | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १५ बमोजिमको विवरण | २१ |
| ६. | संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन | २२ |
| ७. | आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण प्रतिवेदन | ३० |




# सञ्चालक समिति



**श्री अनुज अग्रवाल**
अध्यक्ष

अध्यक्ष श्री अनुज अग्रवालज्यू विशाल ग्रुप लि. को प्रतिनिधित्व गर्दै बैंकको संस्थापक समुहका तर्फबाट सञ्चालक समितिमा रहनुभएको छ। उहाँ नेपालमा बैचारिक चिन्तन भएको गतिशील उद्यमीको रुपमा परिचित हुनुहुन्छ। उहाँले आफ्ना व्यवसायिक जीवनको दौरान विभिन्न क्षेत्रका उद्यमहरु जस्तैः पूर्वाधार, उद्योग, ऊर्जा, शिक्षा, रिटेल लगायतका उद्योग एवम् कम्पनीहरू स्थापना र सोको संचालनमा सक्रिय भूमिका खेल्नुभएको छ। नेपालको सामाजिक एवम् आर्थिक सम्भावनाहरुप्रति अत्यन्त जिज्ञासु उहाँले दशकौं देखि विभिन्न संघ संस्थाहरुमा फरक फरक जिम्मेवारीमा संलग्न भई कार्य गर्नु भएको छ। उहाँसँग बैंक अफ एसिया नेपालको संचालक, नेपाल उद्योग परिसंघको उपाध्यक्ष, युनाइटेड डिष्ट्रिव्यूटर्स नेपालको संचालक, विशाल ग्रुप लि.को संचालक भई कार्य गरेको अनुभव रहेको छ। साथै उहाँ EO,YPO जस्ता प्रतिष्ठित संस्थाहरुको संस्थापक सदस्य समेत रहनुभएको छ। उहाँले विषय विज्ञको रुपमा नेपाल सरकार, गैह्रसरकारी संस्था, द्विपक्षीय र अन्य फ्रेमवर्कहरुमा संलग्न भई कार्य गरिसक्नुभएको छ । श्री अग्रवालज्यूले Vanderbilt University बाट MBA डिग्री हासिल गर्नुभएको छ।



**श्री श्रीकृष्ण नेपाल**
सञ्चालक

सञ्चालक श्री श्रीकृष्ण नेपालज्यू नेपाल सरकार, अर्थ मन्त्रालयको प्रतिनिधित्व गर्दै बैंकको सञ्चालक समितिमा रहनुभएको छ । उहाँ सहसचिव हुनुहुन्छ र हाल अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाको प्रमुखको रुपमा कार्यरत हुनुहुन्छ। उहाँसँग नेपाल सरकारको निजामति सेवामा विभिन्न पदमा रही कार्य गरेको अनुभव छ । उहाँले अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाको प्रमुख, भन्सार विभागको उप-महानिर्देशक, महालेखा नियन्त्रक कार्यालयमा सह-महालेखा नियन्त्रक, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सहसचिवको रुपमा रहेर समेत कार्य गरिसक्नु भएको छ। यसैगरी उहाँ एशियन इन्फ्रास्ट्रक्चर इन्भेष्टमेन्ट बैंकको बोर्ड सदस्यको रुपमा रहेर समेत जिम्मेवारी निर्वाह गरिसक्नुभएको छ। उहाँले अर्थशास्त्रमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर गर्नुभएको छ।



**श्री रत्न राज बज्राचार्य**
सञ्चालक

सञ्चालक श्री रत्न राज बज्राचार्यज्यू ग्लोबल आइएमई बैंक लिमिटेडको प्रतिनिधित्व गर्दै बैंकको सञ्चालक समितिमा रहनुभएको छ। उहाँ नेपाली बैंकिङ्ग क्षेत्रको अग्रणी व्यक्तित्व मध्येको एक हुनुहुन्छ। उहाँले ग्लोबल आइएमई बैंक लिमिटेड, सनराइज बैंक लिमिटेड र एनसिसि बैंक लिमिटेडमा प्रमुख कार्यकारी अधिकृतको रुपमा रही सफलतापूर्वक जिम्मेवारी पूरा गरिसक्नुभएको छ। उहाँसँग नेपाल राष्ट्र बैंक र नेपाल बैंक लिमिटेडको व्यवस्थापन तहमा रही कार्य गरेको अनुभव रहेको छ। नेपालको बैंक तथा वित्तीय क्षेत्रमा राम्रो दखल राख्ने उहाँले दशकौंदेखि विभिन्न संघसंस्थाहरुमा रही नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको छ। चाटर्ड एकाउन्टेन्ट समेत रहनुभएका श्री बज्राचार्यले एमबीए समेत गर्नुभएको छ।



**श्री लालमणी जोशी**
सञ्चालक

सञ्चालक श्री लालमणी जोशीज्यू इमर्जिङ्ग नेपाल लि.को प्रतिनिधित्व गर्दै बैंकको सञ्चालक समितिमा रहनु भएको छ। उहाँ नेपाल सरकारको सचिव पदबाट सेवा निवृत्त कर्मचारी हुनुहुन्छ। नेपालका विभिन्न मन्त्रालयको सचिव भई कार्य गरिसक्नु भएका उहाँसँग निजामती सेवामा तीन दशक भन्दा बढीको अनुभव रहेको छ। उहाँ हाल इमर्जिङ्ग नेपाल लि. को अध्यक्ष हुनुहुन्छ। विगतमा उहाँ हिमालयन बैंक लि., नविल बैंक लि. र नेपाल औद्योगीक विकास निगमको संचालक भई ती संस्थाहरुमा नेतृत्वदायी भूमिका निर्वाह गरिसक्नु भएको छ। नेपाल सरकारको सेवा निवृत भए पश्चात पनि वहाँ विभिन्न संघ संस्थाहरुमा कृयाशील भई समाजमा योगदान पुऱ्याईराख्नु भएको छ। उहाँले एम. बि. ए. सम्मको उच्च शिक्षा हासिल गर्नु भएको छ।



**श्री लिमा अधिकारी आचार्य**
सञ्चालक

सञ्चालक श्री लिमा अधिकारी आचार्यज्यूले बैंक सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्नुहुन्छ। नेपालको सामाजिक एवम् आर्थिक क्षेत्रमा कृयाशील रहनुभएकी उहाँ दशकौं देखी विभिन्न संघ संस्थाहरुमा विभिन्न भूमिकामा संलग्न भई कार्य गरिरहनुभएको छ। हाल उहाँ नेपाल चेम्बर अफ कमर्सको कार्यकारी सदस्य, नेपाल महिला चेम्बरको महासचिव, साउथ एसियन उमन फोरमको बोर्ड सदस्यको रुपमा समेत रहनुभएको छ। सोका अलावा उहाँ आफ्नो व्यापार व्यवसाय अन्तर्गत विभिन्न संघ संस्थाहरुमा कृयाशील हुनुका साथै सामाजिक कार्यमा समेत निकै सक्रिय हुनुहुन्छ। नेतृत्वदायी भूमिकामा अब्बल महिला नेत्रीको रुपमा पहिचान बनाउन सफल हुनुभएकी उहाँ अध्ययन-अनुसन्धानका क्षेत्रहरुमा समेत उत्तिकै रुची राख्नुहुन्छ। उहाँले व्यवसाय प्रशासनमा स्नातकोत्तर गर्नुभएको छ।



**श्री प्रवीण सुवेदी**
सञ्चालक

सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्दै श्री प्रवीण सुवेदी बैंकको संचालक समितिमा रहनुभएको छ। उहाँ मूलतः वकालत पेशामा आवद्ध हुनुहुन्छ। विशेषतः व्यापार वाणिज्य, श्रमिक, संस्थागत अनुपालना लगायतका देवानी विषयलाई प्राथमिकतामा राखी वकालत गरिरहनुएका श्री सुवेदी फौजदारी विषयहरुसँग सम्बन्धित मुद्दाहरुमा समेत वकालत गर्नुहुन्छ। उहाँले विभिन्न बैंक, दूरसंचार कम्पनी, फार्मास्यूटिकल्स, अस्पताल, एनजिओ, आइएनजिओ एवम् बहुराष्ट्रिय कम्पनीमा कानूनी सल्लाहकारको रुपमा कार्य गर्दै आउनु भएको छ। साथै, उहाँ न्यायिक प्रतिष्ठान, प्रहरी प्रतिष्ठान, सशस्त्र प्रहरी र नेपाली सेनाले आयोजना गर्ने विभिन्न कार्यक्रमहरुमा विज्ञ वक्ताको रुपमा सहभागी हुने गर्नुभएको छ। उहाँले ओस्लो युनिभर्सिटीबाट एलएलएम गर्नुभएको छ।



**श्री महेश प्रसाद दहाल**
सञ्चालक

सञ्चालक श्री महेश प्रसाद दहालज्यू स्वतन्त्र सञ्चालकको रुपमा बैंकको सञ्चालक समितिमा रहनुभएको छ। उहाँ नेपाल सरकारको सचिव पदबाट सेवा निवृत्त कर्मचारी हुनुहुन्छ। निजामती सेवामा तीन दशकभन्दा बढीको अनुभव हासिल गर्नुभएको उहाँले सरकारी सेवाको दौरान विभिन्न पदमा रही नेतृत्वदायी भूमिका प्रदान गरिसक्नुभएको छ। रक्षा मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय समेतमा सचिवको जिम्मेवारी पूरा गर्नुभएको उहाँसँग राजश्व परामर्श समितिको कार्यकारी अध्यक्ष भएर कार्य गरिसक्नु भएको अनुभव रहेको छ। हाल उहाँ विभिन्न सामाजिक तथा आर्थिक क्षेत्रमा क्रियाशील हुनुहुन्छ। उहाँले एम. बि. ए. तथा एम. पि.ए. सम्मको उच्च शिक्षा हासिल गर्नुभएको छ।



**अनुज अग्रवाल**
अध्यक्ष, सञ्चालक समिति

# सञ्चालक समितिको
# आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**
**यस बैंकको छैटौं वार्षिक साधारण सभामा पाल्नुभएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट धन्यवाद ज्ञापन गर्दै हार्दिक स्वागत गर्न चाहन्छु।**

**नेपालको एकमात्र पूर्वाधार विकास बैंकको रुपमा रहेको यस बैंकले स्थापना कालदेखि नै नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक लगायत नियमनकारी निकायहरुबाट प्राप्त निरन्तर मार्गनिर्देशन र यहाँहरुले देखाउनुभएको अपार विश्वासको फलस्वरूप बैंक आफ्नो मूल लक्ष्य अनुरुप समसामयिक एवम् दीर्घकालीन रणनीति तय गर्दै उपयुक्त पूर्वाधारका परियोजनाहरुमा कर्जा एवम् पुँजी लगानी गर्दै लगानीको दायरालाई विस्तार गरिरहेको छ। बैंक संचालनको छैटौं वर्ष पूरा हुन लाग्दासम्मको व्यवसायिक गतिविधि एवम् बैंकको रणनीतिक विषयहरु सहित आर्थिक बर्ष २०८०/८१ को वासलात, नाफा-नोक्सान हिसाब, अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू यस गरिमामय सभा मार्फत प्रस्तुत गर्न पाउँदा म अत्यन्तै हर्षित भएको छु। अब म यस सभासँग प्रचलित ऐन, नियम अनुसार तयार गरिएको आ.व. २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

## क) समीक्षा अवधिको कारोवारको सिंहावलोकन

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुमा देखिएको अधिक तरलताको निरन्तरता र सोको कारण ब्याजदरमा आएको कमी जस्ता विषयहरुले बैंकिङ्ग व्यवसाय पूर्व अनुमानयोग्य बन्न नसकेको विषय हामी सबैलाई विदितै छ। परिवर्तित परिस्थितिमा व्यवसाय विस्तारमा मात्र आक्रामक नभई संयमितरुपले तय भएका कार्यदिशा अनुरुपका लक्षहरु हासिल गर्दै मूलतः सवल र सुरक्षित बैंकको रुपमा संस्थालाई सवलीकरण गर्दै लैजान बैंक संञ्चालक समिति सदैव सजग रहेको व्यहोरा यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु। यद्यपी, जोखिम व्यवस्थापनको विषयलाई केन्द्रमा राखी बैंकले लगानी गर्न उपयुक्त देखिएका पूर्वाधारका परियोजनाहरुलाई सूक्ष्म अध्ययन - विश्लेषण गरी समीक्षा अवधिमा बैंकले कर्जा प्रवाह बृद्धि गरेको छ। माथि उल्लिखित परिवेशका बीच बैंकले आ.व. २०८०/८१ मा प्राप्त गरेका उपलब्धीहरु सहित कारोबारको संक्षिप्त सिंहावलोकन पेश गर्ने अनुमति चाहन्छु।

### पुँजी संरचना

समीक्षा अवधिमा बैंकको पुँजीगत संरचनामा कुनै फेरबदल भएको छैन। बैंकको अधिकृत पुँजी, चुक्ता पुँजी र जारी पुँजी साविक बमोजिम नै क्रमशः रु.४०,००,००,००,०००/- (चालिस अर्ब रुपैंया मात्र), रु.२१,६०,००,००,०००/- (एक्काईस अर्ब साठी करोड रुपैंया मात्र) र रु.२१,६०,००,००,०००/- (एक्काईस अर्ब साठी करोड रुपैंया मात्र) रहेको छ।

संस्थापक र सर्वसाधारण गरी दुईभागमा वर्गीकरण गरिएको बैंकको शेयरमा नेपाल सरकारको १० प्रतिशत सहित संस्थापक शेयरधनीहरुको स्वामित्व ६० प्रतिशत र सर्वसाधारण शेयरधनीहरुको स्वामित्व ४० प्रतिशत रहेको छ।

### कर्जा लगानी

बैंकलाई जारी भएको निर्देशन र बैंक स्थापनाको उद्देश्य अनुरुप बैंकले मुलुकमा विकास गर्न सकिने सामाजिक तथा आर्थिक क्षेत्रका ठूला परियोजनाहरुमा लगानी जुटाउन अग्रणी भूमिका निर्वाह गर्न सुरुवात गरेको अध्ययन, नीति पैरवी र सरोकारवालाहरुसँगको सहकार्यलाई निरन्तरता दिदैं समीक्षा अवधिसम्ममा ऊर्जा, पर्यटन, सिमेन्ट, स्वास्थ्य, सूचना प्रविधि लगायतका परियोजनाहरुमा रु.३० अर्ब ९५ करोड कर्जा स्वीकृत गरी रु.२१ अर्ब १४ करोड कर्जा रकम प्रवाह भएको छ। अघिल्लो आ.व.मा बैंकको कर्जा प्रवाह रकम रु.२० अर्ब ३३ करोड रहेको थियो।

### स्रोत संकलन

समीक्षा अवधि अर्थात आ.व. २०८०/८१ सम्ममा बैंकसँग मुद्दती निक्षेप र ऊर्जा ऋणपत्र मार्फत रु.२ अर्ब ७८ करोड ९८ लाख रहेको जुन अघिल्लो आ.व.मा रु. २ अर्ब ९८ करोड ९८ लाख रहेको थियो। साविकको रु.२० करोड बराबरको मुद्दती निक्षेप परिपक्व भई भुक्तानी भएको र बैंकसँग लगानीयोग्य स्रोत प्रर्याप्त रहेको कारणले समीक्षा अवधिमा थप स्रोत संकलन नगरिएको हुनाले स्रोतमा कमी आएको छ।

### बैंकहरुको मुद्दती निक्षेप तथा सरकारी ऋणपत्रमा भएको लगानी

नेपाल राष्ट्र बैंकबाट पूर्वाधार विकास बैंकको लागि जारी भएको एकीकृत निर्देशनको व्यवस्था बमोजिम कर्जामा भएको प्रवाह रकम पश्चात बाँकी रहेको स्रोतलाई विभिन्न 'क' वर्गका बैंकहरुको मुद्दती निक्षेपमा रु. २ अर्ब ९६ करोड र सरकारी ऋणपत्र/ टी-बिलहरुमा रु. ३ अर्ब १२ करोड गरी जम्मा रु. ६ अर्ब ८ करोड लगानी गरिएको छ। अघिल्लो वर्षको सोही अवधीमा जम्मा रु.७ अर्ब १५ करोड रहेको थियो।

**कूल सम्पत्ति**

समीक्षा अवधिमा बैंकको कूल सम्पत्ति रु.२८ अर्ब ३७ करोड रहेको छ, जुन गत आ.व.मा रु.२७ अर्ब ९२ करोड रहेको थियो ।

**व्याज आम्दानी**

बैंकको समीक्षा अवधिमा व्याज आम्दानी रु. २ अर्ब ७८ करोड रहेको छ, जुन गत आ.व. मा रु. २ अर्ब ८७ करोड रहेको थियो । समीक्षा अवधिमा कर्जा तथा लगानीहरुको ब्याजदरमा आएको कमीको कारणले मूलतः समीक्षा अवधिमा ब्याज आम्दानीमा कमी आएको छ । बैंकले कर्जा लगानीमा बढोत्तरी गर्दै ब्याज आम्दानी वृद्धि गराउँदैं लैजाने नीति लिएको छ

**फी तथा कमिशन आम्दानी**

बैंकले आर्जन गरेको खुद मुनाफामा फी तथा कमिशन आम्दानीको हिस्सा रु.१ करोड १८ लाख रहेको छ, जुन अघिल्लो आ.व.को सोही अवधिमा रु.२ करोड २८ लाख रहेको थियो ।

**खुद नाफा**

समीक्षा अवधि अर्थात आ.व. २०८०/८१ मा बैंकको खुद नाफा रु. १ अर्ब ३३ करोड रहेको छ, जुन गत आ.व.मा रु. १ अर्ब ४० करोड रहेको थियो । समीक्षा अवधिमा कर्जा तथा लगानीहरुको ब्याजदरमा आएको कमी र भविष्यमा कर्जाहरुले नियमित चुक्ता भुक्तान गर्न नसक्ने अवस्थामा बैंकले गर्नुपर्ने कर्जा नोक्सानीको व्यवस्थालाई सुरुवाती अवस्थादेखि नै क्रमिकरुपमा व्यवस्था गर्दै जाने अवधारणा अनुरुप थप कर्जा नोक्सानी व्यवस्था गरेको कारण समीक्षा अवधिमा बैंकको खुद नाफा घटेको छ ।

**प्रति शेयर खुद सम्पत्ति**

समीक्षा अवधिमा बैंकको प्रति शेयर खुद सम्पत्ती रु ११३.५३ रहेको छ, जुन गत आ.व.मा रु. ११०.२९ रहेको थियो ।

**प्रति शेयर आम्दानी**

समीक्षा अवधिमा बैंकको प्रति शेयर आम्दानी रु. ६.१६ रहेको छ, जुन गत आ.व.मा रु. ६.४८ रहेको थियो ।

**निष्कृय कर्जा**

समीक्षा अवधिसम्म बैंकले रु.१८.७४ लाख बराबरको कर्जा रकम निष्कृय वर्गमा वर्गीकरण गरेको छ, जुन कूल कर्जाको प्रतिशतको हिसाबले ०.००८९% हुन आउँछ ।

**कर्जा अपलेखन**

समीक्षा अवधिसम्म बैंकले कर्जा अपलेखन गरेको छैन ।

## (ख) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय आर्थिक परिदृश्य

समीक्षा अवधिको कारोवारको सिंहावलोकन पश्चात बाह्य तथा आन्तरिक गतिविधिहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अर्थतन्त्रमा परेको प्रभाव र सोबाट उत्पन्न चुनौती एवम् सम्भावना संक्षेपमा चर्चा गर्ने अनुमति चाहन्छु ।

**१. विश्व अर्थतन्त्र**

उच्च मुद्रास्फीति नियन्त्रण गर्न अवलम्बन गरिएको कसिलो मौद्रिक नीतिबाट मन्दीतर्फ धकेलिएको विश्व अर्थतन्त्र अनुमान गरिएभन्दा सुदृढ रहनगएको छ । यद्यपि, कोभिड महामारीको दीर्घकालीन प्रभाव र रुस-युक्रेनका साथै मध्यपूर्वमा जारी भूराजनीतिक तनावले विश्वको आर्थिक वृद्धि कमै रहने आँकलन रहेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२५ मा विश्व अर्थतन्त्र र विकसित अर्थतन्त्रको आर्थिक वृद्धिमा सामान्य सुधार आउने र उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको वृद्धिदर स्थिर रहने प्रक्षेपण गरेको छ । विश्व अर्थतन्त्रको वृद्धिदर सन् २०२३ मा ३.३ प्रतिशत रहेकोमा सन् २०२४ मा ३.२ प्रतिशत र सन् २०२५ मा ३.३ प्रतिशत रहने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ । सन् २०२३ मा १.७ प्रतिशतले विस्तार भएको विकसित अर्थतन्त्र सन् २०२४ मा पनि १.७ प्रतिशतले र सन् २०२५ मा १.८ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ । त्यसैगरी, सन् २०२३ मा ४.४ प्रतिशतले विस्तार भएको उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको वृद्धिदर सन् २०२४ र सन् २०२५ मा ४.३ प्रतिशतले वृद्धि हुने कोषको प्रक्षेपण छ ।

विश्व अर्थतन्त्रको मुद्रास्फीतिमा क्रमिक सुधार हुँदै गएको छ । विकसित अर्थतन्त्रहरुको मुद्रास्फीतिमा उल्लेख्य सुधार भई लक्ष्यउन्मुख रहेका छन् भने उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको मुद्रास्फीति भने अझै उच्च रहेको छ । सन् २०२३ मा विश्व अर्थतन्त्रको उपभोक्ता मुद्रास्फीति ६.७ प्रतिशत रहेकोमा सन् २०२४ मा ५.९ प्रतिशत र सन् २०२५ मा ४.४ प्रतिशत रहने कोषले प्रक्षेपण गरेको छ । विकसित अर्थतन्त्रको मुद्रास्फीति सन् २०२३ मा ४.६ प्रतिशत रहेकोमा सन् २०२४ मा २.७ प्रतिशत र २०२५ मा २.१ प्रतिशत हुने कोषको प्रक्षेपण छ । त्यसैगरी, उदीयमान तथा विकासशील अर्थतन्त्रको मुद्रास्फीति सन् २०२३ मा ८.३ प्रतिशत रहेकोमा सन् २०२४ मा ८.२ प्रतिशत र सन् २०२५ मा ६.० प्रतिशत हुने प्रक्षेपण छ । सन् २०२३ मा भारत र चीनको औसत मुद्रास्फीति क्रमशः ५.४ प्रतिशत र ०.२ प्रतिशत रहेकोमा सन् २०२४ मा क्रमशः ४.६ प्रतिशत र १.० प्रतिशत रहने कोषको प्रक्षेपण छ । सन् २०२५ मा भारत र चीनको औसत मुद्रास्फीति क्रमशः ४.२ प्रतिशत र २.० प्रतिशत रहने कोषको प्रक्षेपण छ ।

*(स्रोतः नेपाल राष्ट्र बैंकबाट सार्वजनिक आ.व. २०८१/८२ को मौद्रिक नीतिमा आधारित)*

**२. देशको अर्थतन्त्र**

नेपाल सरकारले आर्थिक वर्ष २०८१/८२ को लागि रु. १८ खर्ब ६० अर्ब ३० करोडको बजेट विनियोजन गरेको छ । बजेट घाटा पूर्तिको लागि आन्तरिक ऋणबाट रु.३३० अर्ब व्यहोरिने प्रस्ताव छ । आन्तरिक ऋण भुक्तानीको लागि रु.२४५ अर्ब ७८ करोड विनियोजन गरिएकोले आर्थिक वर्ष २०८१/८२ मा खुद आन्तरिक ऋण रु.८४ अर्ब २२ करोड परिचालन हुने देखिन्छ । त्यस्तै, नेपाल सरकारले बजेटमार्फत आर्थिक वर्ष २०८१/८२ मा ६.० प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको छ । संघ, प्रदेश तथा स्थानीय तहहरुको बजेटमा उल्लिखित खर्च र नीति तथा कार्यक्रमहरु कार्यान्वयन भएमा आर्थिक गतिविधि चलायमान हुने

अपेक्षा गर्न सकिन्छ। यससँगै, निजीक्षेत्रको लगानीसमेत बढ्न गई लक्षित आर्थिक वृद्धि हासिल हुन सहयोग पुग्ने देखिन्छ।

अर्थतन्त्रमा मुद्रास्फीति लक्षित सीमाभित्र आएको, बाह्य क्षेत्र सुधार भई विदेशी विनिमय सञ्चिति उल्लेख्य बढेको र ब्याजदर उल्लेख्य घटेको अवस्था छ। बैंक तथा वित्तीय संस्थाहरुसँग लगानीयोग्य साधन बढ्दै गए पनि कर्जा विस्तार अपेक्षित रुपमा बढ्न सकेको छैन। कर्जाको ब्याजदर कम भएको अवस्थामा समेत आन्तरिक मागमा उल्लेख्य सुधार हुन नसकेको स्थितिमा मौद्रिक नीतिमार्फत मात्र कर्जाको माग सुधार गर्न कठिन हुने हुन्छ। मौद्रिक सहजीकरणमार्फत अर्थतन्त्रको समष्टिगत माग विस्तारको लागि अधिक प्रयत्न गरिँदा सोहीअनुरुप वास्तविक क्षेत्रमा सुधार नहुने हो भने वित्तीय स्थायित्व जोखिममा पर्न सक्ने हुन्छ। यस्तो अवस्थामा मौद्रिक नीतिमार्फत अल्पकालीन सहजता कायम गर्दै दीर्घकालीन वित्तीय स्थायित्व हासिल गर्ने चुनौती रहेको छ।

विश्वभर केन्द्रीय बैंकहरुले सन् २००८ को वित्तीय संकट र कोभिड-१९ जस्तो विषम परिवेशमा अवलम्बन गरेका गैर-परम्परागत नीतिगत व्यवस्थाहरु अर्थतन्त्र लयमा फर्किएसँगै हटाएका छन्। नेपाल राष्ट्र बैंकले समेत कोभिड-१९ को विषम परिस्थितिमा गैर-परम्परागत नीतिगत उपायहरु अवलम्बन गरी आर्थिक क्रियाकलापलाई निरन्तरता दिन सघाऊ पुऱ्याएको र आर्थिक-सामाजिक क्रियाकलापको लागि अवस्था सहज भएसँगै उक्त व्यवस्थाहरु क्रमशः हटाएको छ। यद्यपि, अधिक तरलता रहेको स्थितिमा कर्जाको माग बढाउन र आर्थिक समस्याहरु समाधान गर्न अन्य नीतिहरुको सक्रियता पनि आवश्यक भएको देखिन्छ।

आर्थिक वर्ष २०८१/८२ का लागि मुद्रास्फीति ५.५ प्रतिशतको अनुमान नेपाल सरकारको बजेटमा उल्लेख छ। भारतीय रिजर्भ बैंकले सन् २०२४/२५ को लागि ४.५ प्रतिशत मुद्रास्फीति प्रक्षेपण गर्दै लक्षित ४.० प्रतिशतको मुद्रास्फीति कायम गर्न यसअघि लिइएको कसिलो कार्यदिशालाई कायमै राखेको छ। पछिल्ला महिनाहरुको मुद्रास्फीतिको प्रवृत्ति विश्लेषण र भारतीय मुद्रास्फीतिको परिदृश्य हेर्दा आर्थिक वर्ष २०८१/८२ मा नेपालको मुद्रास्फीति ५.० प्रतिशतको हाराहारीमा रहने प्रक्षेपण छ। यद्यपि, बाह्य कारणबाट खाद्यान्न र इन्धनजस्ता अत्यावश्यक वस्तुको मूल्य वृद्धि भएमा त्यसबाट मुद्रास्फीतिमा पुनः चाप पर्नसक्ने जोखिम हुने देखिन्छ।

*(स्रोतः नेपाल राष्ट्र बैंकबाट सार्वजनिक आ.व. २०८१/८२ को मौद्रिक नीतिमा आधारित)*

## ३. बैंक तथा वित्तीय क्षेत्रको अवस्था

२०८१ साल असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा रु.१२८ अर्ब ६५ करोड (२.५ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा रु.१०९ अर्ब ३ करोड (२.३ प्रतिशत) ले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ साल असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजीक्षेत्रतर्फ प्रवाहित कर्जा ६.० प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा २०८१ भदौ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजीक्षेत्रतर्फ प्रवाहित कर्जा ६.६ प्रतिशतले बढेको छ।

आर्थिक वर्ष २०८१/८२ को तीन महिनामा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहेको कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा २.३ प्रतिशतले, निर्माण क्षेत्रतर्फको कर्जा २.२ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा २.३ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा ४.७ प्रतिशतले, सेवा उद्योग क्षेत्रतर्फको कर्जा २.६ प्रतिशतले र उपभोग्य क्षेत्रतर्फको कर्जा २.२ प्रतिशतले बढेको छ भने कृषि क्षेत्रतर्फ प्रवाह भएको कर्जा ०.४ प्रतिशतले घटेको छ।

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप रु. १७० अर्ब (२.६ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप रु.१५८ अर्ब ५० करोड (२.८ प्रतिशत) ले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप १२.८ प्रतिशतले बढेको छ। २०८१ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कूल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ५.४ प्रतिशत, ३२.७ प्रतिशत र ५४.८ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६.७ प्रतिशत, २६.७ प्रतिशत र ६०.२ प्रतिशत रहेको थियो। २०८१ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कूल निक्षेपमा संस्थागत निक्षेपको अंश ३५.८ प्रतिशत रहेको छ। २०८० असोज मसान्तमा यस्तो निक्षेपको अंश ३६.० प्रतिशत रहेको थियो।

२०८१ असोजमा वाणिज्य बैंकहरुको औसत आधार दर ७.२९ प्रतिशत, विकास बैंकहरुको ९.१३ प्रतिशत र वित्त कम्पनीहरुको १०.३५ प्रतिशत रहेको छ। २०८० असोजमा वाणिज्य बैंकहरुको औसत आधार दर ९.९४ प्रतिशत, विकास बैंकहरुको १२.३० प्रतिशत र वित्त कम्पनीहरुको १३.६५ प्रतिशत रहेको थियो।

२०८१ असोजमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ५.२४ प्रतिशत, विकास बैंकहरुको ५.९४ प्रतिशत र वित्त कम्पनीहरुको ७.२१ प्रतिशत रहेको छ। २०८० असोजमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ७.९० प्रतिशत, विकास बैंकहरुको ९.३६ प्रतिशत र वित्त कम्पनीहरुको १०.१९ प्रतिशत कायम भएको थियो। त्यसैगरी, २०८१ असोजमा वाणिज्य बैंकहरुको कर्जाको भारित औसत ब्याजदर ९.३३ प्रतिशत, विकास बैंकहरुको १०.६३ प्रतिशत र वित्त कम्पनीहरुको ११.८६ प्रतिशत रहेको छ। २०८० असोजमा वाणिज्य बैंकहरुको कर्जाको भारित औसत ब्याजदर १२.११ प्रतिशत, विकास बैंकहरुको १३.९१ प्रतिशत र वित्त कम्पनीहरुको १४.६१ प्रतिशत रहेको थियो।

*(स्रोतः नेपाल राष्ट्र बैंकबाट प्रकाशित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति आ.व. २०८१/८२ को तिन महिनाको तथ्याङ्कमा आधारित)*

## ४.मुलुकका पूर्वाधार सम्बन्धी परियोजनाहरुको परिदृष्य र सोमा लगानीयोग्य स्रोत व्यवस्थापनको उपाय

चालु आ.व.को बजेट मार्फत नेपाल सरकारले उद्योग र लगानी सम्बन्धी कानून परिमार्जन, नीतिगत स्थायित्व एवम् लगानी सुरक्षाको प्रत्याभूति, कन्ट्री रेटिङ्ग, द्विपक्षिय लगानी र दोहोरो करमुक्ती सम्झौता, प्रविधि हस्तान्तरण वापत विदेशमा लैजान पाउने सेवा शुल्कको सीमा

वृद्धि, विदेशमा प्रविधि हस्तान्तरण गरी आर्जित आयलाई निश्चित सीमासम्म पुनःविदेशमा लगानी गर्न पाउने व्यवस्था र ससानो पुँजी संकलन गरी उद्यम तथा पूर्वाधार विकासमा लगानी गर्ने कम्पनी स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरी व्यावसायिक बातावरण सुधार गर्ने लक्ष्य लिएको छ।

यसैगरी विप्रेषणलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न सोभरेन वेल्थ फण्ड स्थापना गर्ने लक्ष्य लिएको छ। यो कोषलाई सार्वजनिक पूर्वाधार लगानीको परिपुरकको रुपमा स्पेशल पर्पस भेहिकल (SPV) मार्फत उपयोग गर्ने लक्ष्य लिएको छ। साथै विकसित अन्तर्राष्ट्रिय परिदृष्य र प्राप्त अनुभवका आधारमा नयाँ विकास सहायता नीति तर्जुमा गर्ने तथा व्यापारिक, निजी, गैरसरकारी कोष तथा अनुदान र सहुलियतपूर्ण ऋण सहायतालाई मिश्रित गरी सम्मिश्रित वित्त विधि (Blended Finance) को अवधारणामा विकास सहायता परिचालनको अपेक्षासहित यस फण्ड मार्फत क्षमता अभिबृद्धि र पूर्वाधारका परियोजनाहरुको पाइपलाइन बनाउने र सोमा लगानी भित्र्याउन प्रोजेक्ट रेडिनेसको लागि आवश्यक अध्ययन गर्ने गरी उपयोग गरिने गरी फण्ड स्थापना हुनेछ।

'प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम' मार्फत स्वेदेशी उत्पादन प्रोत्साहन गर्ने, मेक इन नेपाल र मेड इन नेपाल अभियानमा निजीक्षेत्रसँग सहकार्य एवम् उत्पादनमूलक उद्योग र पर्यटन उद्योग स्थलसम्म पहुँच मार्ग, प्रसारण लाईन, नियमित विद्युत सेवा र इन्टरनेट सेवा लगायतका पूर्वाधार पुऱ्याउन सरकारबाट निजीक्षेत्र सहित सम्पूर्ण सरेकारवालाहरुसँग सहकार्य र साझेदारीमा अघि बढ्ने विषयले बजेटको कार्यान्वयन हुँदा निजी क्षेत्रबाट पूर्वाधार निर्माणमा उल्लेख्य भूमिका निर्वाह गर्ने अवसर मिल्ने देखिन्छ।

**४.१ मुलुकको मुख्य पूर्वाधारहरुको स्थिति**

हामीले निजी एवम् सार्वजनिक पूर्वाधारका परियोजनाहरुमा चाहिने लगानी योग्य रकमको लागि स्रोत पहिचान र परिपूर्ति गर्नका लागि सम्भाव्यता रहेका परियोजनाहरुको अध्ययन र विश्लेषण गरी उपयुक्त देखिएका केही परियोजनाहरुमा सार्वजनिक-निजी साझेदारीको अवधारणामा लगानी गर्न आवश्यक नीतिगत व्यवस्था हुनको लागि सरोकारवालाहरुसँग छलफल र सहकार्य अघि बढाएका छौं। यसै सन्दर्भमा मुलुकभित्रका पूर्वाधारहरुको सूक्ष्म अध्ययन गरी कुन कुन क्षेत्रमा लगानीको आवश्यकता छ भन्ने विषयमा बैंकले नियमित समीक्षा गर्ने गरेको छ। यसको लागि बैंकले नेपाल सरकारको चालु आ.व. को बजेट, नेपाल राष्ट्र बैंकबाट जारी मौद्रिक नीतिका लक्ष्य एवम् उद्देश्यलाई समेत मनन् गरी पूर्वाधारका परियोजनाहरु सम्बन्धी प्रकाशित प्रतिवेदनहरुलाई नियमितरुपमा अध्ययन गर्ने गर्दछ। जसअनुसार, मुलुकभित्रका मुख्य पुर्वाधारहरुको अवस्था निम्न बमोजिम रहेको देखिन्छ।

**सडक :**

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको सडक विभागको तथ्याङ्क अनुसार, आर्थिक वर्ष २०७९/८० सम्ममा ७६ जिल्लामा यातायात सञ्जालको पहुँच पुगेको छ भने कूल ८० वटा राजमार्ग कायम रहेका छन्। उक्त राजमार्गहरुको कूल लम्बाई १४ हजार ९ सय ४३ कि. मि. रहेको छ, सो मध्ये ७ हजार ६ सय ७५ कि. मि. दुई लेन कालोपत्रे स्तरमा रहेका छन् भने २ सय ३० कि. मि. ४/६ लेनमा स्तरोन्नती भएका छन्। विगत १० बर्षमा सडक विभाग अन्तर्गत ७ हजार ८४ कि. मि. सडक कालोपत्र, ७ हजार ५४ कि. मि. ग्राभेल र ५ हजार ७ सय १२ कि. मि. नयाँ ट्रयाक निर्माण सम्पन्न भएको र १ हजार ३ सय ६७ पुलहरुको निर्माण सम्पन्न भएको छ। साथै, सडक पूर्वाधारको निर्माणमा फ्लाईओभर, अण्डरपास, सुरुङ्गमार्ग, द्रुतमार्गहरु जस्ता परियोजनाहरुको निर्माण पनि थालनी गरिएको परिवेशमा यस प्रकृतिको बैंकले सडक सञ्जालको निर्माण एवम् संचालनमा समेत आगामी दिनमा Hybrid Annuity Model, Viability Gap Funding, Assets Monetization जस्ता अवधारणामा लगानी गर्न सक्ने सम्भावना देखिएको छ।

**सिँचाई र ढल व्यवस्थापन:**

आर्थिक वर्ष २०८९/९० मा सम्पन्न गर्ने लक्ष्य लिएको सिक्टा सिँचाई आयोजनाको २०८० साल पुस मसान्तसम्म भौतिक उपलब्धि ४०.५ प्रतिशत र वित्तीय प्रगति ३८.६ प्रतिशत रहेको छ। लुम्बिनी प्रदेशको बाँके जिल्लामा अवस्थित उक्त सिँचाई आयोजना अगैया स्थित राप्ती नदीमा बाँध निर्माणगरी ४२ हजार ७६६ हेक्टर भूमिमा भरपर्दो सिंचाइको लागि पानी उपलब्ध गराउन यो आयोजना निर्माण भएको पाइन्छ। त्यस्तै कञ्चनपुर र कैलाली जिल्लामा करीब ३३,५२० हेक्टर भू-भागमा सिँचाई सुविधा उपलब्ध गराउने उद्देश्यले करीब रु. ३५ अर्ब लागत रहेको निर्माणाधिन महाकाली सिँचाई आयोजनाको २०८० पुस मसान्तसम्मको भौतिक प्रगति २० प्रतिशत र वित्तीय प्रगति २० प्रतिशत रहेको छ। आ.व. २०८४/८५ मा सम्पन्न गर्ने संशोधित लक्ष्य रहेको भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको २०८० पुस मसान्तसम्म भौतिक उपलब्धि ६५.७ प्रतिशत र वित्तीय प्रगति ४६.५ प्रतिशत रहेको छ।

मध्य तथा पूर्वी तराई भेगको १ लाख २२ हजार हेक्टर भूमिमा बाह्रै महिना सिँचाई सुविधा पुऱ्याउने लक्ष्य रहेको सुनकोशी-मरिन डाइभर्सन बहुउदेश्यीय आयोजना निर्माणको अन्तिम चरणमा रहेको छ। यस आयोजनाबाट ४० मेगावाट जलविद्युत् उत्पादन गर्ने लक्ष्य लिइएको छ। यसैगरी ढल व्यवस्थापन तर्फ काठमाडौ उपत्यकाको धोवीघाट, बालकुमारी र सल्लाघारीमा Sewerage Treatment Plant स्थापना गर्ने सरकारको कार्यक्रम रहेको छ।

**आ.व. २०७९/८० सम्म कायम रहेको राजमार्गको संख्या**

**८०**

**विगत १० वर्षमा कालोपत्र गरिएको सडक**

**७ हजार ८४ कि.मि.**

**जलविद्युत तथा प्रसारण लाइन :**
नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेटले आगामी आर्थिक वर्ष ९ सय मेगावाट विद्युत थप गरी राष्ट्रिय प्रणालीको विद्युत क्षमता ४ हजार ५ सय मेगावाट पुऱ्याउने र प्रतिव्यक्ति विद्युत खपत ४ सय ५० युनिट पुऱ्याउने लक्ष्य लिएको छ । त्यसैगरी आगामी आर्थिक वर्षदेखि बंगलादेशमा विद्युत निर्यात गर्ने व्यवस्था मिलाउने, हेटौडा-ढल्केबर-इनरुवा र खिम्ति -बाह्रबिसे-लप्सिफेदी ४ सय के.भी. प्रसारण लाइनको निर्माण कार्य सम्पन्न गर्ने जस्ता परियोजनाहरु बजेटमा समावेश गरिएका छन् ।

ठूला जलाशययुक्त परियोजनाहरुलाई ड्याम र विद्युत उत्पादन केन्द्रलाई छुट्याई निजी क्षेत्रलाई समावेश गराउने Vertical Seperation जस्ता नवीनतम मोडलमा परियोजनाको विकास गर्ने लक्ष्य बजेटले लिएको छ । साथै, निर्माणाधीन परियोजनाहरुबाट थप १०० मे.वा. बराबरको सौर्य ऊर्जा उत्पादन गर्ने, ग्रिन हाइड्रोजनबाट ऊर्जा उत्पादन गर्ने जस्ता बजेटका लक्ष्यहरुले समेत निजी क्षेत्रको लगानी ऊर्जा क्षेत्रमा बढोत्तरी गर्ने देखिन्छ । साथै हालैमा बोलकबोल विधि मार्फत थप ९६० मे.वा. बराबरको सौर्य ऊर्जा उत्पादन गर्ने ६४ परियोजनाहरु निजी क्षेत्रलाई छनौट गरिनुले विद्युत उत्पादनमा तीब्रता आउने देखिन्छ ।

**राष्ट्रिय गौरवका आयोजनाहरु :**
राष्ट्रिय गौरवका केही आयोजनाहरु लामो समयसम्म सम्पन्न हुननसकेको अवस्था छ । आर्थिक वर्ष २०८०/८१ मा पनि धेरैजसो राष्ट्रिय गौरवका आयोजनाहरुको कार्यसम्पादन प्रगति सुस्त रहेको छ । निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, जयनगर-जनकपुर-कुर्था रेलवे, काठमाडौ-तराई मधेस द्रूतमार्ग सडक आयोजनाहरुको प्रगति सुस्त नै रहेको छ ।

## ४.२ पूर्वाधार क्षेत्रमा लगानी विस्तार गर्न देखिएको चुनौती र अवसर

**चुनौती**
पूर्वाधार क्षेत्रका आयोजनाहरु निर्माणको क्रममा घर/जग्गा मुआब्जा सम्बन्धी विवादको शीघ्र समाधान गर्नु, मूलतः सार्वजनिक पूर्वाधार निर्माणमा कम लागतको दीर्घकालिन स्थिर पुँजी परिचालन गर्नु, अन्तर्राष्ट्रिय लगानी आकर्षित गर्नु, पूर्वाधार निर्माण आयोजना निर्धारित समय र लागतमा निर्धारित गुणस्तरसहित सम्पन्न गर्नु, कठिन भू-बनोटको कारणले अत्यावश्यक भौतिक पूर्वाधारहरुको निर्माण तथा पुनर्निर्माण कार्यहरुको लागत बढ्नु आदी प्रमुख चुनौतिहरु रहेका छन् । यसैगरी, रुख कटान तथा जग्गा भोगाधिकारको स्वीकृतिमा जटिलता हुनु तथा क्षतिपूर्ति लगायत मुआब्जामा समस्या देखिनु, प्राकृतिक प्रकोप (बाढी, पहिरो) तथा भौगोलिक विकटताका कारण पूर्वाधार निर्माण कार्य ढिलाई हुनुका साथै निर्माण व्यवसायीहरुको दक्षता अभिवृद्धि गरी पूर्वाधार विकासमा तिव्रता ल्याउने जस्ता विषयहरुले पनि पूर्वाधारको निर्माण र लगानी विस्तारमा थप कठिनाई हुने गरेको छ । पूर्वाधार विकासमा सरकार सहित निजीक्षेत्र, अन्य सरोकारवाला निकाय र सर्वसाधारणबीच राम्रो समन्वयको आवश्यकता पर्दछ । यस सन्दर्भमा उक्त समन्वयकारी भूमिका निर्वाह गर्ने छुट्टै तालुक निकायको अभावमा सामाजिक स्तरबाट उत्पन्न हुने विषय र चुनौतीहरुको समाधान गर्न बढी समय र लागत लाग्ने गरेको विषयले पनि पूर्वाधार निर्माणलाई थप चुनौतीपूर्ण बनाउने गरेको छ । पूर्वाधारका परियोजनाहरुको पाइपलाइन तयार गर्नु, निजीक्षेत्रको लगानी सहभागितामा अपेक्षा गरिए अनुरुप सार्वजनिक पूर्वाधारहरुको लगानी संरचना तयार नहुनु र पूर्वाधारका आयोजनाहरुमा आवश्यक कामदार, विशेषज्ञहरुको उपलब्धता सुनिश्चित गरी आवश्यक कच्चा पदार्थ, मेशिन र उपकरणको सहज आपूर्ति गर्ने विषयहरु पनि हाम्रो लागि चुनौतीपूर्ण रहेका छन् ।

**अवसर**
ऊर्जाको उत्पादन, प्रसारण, वितरण र बजारीकरण गर्ने, उत्पादनतर्फ जलाशययुक्त ठूला परियोजनाहरुलाई Vertical Separation/ Commercial Blending बिधि मार्फत निर्माण एवम् सञ्चालन गर्ने, विद्युत करिडोरमा आधारित भई उत्पादन, प्रसारण, वितरण र बजारीकरण समेतलाई समेटी Special Purpose Vehicle (SPV) मार्फत ऊर्जा बजार प्रबर्द्धन गर्ने, सुविधायुक्त शहरी पूर्वाधारहरु निर्माण गर्ने, अन्तर्राष्ट्रिय र क्षेत्रीयस्तरका विमानस्थलहरुलाई Monetization गर्ने लगायत सिँचाई, सडक, पर्यटनका पूर्वाधारहरुमा ऋण उपकरणहरु मार्फत वित्तीय पहुँच फराकिलो गर्ने जस्ता सम्भावनाहरु पर्याप्त छन् । मुलुकको प्राथमिकतामा रहेका पूर्वाधारहरुमा द्विपक्षीय तथा बहु-पक्षीय विकास साझेदारबाट लगानी प्रबर्द्धन गर्दै स्वदेशी एवम् विदेशी वित्त बजारबाट स्थिर प्रकृतिको कम लागतको दीर्घकालिन लगानीयोग्य स्रोत जुटाउन सकिने देखिन्छ । मूलतः पुँजी बजारमा शेयर बाहेकका अन्य नविनतम् उपकरणहरु मार्फत पुँजी/लगानी परिचालन नभएको अवस्थामा थिमेटीक ऋणपत्रहरु (जस्तै पावर बोण्ड, क्लाइमेट बोण्ड, इन्योरर बोण्ड) र डेट/इक्युटी फण्ड मार्फत ठूलो आकारको स्रोत संकलन गर्न सकिन्छ । पूर्वाधार क्षेत्रमा लगानीको श्रोत सुनिश्चित गरी विनियोजित बजेटलाई तोकिएको समयावधिभित्रै परियोजना सम्पन्न गर्न सके उचित प्रतिफल लिन सकिने सम्भावना रहेको छ । जनसाङ्ख्यिक लाभको उपयोग गर्दै युवा जनशक्तिलाई पूर्वाधार विकासको काममा लगाउन सकेमा मुलुकमा पूर्वाधार मार्फत समग्र अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याउन सकिन्छ ।

**२०८१/८२ को बजेटले विद्युत उत्पादन थप गर्न लिएको लक्ष्य**
**९०० मे.वा.**

**२०८१/८२ सम्म पुग्ने राष्ट्रिय प्रणालिको विद्युत क्षमता**
**४५०० मे.वा.**

## (ग) प्रतिवेदन तयार भएको मितिसम्म चालू वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा

चालु आ.व.को प्रतिवेदन तयार भएको मितिसम्म बैंकले जम्मा रु. ३१ अर्ब २० करोडसम्मको कर्जा स्वीकृत गरी रु. २३ अर्ब ७४ करोड सम्मको कर्जा प्रवाह गरेको छ । यसैगरी, स्रोत संकलनतर्फ बैंकले चालु आ.व.मा रु. ५ अर्ब २९ करोड थप मुद्दती निक्षेप स्वीकार गरी मुद्दती निक्षेप जम्मा रु. ५ अर्ब ७९ करोड पुगेको छ। बैकले कम लागतको दीर्घकालिन स्रोत जुटाउने उद्देश्यले ७ वर्ष अवधिको ६ प्रतिशत कुपन दर रहेको रु. ५ अर्बको ऊर्जा ऋणपत्र जारी गर्न नेपाल बैंकबाट स्वीकृति प्राप्त गरी नेपाल धितोपत्र बोर्डमा स्वीकृतिको लागि आवेदन गरेको छ। उक्त ऋणपत्र जारी भए पश्चात् बैंकसँग ऊर्जा ऋणपत्र मार्फत संकलन भएको स्रोत रु. ७ अर्ब २९ करोड हुनेछ।

यसैगरी, चालु आ.व.को प्रतिवेदन तयार भएको मितिसम्म बैंकको कूल सम्पत्ति रु. ३५ अर्ब २६ करोड, व्याज आम्दानी रु. ८१.२२ करोड, व्याज खर्च रु. ९.३ करोड पुगेको छ । समीक्षा अवधिको तुलनामा चालु अवधिमा बैंकका सबै सुचाङ्कहरुमा सकारात्मक बृद्धि भएको र यसलाई थप बढोत्तरी गर्दै लैजाने लक्ष्य सञ्चालक समितिले लिएको छ । यसको लागि आवश्यक व्यवसायिक योजना र सोमा आधारित कार्यक्रमहरु तय गरी सोको सुक्ष्म समीक्षा गर्दै कार्यान्वयनमा लगिएको छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बीत्त बजारमा स्रोतको पहुँच फराकिलो बनाउन बैंकले Green Climate Fund (GCF) को मान्य संस्थाको रुपमा आवद्ध हुन आवेदनको प्रकृया अगाडी बढाएकोमा केही प्रगति सहित प्रकृयामा नै रहेको छ। दीर्घकालिन पुँजी संकलन र पूर्वाधार परियोजनाहरुमा सोको दीर्घकालिन परिचालनको उद्देश्य अनुरुप नै बैंकले आफ्ना व्यवसायिक गतिविधिहरु संचालन गर्दै आईरहेको छ। उल्लेखित उद्देश्यहरु पूर्ति गर्नका लागि निजी र सार्वजनिक क्षेत्रसँग सहकार्यलाई आत्मसात गर्दै संघ, प्रदेश र स्थानीय तहका सरकारहरु, अन्तर्राष्ट्रिय संघ संस्था र मुलुकको पूर्वाधारमा टेवा पुऱ्याउन इच्छुक सरोकारावालाहरुसँग हातेमालो गर्दै मुलुकको पूर्वाधार विकाशमा NODAL संस्थाको रुपमा कार्य गर्न बैंक अग्रसर छ। बैंकले आफ्नो दैनिक व्यवसायिक गतिविधिहरु संचालन गर्दै जाँदा विगत देखि नै पूर्णरुपमा व्यवसायिक मात्र नभई मुलुकका ऐन, कानून, अनुपालन र जोखिम व्यवस्थापनको दृष्टिकोणले सवल रहने विषयलाई प्रमुख बनाई व्यवसायिक गतिविधिहरु संचालन गर्ने गराउने गरिएकोमा समीक्षा अवधिमा समेत यसैलाई निरन्तरता दिईएको छ।

यसैगरी, संस्थागत सामाजिक उत्तरदायित्वलाई समेत महत्व दिँदै विगतमा जस्तै चालु आ.व. मा समेत बैंकले विभिन्न संघ संस्थाहरुलाई नियमित रुपमा सहयोग प्रदान गर्ने गरेको छ। यसको निरन्तरता स्वरुप मिति २०८१ आश्विन ११ र १२ गते परेको अविरल वर्षाको कारण बाढी, पहिरो र डुवानको विपत्तिमा परेकाहरुको खोज, उद्धार र राहत कार्यमा सहयोग पुगोस् भन्ने हेतुले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. २५ लाख सहयोग गरेको, गैर-नाफामूलक संस्थाको रुपमा दर्ता भएको Kathmandu Institute of Child Health ले निर्माण गरिरहेको बाल अस्पतालको संरचना बनाउन रु.५० लाख र हेटौडामा स्थापित मानव सेवा आश्रमलाई सेवा विस्तार गर्न रु.२ लाख आर्थिक सहयोग गरेको छ।

## (घ) कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्ध

बैंकले आफ्नो औद्योगिक एवम् व्यवसायिक दायरालाई विस्तारित पार्दै जानको लागि नेपाल सरकार र सरकारी निकायहरुसँग सम्बन्ध स्थापित गर्ने कार्यलाई थप प्रगाढ बनाएको छ। बैंकले निजी पूर्वाधारका परियोजनाहरुमा लगानी विस्तार गर्ने कार्यका साथ सार्वजनिक पूर्वाधारहरुमा सार्वजनिक तथा निजी साझेदारीको अवधारणा अवलम्वन गर्दै प्रादेशिक तथा स्थानीय सरकारहरुसँग समझदारी गर्दै ऊर्जा, सहरी पूर्वाधार, स्वास्थ्य, विषेश औद्योगिक क्षेत्र लगायतका परियोजनाहरुको सम्भाव्यता अध्ययन कार्य अगाडि बढाएको छ। साथै, बैंकको सम्बन्ध द्विपक्षिय तथा वहुपक्षिय निकायहरु जस्तै विश्व बैंक (World Bank), एसियाली विकास बैंक (ADB), The Foreign, Commonwealth and Development Office (FCDO), जापान अन्तर्राष्ट्रिय सहयोग एजेन्सी (JICA), संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि संगठन (FAO) लगायतका निकायहरुसँग सम्बन्ध स्थापित गरेको छ। मुलुकभित्रका औद्योगिक व्यावसायिक प्रतिष्ठानहरु जस्तै नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, बैंक तथा वित्तीय संस्था परिसंघ, नेपालसँग बैंकले विभिन्न सरोकारका विषयहरुमा सरसल्लाह, सुझाव आदान प्रदान गर्ने गरेको छ। साथै, आगामी दिनमा बैंकको व्यवसायिक दृष्टिकोणले महत्वपूर्ण हुने सम्पूर्ण सरोकारवालाहरुसँग सुमधुर सम्बन्ध स्थापित एवम् अभिवृद्धि गर्दै लैजाने योजना रहेको छ।

## (ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण

सर्वसाधारण समूहतर्फको सञ्चालक पदमा निर्वाचित साविक संचालक श्री सुमन पोखरेलले बैंकको संचालक समितिबाट दिनुभएको राजिनामा स्वीकृत भएसँगै बाँकी रहेको अवधिको लागि रिक्त सर्वसाधारण समूहतर्फको सञ्चालक पदमा बैंकको सर्वसाधारण शेयरधनी श्री प्रवीण सुवेदी मिति २०८०/०५/०३ गते देखि लागू हुने गरी नियुक्त हुनुभएकोमा सो नियुक्ती बैंकको पाँचौं वार्षिक साधारण सभाबाट अनुमोदन भएको थियो। बैंक संचालक समितिको ९८औं बैठकको निर्णयबाट बैंकको स्वतन्त्र संचालकमा नियुक्त हुनुभएका श्री शंकर प्रसाद अधिकारीको नियुक्तिका बखत उहाँको पदावधी बैंकको पाँचौ वार्षिक साधारण सभाको मितिसम्म रहने

**चालु आ.व.मा जारी गर्न लागिएको ऊर्जा ऋणपत्र**
**रू. ५ अर्ब**

**चालु आ.व.को प्रतिवेदन तयार भएको मितिसम्म बैंकले थप स्वीकार गरेको मुद्दती निक्षेप**
**रू. ५.२९ अर्ब**

उल्लेख भए बमोजिम बैंकको पाँचौं वार्षिक साधारण सभा पश्चात् रिक्त रहेको बैंकको स्वतन्त्र संचालक पदमा चालु आ.व.को मिति २०८१/०५/२८ गते बसेको बैंक संचालक समितिको १४९औं बैठकले सोही मितिदेखि लागू हुने गरी श्री महेश प्रसाद दहाललाई नियुक्त गरेको । उल्लेखित परिवर्तन वाहेक समीक्षा अवधिमा सञ्चालक समितिमा अन्य फेरबदल भएको छैन ।

**सञ्चालक समितिको बैठक**

विद्यमान ऐनमा भएको व्यवस्था बमोजिम सञ्चालक समितिको बैठक नियमित रुपमा बस्ने गरेको छ। समीक्षा अवधी अर्थात आ.व. २०८०/८१ मा कूल १६ वटा बैठक सम्पन्न भएका थिए।

## च) कारोबारलाई असर पार्ने मुख्य कुराहरू

बैंकको व्यवसाय/कार्यहरुलाई असर पार्ने मुख्य कुराहरु देहाय अनुसार रहेको छ।

- देशको आर्थिक, मौद्रिक तथा वित्तीय व्यवस्था, विनिमयदर मा हुने परिवर्तन, छिमेकी मुलुक लगायत अन्तर्राष्ट्रिय आर्थिक तथा वित्तीय जगतमा देखा पर्नसक्ने उतारचढावबाट सिर्जना हुने वित्तीय परिस्थितिले पनि बैंकको व्यवसायलाई असर पुऱ्याउन सक्ने देखिन्छ।
- पूर्वाधार निर्माण आयोजना निर्धारित समय र लागतमा निर्धारित गुणस्तरसहित सम्पन्न गर्नु, निर्माण व्यवसायीहरुको दक्षता अभिवृद्धि गरी पूर्वाधार विकासमा तिव्रता ल्याउनु, सडक, सिँचाई, प्रसारण लाईन, जलविद्युत र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरुमा विभिन्न सरोकारवाला निकायहरुबीच के कस्तो आपसी समन्वय कायम हुन्छ भन्ने कुराले पनि बैंकको कारोबारमा असर पार्ने देखिन्छ।
- कम लागतको स्थीर प्रकृतिका दीर्घकालिन लगानीका स्रोत जुटाउन सक्नु र उक्त स्रोतबाट बैंकलाई ऋणत्मक भार (Negative Carry) नभई समयमै परियोजनाहरुमा लगानी गर्न सक्ने विषयले बैंकको समग्र वित्तीय सूचकहरुमा प्रत्यक्ष प्रभाव पार्ने हुन्छ।
- निर्माण व्यवसायीहरुको दक्षता अभिवृद्धि गरी पूर्वाधार विकासमा तिव्रता ल्याउनु, प्रर्याप्तरुपमा लगानीयोग्य पूर्वाधारका परियोजनाहरु उपलब्ध हुनु र लगानी गरिएका परियोजनाहरु निर्धारित समय र लागतमा निर्धारित गुणस्तरसहित सम्पन्न हुने विषयले पनि बैंकको समग्र प्रगतिमा प्रभाव पार्ने हुन्छ।
- पूर्वाधारका परियोजनाहरुमा निहित रहने जोखिमहरुको उचित पहिचान र मुल्यांकन गर्नसक्ने जनशक्तिको क्षमता अभिवृद्धि गरी लगानीको जोखिम न्यूनीकरण गर्ने विषय पनि बैंकको वित्तीय क्षमतामा असर पार्ने मुख्य विषयहरु मध्ये पर्दछ।
- बैंकको सम्पत्ति तथा दायित्वमा हुने बेमेलका कारण उत्पन्न हुने जोखिमबाट बैंकका विभिन्न सूचकमा पर्नसक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्नु र छोटो समयमा नै व्याजदरमा हुने गरेको परिवर्तनको असरका कारण आम्दानीमा आउने उतार-चढावले पनि बैंकको समग्र उपलब्धिमा असर पार्दछ।

## (छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया

आ.व. २०८०/८१ को लेखापरीक्षण प्रतिवेदनमा सामान्य कैफियत बाहेकका कैफियतहरु नभएको तथा औंल्याईएका कैफियतहरुमा सुधारको लागि आवश्यक पहल भैसकेको छ।

## (ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम

आ.व. २०८०/८१ को वित्तीय विवरण अनुसारको खुद मुनाफा रु. १,३२,९८,४०,८४०/- (एक अर्ब बत्तीस करोड अन्ठानब्बे लाख चालीस हजार आठ सय चालीस रुपैंया) मा नियमनकारी निकायको निर्देशन बमोजिम छुट्याउनु पर्ने रकमहरु पश्चातको वितरणयोग्य मुनाफा रु.७६,९५,३४,६१८/- (छयत्तर करोड पन्चानब्बे लाख चौंतीस हजार छ सय अठार रुपैंया) हालको लागि शेयरधनीहरुलाई लाभांश प्रस्ताव नगरी बैंकको वित्तीय अवस्था थप सुदृढ र सवलिकरण गर्दै लैजाने उद्देश्यले संचित गर्ने निर्णय भएकोले लाभांश बाँडफाँड गर्न सिफारिस नगरिएको।

## (झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत बैंकले प्राप्त गरेको जम्मा र कम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण

बैंकले हालसम्म कुनै शेयर जफत गरेको छैन।

## (ञ) विगत आर्थिक वर्षमा बैंक र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन

यस बैंकको हालसम्म कुनैपनि सहायक कम्पनी नरहेको।

## (ट) बैंक तथा बैंकको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा बैंकको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन

यस बैंकको हालसम्म कुनैपनि सहायक कम्पनी नरहेकोले सहायक कम्पनीको कुनै कारोबार नरहेको।

**आ.व.२०८०/८१ मा सञ्चित गरिएको मुनाफा**

**रु. ७६.९५ करोड**

**आ.व.२०८०/८१ मा बसेको सञ्चालक समितिको बैठक संख्या**

**१६**

## (ठ) विगत आर्थिक वर्षमा बैंकको आधारभूत शेयर धनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी

विगत आर्थिक वर्षमा बैंकको कुनै आधारभूत शेयरधनीहरुले कुनै किसिमको जानकारी उपलब्ध गराउनुभएको छैन ।

## (ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र बैंकको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी

यस्तो कुनै जानकारी बैंकलाई प्राप्त भएको छैन ।

## (ढ) विगत आर्थिक वर्षमा बैंकसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा

यस्तो कुनै जानकारी बैंकलाई प्राप्त भएको छैन ।

## (ण) बैंकले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयर को संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरे बापत बैंकले भुक्तानी गरेको रकम

बैंकले हालसम्म आफ्नो शेयर आफैं खरिद गरेको छैन ।

## (त) आन्तरिक नियन्त्रण प्रणाली

बैंकिङ्ग व्यवसायमा निहित जोखिमहरूलाई दृष्टिगत गरी बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई मजबूत बनाउने नीति लिएको छ । बैंकको आन्तरिक नियन्त्रण प्रणालीलाई सबल, सक्षम र समयानुकूल बनाउन सञ्चालक समिति अन्तर्गत विभिन्न समितिहरु गठन गरिएको छ । बैंकले विभिन्न समितिहरु गठन गर्दा नेपाल राष्ट्र बैंकद्वारा पूर्वाधार विकास बैंकको लागि जारी गरेको निर्देशनको अधिनमा रही गर्ने गरेको छ। जस अन्तर्गत, हाल बैंकमा गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा जोखिम व्यवस्थापन समिति, लेखा परीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी समिति गठन गरी तत् तत् विषयसँग सम्बन्धित जिम्मेवारीहरु तोकिएको छ । यी समितिहरुको बैठक नियमितरुपमा बसी आ-आफ्नो काम तथा जिम्मेवारी पूरा गर्ने, व्यवस्थापनलाई आवश्यक निर्देशन/सुझाव प्रदान गर्ने एवम् आवश्यकता अनुसार सञ्चालक समितिमा आ-आफ्नो राय, सुझाव एवम् प्रतिवेदन पेश गर्ने गर्दछन् ।

माथि उल्लिखित बाहेक बैंकका दैनिक कारोबारहरु नियमित र व्यस्थित गर्न व्यवस्थापन तहमा विभिन्न समितिहरु क्रियाशील छन् । बैंकले कारोबार/व्यवसाय संचालनको क्रममा हुनसक्ने कर्जा जोखिम, संचालन जोखिम, तरलता जोखिम, बजार जोखिम, व्याजदर जोखिम, विदेशी विनीमय जोखिम तथा अन्य जोखिमलाई न्यूनीकरण एवम् नियन्त्रण गर्न आन्तरिक रुपमा विभिन्न संरचनागत इकाइहरुको स्थापना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित एवम् प्रभावकारी बनाउँदै लगिरहेको छ ।

बैंकको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन, लेखापरीक्षण प्रकृयाको मूल्याङ्कन, आर्थिक प्रतिवेदन र आर्थिक विवरण सम्प्रेषणको सुपरिवेक्षण गरी बैंकको आर्थिक विवरणहरु सही तथा पर्याप्त रुपमा रहेको र बैंकका सम्पूर्ण विभागहरुले आन्तरिक प्रकृया, नीति नियमहरुको परिपालना गरे/नगरेको बारे सुनिश्चित गर्न आन्तरिक लेखापरीक्षकको व्यवस्था गरिएको छ । विगतमा जस्तै समीक्षा अवधिमा पनि बैंकको आन्तरिक लेखापरीक्षण गर्न स्वतन्त्र लेखापरीक्षकलाई Outsourcing मार्फत नियुक्त गरिएको छ । यसैगरी कर्जा लगानी, सम्पत्ति तथा दायित्व व्यवस्थापन, विदेशी विनिमय, तरलता तथा व्याज निर्धारण जस्ता बजार जोखिमका विषयहरुका बारेमा नियमित छलफल गरी सो सम्बन्धमा आवश्यक छलफल गरी निर्णय लिने वा उपल्लो अधिकारीसमक्ष सिफारिस गर्नेगरी प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा व्यवस्थापन समिति, कर्जा समिति, सम्पत्ति तथा दायित्व समितिहरु गठन गरिएका छन् ।

यसका अतिरिक्त बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई सवलिकरण गर्न आवश्यक पर्ने सम्पूर्ण नीति एवम् कार्यविधिहरु तर्जुमा गरी लागू गरेको छ । विगतमा जस्तै आफ्नो व्यवसायलाई थप व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली एवम् कर्मचारी सेवा विनियमावली प्रभावकारीढङ्गले प्रयोगमा ल्याइएको छ । यसैगरी बैंकले लगानी गरेको परियोजनाहरुको नियमित अनुगमनलाई प्रभावकारी बनाउन छुट्टै NIFRA Excellence Center मार्फत विज्ञहरुलाई समेत समावेश गराई अनुगमन गर्ने गराउने व्यवस्थलाई थप प्रभावकारी बनाई लागू गरिएको छ । लगानी गरिएका परियोजनाहरुको बीमा पोलिसिहरुको वार्षिकरुपमा वाह्य परामर्शदाता मार्फत अडिट गराउने, सूचना प्रविधि पूर्वाधारको अडिट गराउने जस्ता कार्यहरुले बैंकको आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाएको छ ।

यसैगरी, गैरकार्यकारी संचालकको संयोजकत्वमा गठित कर्मचारी सेवा सुविधा समितिले बैंकका सम्पूर्ण कर्मचारीहरुको श्रमता अभिवृद्धि, कार्यसम्पादनमा बढोत्तरी एवम् समग्र विकासका विषयहरुलाई केन्द्रमा राखी बस्तुनिष्ठ कार्य सम्पादन मुल्यांकन हुने नीति र कार्यविधि तय गर्न सिफारिस गर्ने, विद्यमान कार्यसम्पादन मूल्याङ्कन प्रणालीको पुनरावलोकन गर्ने, जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यहरु भर्ना, छनौट, नियुक्ति, पदस्थापना, सरुवा, बढुवा, वृत्ति विकास, कार्यसम्पादन मूल्याङ्कन, पुरस्कार तथा सजाय र श्रम सम्बन्ध सम्बन्धी योजना, नीति तथा मापदण्डहरु तयार गरी सञ्चालक समिति समक्ष सिफारिश गर्ने लगायतका कार्य गर्ने गर्दछ। साथै नेपाल राष्ट्र बैंकबाट हुने सुपरिवेक्षण र लेखापरीक्षणका दौरान मानव संशाधन सम्बन्धी औंल्याएका कैफियतहरुलाई सुधार गर्न व्यवस्थापनलाई निर्देशन दिने र सोको प्रगति नियमित रुपमा लिई संचालक समिति समक्ष कार्यान्वियनको अवस्था जानकारी गराउने गरेको छ ।

त्यस्तै, गैरसंचालक संयोजक रहेको बैंकको जोखिम व्यवस्थापन समितिले मूलतः विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता सम्बन्धमा सञ्चालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासका लागि सुझाव दिने, व्यावसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम बहन

क्षमता, जोखिम व्यवस्थापनको लागि विकास गरिएको रणनीति, नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा सञ्चालक समितिमा नियमित रुपमा सुझाव पेश गर्ने गरेको छ। नियमनकारी व्यवस्था अनुरुपका जोखिम तथा अनुपालना सम्बन्धी प्रतिवेदनहरु नियमित रुपमा तयार भई समयमै सम्बन्धित निकायमा पेश भए नभएको विषयहरुको अनुगमन गर्ने र ती प्रतिवेदनहरुमा उल्लेख भएका जोखिम सम्बन्धी विवरणहरुको आँकलन, मूल्याङ्कन, नियन्त्रण तथा अनुगमन के कसरी भइरहेको छ सो सम्बन्धमा छलफल गर्ने र सञ्चालक समितिमा रायसहित सुझाव पेश गर्ने गरेको छ। कर्जा लगायतका अन्य विषयहरुको जोखिम व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशन/मार्गनिर्देशन, संस्थाले निर्धारण गरेका आन्तरिक सीमा, उपयुक्त प्रचलन अनुरुप आवश्यक नीति एवम् संरचना विकास गर्नका लागि यस समितिले नियमित रुपमा छलफल गरी सञ्चालक समितिलाई सुझाव दिने गरेको छ।

साथै, गैरसंचालक संयोजक रहेको लेखा परीक्षण समितिले बैंकको आन्तरिक नियन्त्रण प्रणालीलाई मजबूत पार्न प्रचलित कानून बमोजिम संस्थाको समग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण, लेखापरीक्षण योजना र आन्तरिक लेखापरीक्षणमा औंल्याइएका विषयहरुमा आवधिक रुपमा समीक्षा गरी सो सम्बन्धमा अपनाउनु पर्ने कदमबारे व्यवस्थापनलाई आवश्यक निर्देशन दिने र सो सम्बन्धी सुझाव सञ्चालक समितिमा पेश गर्ने गरेको छ। बाह्य र आन्तरिक लेखापरीक्षकहरुले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरु उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई निर्देशन दिने तथा नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण गरी प्रतिवेदनमा औल्याइएका बुँदा/कैफियतहरुको कार्यान्वयन भए/नभएको सम्बन्धमा समीक्षा गर्ने तथा ती विषयहरुको अभिलेख गरी सञ्चालक समितिलाई जानकारी गराउने समेत गर्ने गर्दछ। वार्षिक वित्तीय विवरणलाई सही र यथार्थ बनाउन व्यवस्थापनलाई सहयोग गर्ने कार्य लगायतका कार्यहरुमा केन्द्रित भई बैंकको समग्र वित्तीय अवस्थालाई सवलीकरण गर्दै लैजान व्यवस्थापनलाई समयानुकूल राय सुझाव तथा निर्देशन निरन्तर प्रदान गर्ने गरेको छ।

सम्पत्ति शुद्धिकरण निवारण हालको बैंकिङ्ग प्रणालिमा जल्दोबल्दो विषय भएको सन्दर्भमा यस बैंकमा गैर संचालकको संयोजकत्वमा गठित सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी समितिले बैंकको कारोबार संचालनका दौरान हुनसक्ने सम्पत्ति शुद्धीकरण, आतंकवादी क्रियाकलापमा वित्तीय लगानी तथा भ्रष्टाचार सम्बन्धी जोखिम पहिचान तथा नियन्त्रण गर्न आवश्यक हुने नीति/ नियम/ मार्गदर्शन, प्रविधि एवम् संगठनात्मक संरचना र कर्मचारीको क्षमता अभिवृद्धिमा विशेष केन्द्रित भई व्यवस्थाहरुको अध्ययन मूल्यांकन र आवधिक पुनरावलोकन गर्ने, यससँग सम्बन्धित बैंकका नीतिहरु कार्यान्वयन सम्बन्धमा बैंक व्यवस्थापनलाई आवश्यक सुझाव दिने र आवश्यकता अनुरुप अवलम्बन गर्नुपर्ने जोखिम न्यूनीकरणका उपायहरु लागू गर्न संचालक समितिमा सिफारिस गर्ने गरेको छ।

यसैगरी, बैंकले लगानी गर्ने वा लगानी भएको कर्जाहरुको प्रगती मुल्यांकन एवम् समीक्षा गरी आवश्यक निर्णय लिन प्रमुख कार्यकारी अधिकृतको अध्यक्षतामा व्यवस्थापन स्तरको कर्जा समिति कार्यान्वयनमा रहेको छ। साथै, बैंकको खर्च व्यवस्थापन, खरिद प्रकृया र अन्य तोकिएको व्यवस्थापकीय विषयहरुमा छलफल गरी निर्णय लिन आर्थिक प्रशासन विनियमावलीको व्यवस्था बमोजिम आर्थिक निर्देशन समिति, खरिद समितिहरु रहेका छन्। नियामक निकाय, संचालक समिति, लेखापरीक्षकहरुबाट समय समयमा प्राप्त निर्देशन/सुझाव बैंकले प्राथमिकतामा राखि सो अनुरुपको आवश्यक नीतिगत एवम् संरचनागत व्यवस्था गरी उच्च स्तरको अनुपालन गर्ने गराउने व्यवस्था गरीएको छ।

## (थ) विगत आर्थिक वर्षको कूल व्यवस्थापन खर्चको विवरण

आ.व. २०८०/८१ मा नाफा नोक्सान हिसाबको अनुसूची ४.३६, ४.३७ र ४.३८ मा उल्लेखित रु. ३५,०९,४९,४७०/- मध्ये रु. १३,९८,४४,३७७/- व्यवस्थापन/कार्यालय संचालन खर्च रहेको छ।

## (द) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण

बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन र प्रचलित कानूनको प्रावधान अनुरुप सञ्चालक समितिले गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा लेखापरीक्षण समिति (Audit Committee) को गठन गरेको छ। यस समितिले प्रचलित कानून बमोजिम बैंकको समग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण प्रणाली, लेखापरीक्षण योजना र आन्तरिक लेखापरीक्षक तथा बाह्य लेखापरीक्षकले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएका बुँदा/कैफियतहरू उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई निर्देशन दिने, नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण गरी प्रतिवेदनमा औँल्याइएका बुँदा/कैफियतहरूको कार्यान्वयन भए/नभएको सम्बन्धमा समीक्षा तथा अभिलेख गरी सञ्चालक समितिलाई जानकारी गराउने गरेको छ। आ.व. २०८०/८१ मा लेखापरीक्षण समितिमा रहनु भएका सदस्यहरुको नामावली देहाय बमोजिम रहेको छ :

मिति २०८०/०२/१९ देखि २०८०/०९/२० सम्म

| | |
|---|---|
| सञ्चालक श्री शंकर प्रसाद अधिकारी | - संयोजक |
| सञ्चालक श्री लिमा अधिकारी आचार्य | - सदस्य |
| समन्वय अधिकृत (Liaison Officer) आन्तरिक लेखापरीक्षण | - सदस्य सचिव |

मिति २०८०/०९/२० देखि यो प्रतिवेदन तयार हुँदासम्म

| | |
|---|---|
| सञ्चालक श्री लालमणी जोशी | - संयोजक |
| नेपाल सरकार, अर्थ मन्त्रालयबाट मनोनित सञ्चालक | - सदस्य |
| समन्वय अधिकृत (Liaison Officer) आन्तरिक लेखापरीक्षण | - सदस्य सचिव |

यस अवधिमा लेखा परीक्षण समितिको जम्मा ८ वटा बैठक बसेको र बैठक भत्ता वापत जम्मा रु. १,९२,०००/- खर्च भएको छ।

### (ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा

बाँकी नरहेको।

### (न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम

आ.व. २०८०/८१ मा सञ्चालकहरुलाई भुक्तान गरिएको विवरणः

| क्र.सं. | विवरण | रु. |
|---|---|---|
| १ | सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकहरुलाई उपलब्ध गराईएको बैठक भत्ता | ११,५२,०००.०० |
| २ | सञ्चालक स्तरिय अन्य समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकहरुलाई उपलब्ध गराईएको बैठक भत्ता | ५,४०,०००.०० |
| | जम्मा | १६,९२,०००.०० |

यसका अतिरित्त बैंकको चौँथो वार्षिक साधारण सभाबाट स्वीकृत भए बमोजिम सञ्चालकहरुलाई संचार/यातायात र पत्रपत्रिका बापत प्रति सञ्चालक मासिक एकमुष्ठ रु. १० हजार प्रदान गरिने गरिएको छ।

कार्यकारी प्रमुख तथा प्रबन्धकहरुलाई भुक्तान गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको विवरणः

| क्र.सं. विवरण | रु. |
|---|---|
| प्रमुख कार्यकारी अधिकृत | ७१,५०,०००.०० |
| नायव महाप्रवन्धकहरु | ८९,९४,५३३.६० |
| प्रबन्धकहरु | १,५०,५९,३७८.२४ |
| कूल खर्च | ३,१२,०३,९११.८४ |

माथि उल्लेख भए बाहेक प्रमुख कार्यकारी अधिकृतको हकमा निजसँग भएको सम्झौता एवम् बोनस ऐन बमोजिम र अन्यको हकमा बैंकको कर्मचारी सेवा विनियमावली र बोनस ऐन बमोजिम सुविधाहरु समेत प्रदान हुने गरेको छ।

### (प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :

- बैंकले वितरण गरेको लाभांस रकम मध्ये आ.व.२०८०/८१ को अन्त्य सम्ममा रु. २,८१,६४,११४/- रकम शेयरधनीहरुले बुझिलिन बाँकी रहेको देखिएको छ।

### (फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण :

आ.व. २०८०/८१ मा बैंक संचालनको लागि आवश्यक सवारी साधन, अफिस ईक्युपमेन्ट, फर्निचर लगायतका कार्यालय संचालनको लागि चाहिने आवश्यक अफिस साधन/सामाग्रीहरु खरिद गरिएको बाहेक बैंकले कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिमको अन्य सम्पत्ति खरिद वा बिक्री गरेको छैन।

### (ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण :

समीक्षा अवधिमा कम्पनी ऐन, २०६३ को दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच कारोवार नभएको।

### (भ) कम्पनी ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा

कम्पनी ऐन तथा प्रचलित कानून बमोजिम प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरु सम्बन्धित शिर्षक/खण्ड अन्तर्गत प्रतिवेदनमा खुलाइएको छ।

लेखापरीक्षक श्री BRS Neupane & Co., Chartered Accountants (साविक K.A.S. Associates, Chartered Accountants) द्वारा आ.व. २०८०/८१ को बैंकको लेखापरीक्षण सफलतापूर्वक सम्पन्न गर्नुभएकोमा धन्यवाद व्यक्त गर्दछौ । यसै सन्दर्भमा, बैंकको पाँचौं वार्षिक साधारणसभाबाट आ.व.२०८०/८१ को बैंकको लेखापरीक्षकमा नियुक्त M/S K.A.S. Associates, Chartered Accountants र M/S. BRS Neupane & Co., Chartered Accountants बीच मर्जर भई आ.व. २०८०/८१ को लेखापरीक्षण M/S. BRS Neupane & Co., Chartered Accountants बाट गरिएको विषय अनुमोदन हुन यसै वार्षिक साधारण सभामा पेश गरिएको छ । साथै, आ.व.२०८०/८१ को बैंकको लेखापरीक्षण प्रतिवेदनमा साविक K.A.S. Associates, Chartered Accountants का Engagement Partner श्री विनय प्रकाश श्रेष्ठ, चाटर्ड एकाउण्टेन्टले नै हस्ताक्षर गर्नुभएको छ।

### (म) मानव संसाधन

पूर्वाधारमा विशेष रुची र दखल राख्ने सक्षम जनशक्तिको व्यवस्थापन र निजहरुको वृत्ती विकासलाई प्राथमिकतामा राखी बैंकले सोका लागि तालिम सम्बन्धी वार्षिक क्यालेन्डर तयार गरी लागू गर्ने गरेको छ । बैंकका कर्मचारीहरुको मनोवल उच्च राख्न बजार सरहको सेवा, सुविधा र व्यक्तित्व विकास हुने व्यवस्था गरिएको छ। कर्मचारीहरु बैंकका सम्पत्ति हुन् भन्ने मान्यतालाई बैंकले अंगिकार गर्दै नियमितरुपमा कर्मचारीहरुलाई विभिन्न तालीम, सेमिनार र गोष्ठिहरुमा सहभागी गराउने गरिएको छ। कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कन अझ वस्तुनिष्ठ र प्रभावकारी होस् भन्ने उद्देश्यले बैंकले कार्य सम्पादन मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाएको छ । कर्मचारीहरुको कार्य दक्षता तथा वृत्ति विकासमा कुनै कमी नरहोस् भन्ने विषयलाई प्राथमिकता राखी सोका लागि आवश्यक बजेट र स्रोत, साधानको उचित व्यवस्था गर्दै आएको छ।

त्यसैगरी, ठूला पूर्वाधार निर्माणमा परियोजनाको प्रारम्भिक अध्ययन, बिस्तृत परियोजन प्रतिवेदन र लगानी संरचना तयार गर्नका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा कार्य अनुभव भएका परामर्शदाताहरुलाई बैंकको INFRA EXCELLENCE CENTER मा सुचिकृत गरी विभिन्न परियोजनाहरुको प्राविधिक र आर्थिक अध्ययन मूल्यांकनको कार्यमा समावेश गराइएको छ।

कर्मचारीहरुलाई बैंकको मूल सम्पत्तिको रुपमा लिंदै तथा कर्मचारीहरुलाई सोही रुपमा विकास गर्दै उच्चस्तरको कार्य सम्पादन गर्न सक्ने गरी तय गरिएको बैंकको सांगठनिक संरचना बमोजिम सानो तर छरितो आकारको कर्मचारी संरचना मार्फत बैंकको व्यवसायिक गतिविधि संचालन गर्दै गराउँदै आइएको छ। योग्य कर्मचारीहरुको छनौट तथा भएका कर्मचारीहरुको ज्ञान एवम् क्षमताको अभिवृद्धिबाट नै बैंकले आशातित उपलब्धिहरु हासिल गर्दै जानेमा बैंक विश्वस्त छ। कर्मचारीको अनुभव, ज्ञान, सीप तथा रुचीको आधारमा उपयुक्त विभाग/युनिटमा कार्य गर्न सक्नेगरी मानव संसाधन विभागले कर्मचारीहरुको पदस्थापना तथा स्थानान्तरणको कार्यलाई प्राथमिकतामा राख्ने गरेको छ। बैंकको मानव स्रोतलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको बनाउँदै लैजानको लागि बैंकको सांगठनिक ढाँचा एवम् मानव संसाधनसँग सम्बन्धित विभिन्न विषयहरुमा अन्तर्राष्ट्रिय परामर्शदाता KPMG INDIA बाट अध्ययन गराई प्राप्त भएको प्रतिवेदनका सुझावहरुलाई लागू गर्न छलफल अगाडि बढाईएको छ।

## (य)संस्थागत सुशासन र अनुपालन

बैंकले संस्थागत सुशासनलाई पहिलो प्राथमिकतामा राखी कार्य सम्पादन गर्ने गराउने गरेको छ। प्रचलित ऐन नियम, नेपाल राष्ट्र बैंक एवम् अन्य नियमनकारी निकायहरूद्वारा जारी निर्देशन तथा आन्तरिक नीति नियम बमोजिम विभिन्न समिति, उपसमितिहरु लगायत कर्मचारीको तहबाट नै कार्य सम्पादन गर्ने बखतमै सुशासन एवम् अनुपालनाको सुनिश्चितता हुने अभिप्रायले अनुपालना सूची एवम् आचार संहीताहरु तयार गरी लागू गरिएको छ।

बैंकको समग्र संस्थागत सुशासन एवम् अनुपालनलाई निदृष्ट गर्न संस्थागत सुशासन नीति २०१८ लागू गरी सोमा समय सापेक्ष परिमार्जन गर्दै लगिएको छ। बैंकको संचालक समितिमा र हनुभएका संचालकज्यूहरु, बैंकका कार्यकारी तहमा रहनुभएका उच्च अधिकृतहरु, बैंकका अधिकृतहरु तथा अन्य सम्पूर्ण कर्मचारीहरु समेतलाई संस्थागत सुशासन सम्बन्धमा विभिन्न निकायहरुले आयोजना गरेका तालिमहरुमा सहभागी गराउँदै आइएको छ। त्यसैगरी बैंकका हरेक कर्मचारीहरूको व्यक्तिगत जिम्मेवारी र दायित्व स्पष्ट हुने गरी कार्य विभाजन गरी सोको आधारमा कार्य सम्पादनमा आपसी नियन्त्रण र ग्राहक तथा शेयधनीहरुको हित विपरीतका कार्य नहुन यथोचित आन्तरिक निर्देशन गर्ने गरिएको छ।

## (र) संस्थागत सामाजिक उत्तरदायित्व

सामाजिक उत्तरदायित्वका लागि संस्थागत रुपमा खडा गर्नुपर्ने सामाजिक उत्तरदायित्व कोषको व्यवस्था बमोजिम बैंकले कोष खडा गरी प्रचलित मान्यता अनुरुप आफ्नो स्थापनाकालदेखि नै सामाजिक कार्यहरुमा सहयोग गर्दै आएको छ। समीक्षा अवधिमा बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्दै जाजरकोट केन्द्रबिन्दु भई गएको भूकम्पबाट प्रभावितलाई सहयोग पुगोस् भन्ने हेतुले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा बैंकको तर्फबाट रु. २५ लाख, सामुदायिक स्तरबाट संचालित श्री सेकेन्डरी स्कुलको कम्प्युटर ल्याब स्थापना गर्न रु.१ लाख ५० हजार, चौपाया जनावरको रेखदेख गर्ने गैरनाफामुलक संस्था एनिमल नेपाललाई पूर्वाधार निर्माण गर्न रु.२ लाख तथा पिछडिएका वर्गको शिक्षा एवम् सार्वजनिक सेवामा पहुँच पुऱ्याउने मूल उद्देश्यले तालिम तथा अभिमुखीकरण कक्षा संचालन गर्ने गैरनाफामुलक संस्था हिमांशु सम्मुनत समाजलाई रु.३ लाख गरी जम्मा रु.३१ लाख ५० हजार आर्थिक सहयोग गरिएको छ।

## (ल) ग्राहक पहिचान तथा सम्पत्ति शुद्धीकरण नियन्त्रण सम्बन्धी कानूनको परिपालना

बैंकका गैरकार्यकारी संचालकको संयोजकत्वमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति गठन गरिएको छ। ग्राहक पहिचान तथा सम्पत्ति शुद्धीकरण सम्बन्धमा प्रचलित नेपाल कानुन एवम् नेपाल राष्ट्र बैंकले जारी गरेका अध्यावधिक निर्देशनहरुलाई बैङ्कले प्राथमिकताका साथ पालना गर्दै आएको छ। साथै, सम्पत्ति शुद्धीकरण सम्बन्धी कानूनको परिपालना भए नभएको सन्दर्भमा कार्य अनुगमन गर्न तथा अन्य अनुपालनाका विषयहरु समेत हेर्नेगरी जोखिम व्यवस्थापन विभाग अन्तर्गतको अनुपालन शाखाले नियमित रुपमा आफ्नो कार्यहरु गरिरहेको छ। बैंकको सम्पूर्ण कारोबारमा अनुपालना गर्न गराउन अनुपालन अधिकृत नियुक्त गरिएको छ। बैंकको अनुपालनलाई सवलीकरण गर्न सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहित गरिएको छ। प्रचलित ऐन नियम तथा निर्देशनको अधिनमा रही बैंकले ग्राहक पहिचान तथा सम्पत्ति शुद्धीकरण सँग सम्बन्धित मार्गदर्शन तथा विनियमावली र विभिन्न लिखतहरु तयार गरी लागू गरेको छ।

## (व)शेयरधनीहरुले दिएका सुझावहरुको कार्यान्वयन

शेयरधनीहरुले प्रत्यक्षरुपमा वा विभिन्न माध्यमबाट दिनुभएका सुझावहरु बैंकले अनुसरण गर्ने गरेको छ। भविष्यमा थप उपयोगी सुझावहरु प्राप्त हुनेछन् भन्ने समेत बैंकले अपेक्षा गरेको छ।

**धन्यवाद ज्ञापन**

अन्त्यमा, बैंकका आदरणीय शेयरधनी महानुभावहरु, सम्पूर्ण ग्राहक महानुभावहरू, नेपाल सरकार, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षकहरु, कर्मचारीहरु लगायत बैंकप्रति सदैव सद्भाव राख्नुहुने अन्य सम्पूर्ण सरोकारवालाहरुमा सञ्चालक समिति र सम्पूर्ण बैंक परिवारको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। साथै, यसै अनुरुपको साथ, सहयोग र मार्गदर्शन यस बैंकले नियमितरुपमा प्राप्त गर्ने विश्वास लिएको छु।

धन्यवाद।

**सञ्चालक समितिको तर्फबाट**
**अनुज अग्रवाल, अध्यक्ष**






हामी विकासका
सम्भावनालाई उजागर गर्न
आवश्यक वित्तीय पहुँच
पुऱ्याउनेतर्फ निरन्तर
प्रयासरत छौं ।



**कृष्ण बहादुर अधिकारी**
प्रमुख कार्यकारी अधिकृत

# प्रमुख कार्यकारी अधिकृत, श्री कृष्ण बहादुर अधिकारीको मन्तव्य

**आदरणीय शेयरधनी महानुभावहरु,**

**नेपालको दिगो आर्थिक विकास तथा समृद्धिका लागि स्थापित एकमात्र पूर्वाधार विकास बैंकको छैटौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरु, सञ्चालक समितिका अध्यक्ष तथा सदस्यज्यूहरु लगायत उपस्थित अतिथि महानुभावहरुमा बैंक व्यवस्थापन तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन गर्दछु।**

स्थापनाको ६ बर्षमा नै यस बैंकले देशको आर्थिक समृद्धिमा सहयोग पुग्ने गरी आफनो लगानीलाई विभिन्न पुर्वाधारका क्षेत्रहरुमा विविधीकरण गर्दै आइरहेको छ। विशेषतः सन् २०४५ सम्ममा कार्वन उत्सर्जनलाई शून्यमा पुर्याउने नेपालको लक्ष्यमा सहयोग पुग्ने गरी नविकरणीय ऊर्जा क्षेत्रमा लगानी गर्नुका साथै अन्य क्षेत्रहरुमा गरिएको लगानीबाट रोजगारी सृजना, राजश्व तथा दिगो आर्थिक विकासका लक्ष्य प्राप्तिमा गरिएको योगदानबाट यस बैंकको स्थापनाको औचित्य प्रमाणित हुँदै गएकोछ तथा भविष्यमा पनि पूर्वाधार विकासको क्षेत्रमा बैंकले अग्रणी भूमिका निर्वाह गर्ने छ। यसका साथै दीगो पुर्वाधार विकासका लागि नीति पैरवी तथा बहस मार्फत लगानीको दायरालाई फराकिलो बनाउँदै जानुपर्ने आवश्यकता पनि महसूस भएको छ।

सन् २०२६ मा नेपाल अतिकम विकसित राष्ट्रबाट स्तरोन्नती भई विकासशील हुदै सन् २०३० मा मध्यम आयस्तरीय मुलुक र सन् २०४३ मा विकसित राष्ट्रमा परिणत हुने लक्ष्य प्राप्तिका लागि पूर्वाधार निर्माणमा प्रशस्त सम्भावनाहरु र अपरिहार्यता रहेको छ। यस महान् अभियानमा नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको नेतृत्वदायी भूमिका रहेकोले यस बैंकमा राष्ट्रको भविष्य निर्माणका चुनौती र अवसरहरु रहेका छन्। यी चुनौती र अवसरहरुलाई सफलतापूर्वक बहन गर्न सुदृढ संस्थागत संरचना तथा सुशासन कायम गर्दै इमान्दारिताका साथ प्रयासरत् रहने छौं। नेपालको पूर्वाधार विकासमा न्यून लागतको पुँजी परिचालन, प्रविधि र क्षमता विकास तथा प्रणालीमा रहेका चुनौतीहरुको सामना गर्न सरोकारवाला निकायहरुसँगको उचित समन्वयमा पनि प्रयत्नरत रहनेछौं।

आर्थिक वर्ष २०८०/८१ मा नेपालको बैकिङ्ग क्षेत्रमा देखिएको अधिक तरलता र सोबाट सृजित कर्जाको व्याजदरमा निरन्तररुपमा देखिएको ह्रास, विप्रेषणमा निरन्तर बृद्धि, सुदृढ शोधनान्तर अवस्था, वाञ्छित सीमाभित्रको मुद्रास्फीति, स्वीकारयोग्य सार्वभौम शाख मूल्याङ्कनको आधार मा देशको आर्थिक अवस्था सुदृढ रहेको प्रमाणित रहँदा रहँदै पनि कूल मागमा सङ्कुचन, उद्योगी व्यवसायीहरुको मनोवलमा देखिएको द्विविधा, व्यवसायिक क्षेत्रलाई गतिशील बनाउन सहयोग गर्ने निर्माण क्षेत्र सुस्त रहेकोले आशातित उपलब्धी हासिल हुन नसकेको व्यहोरा अवगत नै छ। यसका बावजूद नेपालको अर्थतन्त्रका सवल पक्षहरुलाई अवसरको रुपमा उपयोग गर्दै यस बैंकको व्यवसाय बृद्धिमा कटिबद्ध हुनु पर्ने आवश्यकता रहेको छ। यसका साथै कर्जाको गुणस्तर कायम राख्ने र सङ्कुचित भैरहेको स्प्रेड दरको व्यवस्थापन गर्नुपर्ने चुनौतीहरुको सामना गर्दै शेयरधनी महानुभावहरुको लगानीको प्रतिफलमा बृद्धि गर्दै लैजान अहोरात्र उच्च मनोवलका साथ कार्यरत रहने प्रतिबद्धता पनि व्यक्त गर्न चाहान्छौं।

मूलतः सार्वजनिक महत्वका पूर्वाधारहरु निजीक्षेत्र समेतको सहभागितामा पी.पी.पी.का नविनतम् अवधारणाहरु अङ्गिकार गरी छिमेकी मुलुक भारत लगायतका राष्ट्रहरुले पूर्वाधार निर्माणमा उल्लेख्य फड्को मारेको सन्दर्भमा हामीले पनि पी.पी.पी.का अवधारणाहरुलाई कार्यान्वयनमा ल्याउन आवश्यक भएका नीतिगत एवम् संरचनागत विषयहरुलाई अबिलम्ब सम्बोधन गरी त्यस्ता परियोजनाहरु कार्यान्वयनमा लैजाने विषय हाम्रो लागि प्रमुख आवश्यकता भएको छ।

अन्त्यमा, यस बैंकको हालसम्मको यात्रामा प्राप्त भएको सहयोग तथा मार्गनिर्देशनका लागि आदरणीय शेयरधनी महानुभावहरु, नेपाल सरकार, नेपाल राष्ट्र बैंक लगायत नियामक निकायहरु एवम् ग्राहक महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दै आगामी दिनहरुमा पनि सहयोगको निरन्तरता रहने नै छ भन्ने विश्वास व्यक्त गर्दछौं।

**कृष्ण बहादुर अधिकारी**
प्रमुख कार्यकारी अधिकृत

दरवारमार्ग, काठमाडौं।
फोन नं.: ४४१९८०५,७
फ्याक्स नं.: ४४१०१५९
Site: www.nrb.org.np
Email: bsd@nrb.org.np
पोष्ट बक्स:७३

# नेपाल राष्ट्र बैंक
## बैंक सुपरिवेक्षण विभाग

च.न. १०३
प.सं: बै.सु.वि./अफसाइट/एजिएम/८/२०८१-८२

मितिः २०८१/०८/०५

नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड
बानेश्वर, काठमाडौं ।

**विषयः वित्तीय विवरण प्रकाशन सम्वन्धमा।**

महाशय,

त्यस बैंकबाट पेश गरिएका वित्तीय विवरण तथा अन्य कागजातका आधारमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४७ को उपदफा (२) का प्रावधानहरु पालना गरेको देखिएको हुंदा यस बैंकद्वारा पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशन नं.४/०८० को बुँदा नं.१(भ) मा भएको व्यवस्था बमोजिम आ.व. २०८०/८१ को वार्षिक हिसाब वार्षिक साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने प्रयोजनार्थ देहायका निर्देशन सहित सार्वजनिक गर्न सहमति प्रदान गरिएको व्यहोरा निर्णयानुसार जानकारी गराउँदछु ।

१. लेखापरीक्षकको प्रारम्भिक लेखापरिक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु पूर्ण रुपले सुधार गर्न साथै, त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिन आवश्यक व्यवस्था मिलाउन हुन ।
२. उक्त निर्देशनलाई त्यस बैंकको वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित गर्नु हुन ।

भवदीय,

(सृजना क्षेत्री)
सहायक निर्देशक

बोधार्थ :
१. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
२. बैंक सुपरिवेक्षण विभाग, प्रतिवेदन कार्यान्वयन इकाई, नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड ।

बैंकको आर्थिक वर्ष २०८०/८१ को बैंकको वार्षिक हरहिसाव स्वीकृतिको क्रममा नेपाल राष्ट्र बैंकबाट दिइएको निर्देशन उपर व्यवस्थापनको जवाफः
लेखापरीक्षण प्रतिवेदनमा औंल्याएका कैफियतहरु पूर्ण रुपले सुधार गर्न एवम् पुनः नदोहोरिने आवश्यक व्यवस्था मिलाइएको छ।

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १५ बमोजिमको विवरण

(नियम २६ को उपनियम २ संग सम्बन्धित)

१. **संचालक समितिको प्रतिवेदनः** यसै वार्षिक प्रतिवेदनमा संलग्न।

२. **लेखापरीक्षकको प्रतिवेदनः** यसै वार्षिक प्रतिवेदनमा संलग्न।

३. **लेखापरीक्षण भएको वित्तीय विवरणः** यसै वार्षिक प्रतिवेदनमा संलग्न।

४. **कानूनी कारवाही सम्वन्धी विवरण**

(क) आर्थिक वर्षमा संगठित संस्थाले वा संस्था विरुद्ध कुनै मुद्दा दायर भएको भए।
- हालसम्म बैंक विरुद्ध कुनै मुद्दा दायर नभएको।

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्वन्धमा दायर मुद्धा।
- यस सम्बन्धी बैकमा कुनै जानकारी प्राप्त नभएको।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्धा दायर भएको भए।
- यस सम्बन्धी बैकमा कुनै जानकारी प्राप्त नभएको।

५. **संगठित संस्थाको शेयर कारोवार सम्वन्धी विश्लेषण**

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :
नेपाल स्टक एक्सचेन्ज लि., नेपाल धितोपत्र बोर्डको सुपरिवेक्षणमा संचालित भएको हुनाले यस सम्बन्धमा व्यवस्थापनको कुनै धारणा नभएको।

(ख) समीक्षा अवधिमा शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्य, कूल कारोवार भएको दिन र कूल कारोवार भएको शेयर संख्याको विवरण देहाय वमोजिम रहेको छ।

| त्रैमास | अधिकतम मूल्य (रू.) | न्यूनतम मूल्य (रू.) | अन्तिम मूल्य (रू.) | कूल कारोवार शेयर संख्या (हजारमा) | कूल कारोवार दिन |
|---|---|---|---|---|---|
| प्रथम त्रैमासिक (असोज मसान्त २०८०) | २३६ | १८५ | १८६.७ | ४,५७१ | ६१ |
| दोस्रो त्रैमासिक (पौष मसान्त २०८०) | २३८.१० | १८०.२० | २२४ | ७,५३८ | ४९ |
| तेश्रो त्रैमासिक (चैत्र मसान्त २०८०) | २५३ | २०० | २१० | ९,०२० | ५८ |
| चौथौ त्रैमासिक (आषाढ मसान्त २०८१) | २२९ | १८८.१० | २२८ | ६,१५२ | ६१ |

६. **समस्या तथा चुनौतीः** यसै वार्षिक प्रतिवेदनमा संलग्न।

७. **संस्थागत सुशासनः** यसै वार्षिक प्रतिवेदनमा संलग्न।

**कृष्ण बहादुर अधिकारी**
प्रमुख कार्यकारी अधिकृत

# संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन

(सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिम)

| | |
|---|---|
| सूचीकृत संगठित संस्थाको नाम | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड |
| ठेगाना, इमेल र वेबसाइट | काठमाण्डौं-१०, वानेश्वर<br>Email: info@nifrabank.com<br>Website: www.nifrabank.com |
| फोन नं. | ०१-४७९०८१८, ०१-४७९४१९७ |
| प्रतिवेदन पेश गरिएको आ.व. | आ.व. २०८०/८१ |

## १. सञ्चालक समिति सम्बन्धी विवरण

**(क) सञ्चालक समितिका अध्यक्षः**

नामः श्री अनुज अग्रवाल

नियुक्ति मितिः २०८०/०९/१७

**(ख) संस्थाको शेयर संरचना सम्बन्धी विवरण (संस्थापक, सर्वसाधारण तथा अन्य)**:

संस्थापकः ६० प्रतिशत

सर्वसाधारणः ४० प्रतिशत

**(ग) सञ्चालक समिति सम्बन्धी विवरणः** (हाल कायम)

| क्र.सं. | संचालकहरुको नाम तथा ठेगाना | प्रतिनिधित्व भएको समुह | शेयर संख्या | नियुक्ति भएको मिति | पद तथा गोपनियताको सपथ लिएको मिति | संचालक नियुक्तिको तरिका (विधि) |
|---|---|---|---|---|---|---|
| १ | श्री अनुज अग्रवाल (प्रतिनिधि, विशाल ग्रुप लिमिटेड), अध्यक्ष | संस्थापक | १६२०००० | २०८०/०९/१७ | २०८०/०९/१९ | निर्वाचन |
| २ | श्री श्रीकृष्ण नेपाल (प्रतिनिधि, अर्थ मन्त्रालय, नेपाल सरकार), सदस्य | संस्थापक | २१६००००० | २०७९/११/१८ (अर्थ मन्त्रालयको मिति २०७९/११/१० को पत्रानुसार) | २०७९/११/१८ | नेपाल सरकारबाट मनोनीत |
| ३ | श्री रत्न राज बज्राचार्य(प्रतिनिधि, ग्लोबल आइ.एम.ई. बैंक लिमिटेड), सदस्य | संस्थापक | ११८२६००० | २०८०/०९/१७ | २०८०/०९/२० | निर्वाचन |
| ४ | श्री लालमणी जोशी (प्रतिनिधि, इमर्जिङ्ग नेपाल लिमिटेड), सदस्य | संस्थापक | २७०००००० | २०७६/०८/२९ | २०७६/०९/०८ | निर्वाचन |
| ५ | श्री लिमा अधिकारी आचार्य, सदस्य | सर्वसाधारण | १००० | २०७८/०८/२९ | २०७८/०८/२९ | निर्वाचन |
| ६ | श्री प्रवीण सुवेदी, सदस्य | सर्वसाधारण | ५४० | २०८०/०५/०३ | २०८०/०५/०३ | संचालक समितिबाट नियुक्त |
| ७ | श्री महेश प्रसाद दहाल*, सदस्य | स्वतन्त्र संचालक | - | २०८१/०५/२८ | २०८१/०५/२८ | संचालक समितिबाट नियुक्त |

*प्रतिवेदन तयार भएको चालु आ.व.को मिति २०८१/०५/२८ गते सम्पन्न बैंक संचालक समितिको १४९औं बैठकको निर्णयानुसार बैंकमा रिक्त रहेको स्वतन्त्र संचालक पदमा श्री महेश प्रसाद दहाल नियुक्त हुनुभएको ।

**(घ) संचालक समितिको बैठक**

- संचालक समितिको बैठक सञ्चालन सम्बन्धी विवरणः

| क्र.सं. | यस आ.व.मा बसेको संचालक समितिको बैठकको मिति | उपस्थित संचालकको संख्या | बैठकको निर्णयमा भिन्न मत राखी हस्ताक्षर गर्ने संचालकको संख्या | गत आ.व. मा बसेको बैठकको मिति |
|---|---|---|---|---|
| १ | २०८०.०४.०१ | ६ | नरहेको | २०७९.०४.०६ |
| २ | २०८०.०४.०४ | ६ | ऐ.ऐ. | २०७९.०४.२९ |
| ३ | २०८०.०४.३० | ६ | ऐ.ऐ. | २०७९.०५.१४ |
| ४ | २०८०.०५.०३ | ६ | ऐ.ऐ. | २०७९.०५.३१ |
| ५ | २०८०.०६.१४ | ७ | ऐ.ऐ. | २०७९.०६.६ |

| क्र.सं. | यस आ।व।मा बसेको संचालक समितिको बैठकको मिति | उपस्थित संचालकको संख्या | बैठकको निर्णयमा भिन्न मत राखी हस्ताक्षर गर्ने संचालकको संख्या | गत आ।व। मा बसेको बैठकको मिति |
|---|---|---|---|---|
| ६ | २०८०.०७.२० | ६ | ऐ.ऐ. | २०७९.०७.०४ |
| ७ | २०८०.०८.२८ | ६ | ऐ.ऐ. | २०७९.०८.२८ |
| ८ | २०८०.०९.१७ | ६ | ऐ.ऐ. | २०७९.०९.१९ |
| ९ | २०८०.०९.२० | ४ | ऐ.ऐ. | २०७९.१०.२२ |
| १० | २०८०.०९.२३ | ४ | ऐ.ऐ. | २०७९.१०.२५ |
| ११ | २०८०.०९.२९ | ५ | ऐ.ऐ. | २०७८.११.१८ |
| १२ | २०८०.१०.१० | ५ | ऐ.ऐ. | २०७९.१२.०७ |
| १३ | २०८०.११.३० | ६ | ऐ.ऐ. | २०८०.०१.०७ |
| १४ | २०८०.१२.२९ | ५ | ऐ.ऐ. | २०८०.०१.१७ |
| १५ | २०८१.०१.२७ | ६ | ऐ.ऐ. | २०८०.०२.१९ |
| १६ | २०८१.०३.०५ | ५ | ऐ.ऐ. | २०८०.०३.०३ |
| | | | | २०८०.०३.१० |

- कुनै सञ्चालक समितिको बैठक आवश्यक गणपुरक संख्या नपुगी स्थगित भएको भए सोको विवरणः
  - स्थगित नभएको

- संचालक समितिको बैठक सम्बन्धी अन्य विवरणः

| | |
|---|---|
| सञ्चालक समितिको बैठकमा सञ्चालक वा वैकल्पिक सञ्चालक उपस्थित भए- नभएको (नभएको अवस्थामा बैठकको मिति सहित कारण खुलाउने): | अनुसुची १ मा उल्लेखित गरीएको |
| सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालकहरू, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माईन्यूट) को छुट्टै अभिलेख राखे नराखेको: | राख्ने गरिएको |
| सञ्चालक समितिको दुई लगातार बसेको वैठकको अधिकतम अन्तर (दिनमा) : | ४० |
| सञ्चालक समितिको बैठक भत्ता निर्धारण सम्बन्धमा बसेको वार्षिक साधारण सभाको मितिः | २०७९/०८/१० |
| सञ्चालक समितिको प्रति वैठक भत्ता रु. | अध्यक्ष रु.१५,००० र सदस्य रु.१२,००० |
| आ.व.को संचालक समितिको कूल बैठक खर्च रु (संचालक सम्मिलित समितिको कूल बैठक खर्च) | रु. १६,९२,०००।०० |

## २. सञ्चालकको आचरण सम्बन्धी तथा अन्य विवरणः

| | |
|---|---|
| सञ्चालकको आचरण सम्बन्धमा सम्बन्धित संस्थाको आचार संहिता भए/नभएको : | भएको। |
| एकाघर परिवारको एकभन्दा बढी सञ्चालक भए सो सम्बन्धी विवरण : | नभएको |
| सञ्चालकहरुको वार्षिक रुपमा सिकाई तथा पूर्नताजगी कार्यक्रम सम्बन्धी विववरण : | |
| प्रत्येक सञ्चालकले आफू सञ्चालकको पदमा नियुक्त वा मनोनयन भएको पन्ध्र दिनभित्र देहायका कुराको लिखित जानकारी गराएको/नगराएको र नगराएको भए सोको विवरणः<br>■ संस्थासँग निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको भए सो को विवरण,<br>■ निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले संस्था वा सो संस्थाको मुख्य वा सहायक कम्पनीमा लिएको शेयर वा डिबेन्चरको विवरण,<br>■ निज अन्य कुनै सङ्गठित संस्थाको आधारभूत शेयरधनी वा सञ्चालक रहेको भए त्यसको विवरण,<br>■ निजको एकाघरको परिवारको कुनै सदस्य संस्थामा पदाधिकारी वा कर्मचारीको हैसियतमा काम गरिरहको भए सोको विवरण। | कार्यक्रमको नामः वर्कसप वन कम्पलायन्स एण्ड गभरनेन्स<br>कार्यक्रम संचालन भएको मितिः मे ९, २०२४<br>जानकारी गराएको |
| सञ्चालकले उस्तै प्रकृतिको उद्देश्य भएको सूचिकृत संस्थाको सञ्चालक, तलवी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भई कार्य गरेको भए सोको विवरण | ग्लोबल आइ.एम.ई. बैंक लिमिटेड बाट प्रतिनिधित्व गर्नुभएका संचालक श्री रत्न राज बज्राचार्य सोही बैंकको प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत रहनु भएको। |

| | |
|---|---|
| संचालकहरुलाई नियमन निकाय तथा अन्य निकायहरुबाट कुनै कारवाही गरिएको भए सोको विवरण | नगरिएको |

## ३. संस्थाको जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी विवरणः

**(क) जोखिम व्यवस्थापनको लागि कुनै समिति गठन भए/नभएको गठन नभएको भए सोको कारणः गठन भएको**

**(ख) जोखिम व्यवस्थापन समिति सम्बन्धी जानकारीः**

सञ्चालक समितिले एकजना गैर-कार्यकारी सञ्चालकको संयोजकत्वमा जोखिम व्यवस्थापन समिति गठन गरेको छ। संस्थाले सामना गर्ने जोखिमको पहिचान, मापन, अनुगमन, व्यवस्थापन, नियन्त्रण र रिपोर्टिङका लागि जोखिम व्यवस्थापन संरचना तयार गर्ने गरिएको छ।

अ) **समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद)**:

| | |
|---|---|
| संचालक श्री रत्न राज बज्राचार्य | संयोजक |
| संयोजक लेखापरीक्षण समिति (पदेन सदस्य) | सदस्य |
| जोखिम व्यवस्थापन विभाग प्रमुख | सदस्य सचिव |

आ) **समितिको बैठक संख्या : आ.व. २०८०/८१ मा समितिको ४ वटा बैठक सम्पन्न भएको।**

(इ) **समितिको कार्य सम्बन्धी छोटो विवरणः**

विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता सम्बन्धमा सञ्चालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासका लागि सुझाव दिने गरिएको। व्यावसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम बहन क्षमता, जोखिम व्यवस्थापनको लागि विकास गरेको रणनीति, नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा सञ्चालक समितिमा सुझाव पेश गर्ने गरिएको छ। समितिले व्यवस्थापनबाट नियमित रुपमा जोखिम व्यवस्थापन प्रतिवेदन लिई ऐन, नियमावली र नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन बमोजिम भए/गरेका काम कारवाही उपर छलफल गरी सञ्चालक समितिमा आवश्यक राय, सुझाव पेश गर्ने गरिएको छ।

**(ग) आन्तरिक नियन्त्रण कार्यविधि भए/नभएकोः भएको**

**(घ) आन्तरिक नियन्त्रण प्रणालीको लागि कुनै समिति गठन भए/नभएको गठन नभएको भए सोको कारणः**
**आवश्यकता अनुसार गठन गर्ने गरिएको।**

**(ङ) आन्तरिक नियन्त्रण प्रणाली समिति सम्बन्धी विवरणः**

बैंकले आन्तरिक नियन्त्रण प्रणलीलाई प्रभावकारी बनाउन निम्म बमोजिमका सञ्चालक समिति स्तरिय समितिहरु गठन गरेको छ। यसका अतिरिक्त व्यवस्थापन स्तरका विभिन्न समितिहरु रहेका छन्।

(अ) **समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद)**:

१. **कर्मचारी सेवा सुविधा समितिः**

| | |
|---|---|
| संचालक श्री लिमा अधिकारी आचार्य | संयोजक |
| संचालक श्री प्रवीण सुवेदी | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत | सदस्य |
| नायव महाप्रबन्धक, जोखिम तथा अपरेशन (वित्त /लेखा विभागको प्रतिनिधित्व हुनेगरी) | सदस्य |
| जनशक्ति तथा प्रशासन विभाग प्रमुख | सदस्य सचिव |

२. **लेखापरीक्षण समितिः**

| | |
|---|---|
| संचालक श्री लालमणी जोशी | संयोजक |
| नेपाल सरकार, अर्थ मन्त्रालयबाट मनोनित संचालक | सदस्य |
| इन्चार्ज (In-Charge) आन्तरिक लेखापरीक्षण | सदस्य सचिव |

**३. जोखिम व्यवस्थापन समितिः**

| | |
|---|---|
| संचालक श्री रत्न राज बज्राचार्य | संयोजक |
| संयोजक लेखापरीक्षण समिति (पदेन सदस्य) | सदस्य |
| जोखिम व्यवस्थापन विभाग प्रमुख | सदस्य सचिव |

**४. सम्पत्ति शुद्धीकरण निवारण समिति :**

| | |
|---|---|
| नेपाल सरकार, अर्थ मन्त्रालयबाट मनोनित संचालक | संयोजक |
| स्वतन्त्र संचालक | सदस्य |
| जोखिम व्यवस्थापन विभाग प्रमुख | सदस्य सचिव |

(आ) **समितिको बैठक संख्या**

कर्मचारी सेवा सुविधा समिति : २
लेखापरीक्षण समिति : ५
जोखिम व्यवस्थापन समिति : ४
सम्पत्ति शुद्धिकरण समिति : २

(इ) **समितिको कार्य सम्बन्धी छोटो विवरणः**

**कर्मचारी सेवा सुविधा समितिः**

संस्थाको कर्मचारीसँग सम्बन्धित विषयहरुको समीक्षा, तलव/भत्ता तथा सुविधाहरुको पुनरावलोकन लगायतका विषयहरुमा आवश्यकता अनुसार छलफल गरी बैंकको व्यवस्थापनलाई आवश्यक निर्देशन दिनुका साथै सञ्चालक समिति समक्ष आफ्नो राय सहित प्रतिवेदन पेश गर्ने ।

**लेखापरीक्षण समितिः**

संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी बैंकको व्यवस्थापनलाई आवश्यक निर्देशन दिनुका साथै सञ्चालक समिति समक्ष आफ्नो राय सहित प्रतिवेदन पेश गर्ने र समय समयमा नियामक निकायले तोके बमोजिमका कार्य गर्ने ।

**जोखिम व्यवस्थापन समितिः**

विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता सम्बन्धमा सञ्चालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासका लागि सुझाव दिने एवम् संचालक समिति र नियामक निकायले तोके बमोजिमका कार्य गर्ने ।

**सम्पत्ति शुद्धीकरण निवारण समितिः**

सम्पत्ति शुद्धीकरण जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता सम्बन्धमा सञ्चालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासका लागि सुझाव दिने एवम् संचालक समिति र नियामक निकायले तोके बमोजिमका कार्य गर्ने ।

**(च) आर्थिक प्रशासन विनियमावली भए/नभएकोः भएको**

## ४. सूचना तथा जानकारी प्रवाह सम्बन्धी विवरण

(क) संस्थाले सार्वजनिक गरेको सूचना तथा जानकारी प्रवाहको विवरण

| विषय | माध्यम | सार्वजनिक गरेको मिति |
|---|---|---|
| बार्षिक साधारण सभाको सूचना | राष्ट्रिय दैनिक पत्रिका | २०८१/०८/११ |
| वशेष साधारण सभाको सूचना | नभएको | |
| बार्षिक प्रतिवेदन | बैंकको वेबसाइटमा राख्ने तथा बार्षिक प्रतिवेदन छपाई गरी वितरण गर्ने गरिएको । | |
| त्रैमासिक प्रतिवेदन | राष्ट्रिय दैनिक पत्रिका | प्रत्येक त्रैमास समाप्त भएको ७ दिनभित्र । |
| धितोपत्रको मूल्यमा प्रभाव पार्ने मूल्य संवेदनशील सूचना | नेपाल स्टक एक्सचेन्ज - पत्र तथा विद्युतिय माध्यमबाट जानकारी गराएको | सोही दिन वा भोलिपल्ट (नेपाल स्टक एक्सचेन्जमा कारोबार शुरु हुनुपूर्व ।) |
| सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसारको सूचना | राष्ट्रिय दैनिक पत्रिका | त्रैमासिक रुपमा प्रकाशन गर्ने गरिएको । |
| ब्याजदर सम्बन्धी विवरण | राष्ट्रिय दैनिक पत्रिका | त्रैमासिक रुपमा प्रकाशन गर्ने गरिएको । |

(ख) सूचना सार्वजनिक नगरेको वा अन्य कारणले धितोपत्र बोर्ड तथा अन्य निकायबाट कारवाहिमा परेको भए सो सम्बन्धी जानकारी : नभएको
(ग) पछिल्लो वार्षिक तथा विशेष साधारण सभा सन्पन्न भएको मिति : २०८०/०९/१७

## ५. संस्थागत संरचना र कर्मचारी सम्बन्धी विवरण

(क) कर्मचारीहरुको संरचना, पदपूर्ति, वृति विकाश, तालिम, तलव, भत्ता तथा अन्य सुविधा, हाजिर र विदा, आचारसंहिता लगायतका कुराहरु समेटिएको कर्मचारी सेवा शर्त विनियमावली/व्यवस्था भए नभएको: भएको
(ख) सांगठानीक संरचना संलग्न गर्ने : अनुसुची २ अनुसार
(ग) उच्च व्यवस्थापन तहका कर्मचारीहरुको नाम, शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरण :

| सि.नं. | कर्मचारीको नाम | तह | योग्यता | अनुभव |
|---|---|---|---|---|
| १. | श्री कृष्ण बहादुर अधिकारी* | प्रमुख कार्यकारी अधिकृत | एम.बि.ए. | २० बर्ष भन्दा माथि |
| २. | श्री सुर्य बहादुर तामाङ्ग | नायब महाप्रबन्धक | एम.बि.ए. | ३३ बर्ष भन्दा माथि |
| ३. | श्री बिनय नाथ न्यौपाने | नायब महाप्रबन्धक | एम.बि.ए. | ३१ बर्ष भन्दा माथि |

* साविकका प्रमुख कार्यकारी अधिकृत श्री राम कृष्ण खतिवडाको राजिनामा २०८०/१०/०१ बाट लागु हुनेगरी स्वीकृत भई रिक्त पदमा श्री कृष्ण बहादुर अधिकारी २०८१/०५/०२ बाट न्युक्त हुनुभएको।

घ) कर्मचारी सम्बन्धी अन्य विवरण

| | |
|---|---|
| संरचना अनुसार कर्मचारी पदपूर्ती गर्ने गरे/नगरेको : | गरेको |
| नयाँ कर्मचारीहरुको पदपूर्ति गर्दा अपनाएको प्रकृया : | अन्तर्वार्ता |
| व्यवस्थापन स्तरका कर्मचारीको संख्या: | १० |
| कूल कर्मचारीको संख्या: | २७ |
| कर्मचारीहरुको सक्सेसन प्लान भए/नभएको : | भएको |
| आ. व. मा कर्मचारीहरुलाई दिइएको तालिम संख्या तथा सम्मेलित कर्मचारीको संख्या: | तालिम संख्या-४७<br>सम्मेलित कर्मचारीको संख्या-१०९ |
| आ. व. को कर्मचारी तालिम खर्च रु : | रु. ६३,१५,५२६ |
| कूल खर्चमा कर्मचारी खर्चको प्रतिशत : | ५४.७०% |
| कूल कर्मचारी खर्चमा कर्मचारी तालीम खर्चको प्रतिशत : | ८.२५% |

## ६. संस्थाको लेखा तथा लेखापरीक्षण सम्बन्धी विवरण

(क) लेखासम्बन्धी विवरण

| | |
|---|---|
| संस्थाको पछिल्लो आ.व.को वित्तीय विवरण NFRS अनुसार तयार गरे/नगरेको, नगरेको भए सोको कारण : | NFRS अनुसार तयार गरेको |
| संचालक समितिबाट पछिल्लो वित्तीय विवरण स्वीकृत भएको मिति: | २०८१/०७/१३ |
| त्रैमासिक वित्तीय विवरण प्रकाशन गरेको मिति : | २०८१/०७/०७ |
| अन्तिम लेखापरीक्षण सम्पन्न भएको मिति : | २०८१/०७/१४ |
| साधारण सभाबाट वित्तीय विवरण स्वीकृत भएको मिति : | २०८१/०९/०४ |
| संस्थाको आन्तरिक लेखापरीक्षण सम्बन्धी विवरण : | |
| (अ) आन्तरिकरुपमा लेखापरीक्षण गर्ने गरिएको वा वाह्य विज्ञ नियुक्त गर्ने गरिएको | बाह्य विज्ञ नियुक्त गर्ने गरिएको |
| (आ) वाह्य विज्ञ नियुक्त गरिएको भए सो को विवरण | SAR Associates,<br>Chartered Accountants |
| (इ) आन्तरिक लेखापरीक्षण कति अबधिको गर्ने गरिएको (त्रैमासिक,चौमासिक वा अर्धबार्षिक) | त्रैमासिक |

(ख) लेखापरीक्षण समिति सम्बन्धी विवरण
संयोजक तथा सदस्यहरुको नाम, पद तथा योग्यता

| पदाधिकारी | नाम | पद | योग्यता |
|---|---|---|---|
| संचालक | श्री लाल मणी जोशी | संयोजक | MBA |
| संचालक | श्री श्रीकृष्ण नेपाल | सदस्य | MA Economics |
| समन्वय अधिकृत (In-charge), आन्तरिक लेखापरीक्षण | श्री मन्जिल मान श्रेष्ठ | सदस्य सचिव | MBA |

बैठक बसेको मिति तथा उपस्थित सदस्य संख्याः

| बैठक बसेको मिति | उपस्थित सदस्य संख्या |
|---|---|
| २०८०/०६/०४ | २ |
| २०८०/०८/१० | ३ |
| २०८०/०९/०१ | ३ |
| २०८०/११/२९ | ३ |
| २०८१/०२/०९ | ३ |

प्रति बैठक भत्ता रु : १२,०००/-

लेखापरीक्षण समितिले आफ्नो काम कारवाहीको प्रतिवेदन संचालक समितिमा पेश गरेको मिति :

समय समयमा प्रतिवेदन संचालक समितिमा पेश गर्ने गरेको, अन्तिम पेश गरेको मिति २०८१/०७/०६

## ७. अन्य विवरण

| | |
|---|---|
| संस्थाले सञ्चालक तथा निजको एकाघरका परिवारको वित्तीय स्वार्थ भएको व्यक्ति बैंक तथा बित्तीय संस्थाबाट ऋण वा सापटी अन्य कुनै रुपमा रकम लिए/नलिएको | नलिएको |
| प्रचलित कानून बमोजिम कम्पनीको सञ्चालक, शेयरधनी, कर्मचारी, सल्लाहकार परामर्शदाताको हैसियतमा पाउने सुविधा वा लाभ बाहेक सुचिकृत सङ्गठित संस्थाको वित्तीय स्वार्थ भएको कुनै व्यक्ति,फर्म,कम्पनी,कर्मचारी,सल्लाहकार वा परामर्शदाताले संस्थाको कुनै सम्पति कुनै भोगचलन गरे/नगरेको | नगरेको |
| नियमकारी निकायले इजाजतपत्र जारी गर्दा तोकेको शर्तहरुको पालना भए/नभएको | भएको |
| नियमकारी निकायले संस्थाको नियमन निरीक्षण वा सुपरीवेक्षण गर्दा संस्थालाई दिइएको निर्देशन पालना भए/नभएको | भएको |
| संस्था वा संचालक विरुद्ध अदालतमा कुनै मुद्धा चलिरहेको भए सोको विवरण | कुनै मुद्धा नरहेको |

परिपालन अधिकृतको नामः सुवर्ण कुमार सिंह

पदः वरिष्ठ प्रबन्धक

मितीः २०८१/०८/०२

संस्थाको छापः

प्रतिवेदन संचालक समितीबाट स्वीकृत मितीः २०८१/०८/०९

.................................................................................................

**अनुसुचीः १**

**सञ्चालक समितिको बैठकमा सञ्चालक वा वैकल्पिक सञ्चालक उपस्थित नभएको विवरण**

| क्र.सं. | संचालक समितिको बैठकको मिति | संचालकको नाम | कारण |
|---|---|---|---|
| १ | २०८०.०७.२० | श्री लिमा अधिकारी आचार्य | संचालक समितिलाई पूर्व जानकारी दिई आफ्नो काम विशेषले उपस्थित हुन नसक्नु भएको। |
| २ | २०८०.०९.२० | श्री लालमणी जोशी, श्री लिमा अधिकारी आचार्य | श्री लालमणी जोशी मुलुक बाहिर हुनुभएको र श्री लिमा अधिकारी आचार्य अस्वस्थताको कारण बैठकमा उपस्थित हुन नसक्नु भएको। |
| ३ | २०८०.०९.२३ | श्री लालमणी जोशी, श्री लिमा अधिकारी आचार्य | ऐ.ऐ. |
| ४ | २०८०.०९.२९ | श्री लालमणी जोशी | मुलुक बाहिर हुनुभएको कारण बैठकमा उपस्थित हुन नसक्नु भएको। |
| ५ | २०८०.१०.१० | श्री लालमणी जोशी | मुलुक बाहिर हुनुभएको कारण बैठकमा उपस्थित हुन नसक्नु भएको। |
| ६ | २०८०.१२.२९ | श्री लिमा अधिकारी आचार्य | ऐ.ऐ. |




# पाँचौं वार्षिक साधारण सभाको झलक















NIFRA
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड
पाँचौं वार्षिक साधारण सभा



# लेखापरीक्षण प्रतिवेदन

## आर्थिक वर्ष २०८०/८१

# आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण प्रतिवेदन

**B.R.S. Neupane & Co.**
Chartered Accountants
ICAN Reg. No.: 24

Naya Basti Marg, House No. 22
P.O. Box 8137, Baluwatar
Kathmanedu, Nepal
Tel : 977-1-4511314, 4517371
E-mail: chartered@brs.com.np
Web : www.brs.com.np

## नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडका शेयरधनी महानुभावहरू समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

### राय

हामीले यसैसाथ संलग्न नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको २०८१ साल आषाढ मसान्त (१५ जुलाई २०२४) को वित्तीय विवरणहरु, सोसँग समाविष्ट वित्तीयस्थिति विवरण तथा सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा वा नोक्सान विवरण, विस्तृत आम्दानीको विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण, नगद प्रवाह विवरण तथा प्रमुख लेखानीति र अन्य व्याख्यात्मक टिप्पणीहरुको सारको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, यसैसाथ संलग्न वित्तीय विवरणहरुले नेपाल इन्फ्रास्ट्रक्चर बैंकको ३१ आषाढ, २०८१ (१५ जुलाई २०२४) को वित्तीय अवस्था र सोही मितिमा समाप्त भएको अवधिको वित्तीय कार्यसम्पादन र नगद प्रवाहको नेपाल वित्तीय प्रतिवेदनमान अनुसार सबै सारभूतताको दृष्टिकोणबाट उचित चित्रण गर्दछ।

### रायको आधारः

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । यस लेखापरीक्षणमान अनुसारको हाम्रा दायित्वहरु यस प्रतिवेदनको लेखापरीक्षकको उत्तरदायित्व खण्डमा थप समावेश गरिएको छ। वित्तीय विवरणको लेखापरीक्षणको लागि पालना गर्नुपर्ने नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको Handbook of Code of Ethics for Professional Accountants अनुरुप हामी बैंकबाट स्वतन्त्र छौं र सोही Handbook of Code of Ethics for Professional Accountants अन्तर्गत यस लेखापरीक्षणसँग सान्दर्भिक आचारसंहिता तथा पेशागत जिम्मेवारीको पालना गरेका छौं। हामीले प्राप्त गरेका प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### लेखापरीक्षणका मुख्य विषयः

लेखापरीक्षणका मुख्य विषयहरु भन्नाले ती विषयहरु हुन जुन हाम्रो निर्णयको आधारमा चालु आर्थिक वर्षको वित्तीय विवरणहरुको लेखापरीक्षणको क्रममा अधिक महत्वको विषयको रुपमा लिइएको हुन्छ। यी बिषयहरुलाई वित्तीय विवरणहरुको लेखापरीक्षण तथा हाम्रो राय व्यक्त गर्ने सन्दर्भमा उचित सम्वोधन गरिएको हुन्छ। यी विषयहरु उपर हामीले छुट्टै राय व्यक्त गर्ने गरेका छैनौं।

देहायका बिषयहरु र ती विषयहरुको सम्वोधन गर्न गरिएको लेखापरीक्षण कार्यविधी लगायतको हाम्रो लेखापरीक्षण कार्यविधीहरुले संलग्न वित्तीय विवरणहरु उपर राय व्यक्त गर्न उपयुक्त आधार प्रदान गर्दछ।

लेखापरीक्षणका मुख्य विषयहरु देहाय बमोजिम रहेको छ :

| क्र.सं. | लेखापरीक्षणका मुख्य विषयहरु | लेखापरीक्षणका मुख्य विषयहरु लेखापरीक्षणको क्रममा सम्वोधन गर्न गरिएका कार्यविधीहरु |
|---|---|---|
| १. | ऋण नोक्सानी सम्वन्धी व्यवस्था (Loan Loss Provision)<br>सन्दर्भ नोट नं. ४.७ र वित्तीय विवरणको लेखा नीतिहरु | |
| | बैंकको ग्राहक कर्जा सापटी रकमले बैंकको कूल सम्पत्तीको ७३.५३ प्रतिशत प्रतिनिधित्व गरेको छ, जुन रु. ८४७.५ मिलियन ऋण नोक्सानी | ऋण नोक्सानी सम्वन्धी व्यवस्था (Loan Loss Provision) को लेखापरीक्षणको क्रममा हामीले देहायका कार्यविधिहरु अवलम्वन गरेका छौं :<br><br>■ ऋणीहरुको ऋण फाइलहरुको जाँच तथा समीक्षा जसमा ऋणीहरुको ऋण चुक्ता गर्ने |

| क्र.सं. | लेखापरीक्षणका मुख्य विषयहरु | लेखापरीक्षणका मुख्य विषयहरु लेखापरीक्षणको क्रममा सम्वोधन गर्न गरिएका कार्यविधीहरु |
|---|---|---|
| | सम्वन्धी व्यवस्था (Loan Loss Provision) गरे पश्चात् पनि रु. २०.८६ अर्व रहेको छ।<br><br>ऋण नोक्सानी सम्वन्धी व्यवस्था (Loan Loss Provision) को रकम निर्धारण गर्दा व्यवस्थापनको निर्णयको प्रमुख भुमिका रहने तथा नेपाल राष्ट्र बैंकको निर्देशिका तथा परिपत्रहरुको परिपालनाको पनि बिषय रहने भएको हुंदा उक्त ऋण नोक्सानी सम्वन्धी व्यवस्था (Loan Loss Provision) को रकम निर्धारणलाई हामीले लेखापरीक्षणको मुख्य विषयको रुपमा लिएका छौं। | प्रबृत्तीको मूल्यांकन, उपलव्ध भएका वित्तीय विवरणको आधारमा वित्तीय क्षमता मूल्यांकन, धितोमा रहेको सम्पत्तीको पर्याप्तताको समीक्षा तथा कानूनी कागजात लिए नलिएको जाँच, कर्जा सुचना केन्द्रको प्रतिवेदन तथा सर्वमान्य कानूनको परिपालनाको जाँच,<br><br>■ सूचना प्रविधिको जाँच तथा समीक्षा जसमा साँवा तथा ब्याज भुक्तानी नगरेको अवधिको आधारमा ऋण नोक्सानी सम्वन्धी व्यवस्था (Loan Loss Provision) को गणना,<br><br>■ नमूना संकलनको आधारमा सुचना प्रविधिबाट निर्धारण भएको ऋण नोक्सानी सम्वन्धी व्यवस्था (Loan Loss Provision) र हामीले हिसाव किताव गरी निर्धारण गरिएको ऋण नोक्सानी सम्वन्धी व्यवस्था (Loan Loss Provision) को भिडान तथा मिलान,<br><br>■ व्यवस्थापनले सकृय कर्जा भनी निर्धारण गरिएका आधारहरुको उचितता सम्वन्धी मूल्यांकन,<br><br>■ ऋणहरुमा बोर्डको मूल्यांकन तथा निर्णयहरुको समीक्षा।<br><br>बैंकले निर्धारण गरिएको ऋण नोक्सानी सम्वन्धी व्यवस्था (Loan Loss Provision) उचित तथा स्वीकारयोग्य रहेको छ। |

## वित्तीय विवरण प्रति व्यवस्थापनको उत्तरदायित्व:

अन्य जानकारीहरुको सन्दर्भमा व्यवस्थापन उत्तरदायी रहेको हुन्छ। अन्य जानकारीहरुमा बार्षिक प्रतिवेदन तथा संचालक समितिको प्रतिवेदन समावेश भएको हुन्छ तर वित्तीय विवरण र हाम्रो प्रतिवदन समावेश भएको हुंदैन।

वित्तीय विवरण उपरको हाम्रो रायले अन्य जानकारीहरुलाई समेटेको हुदैन र त्यसमा हामीले कुनै पनि प्रकारको राय व्यक्त गर्दैनौ।

वित्तीय विवरणको लेखापरीक्षण गर्ने क्रममा उपलब्ध भएसम्मको उपरोक्त अन्य जानकारीहरु अध्ययन गर्ने र कतै वित्तीय विवरणमा उल्लेख भएका विवरणहरु वा हामीलाई प्राप्त भए सम्मको जानकारीहरु वा अन्य तवरबाट सारभुत रुपमा गलत उल्लेख गरिएको खण्डमा उचित विचार गर्ने हाम्रो दायित्व रहेको हुन्छ। जव हामीले बार्षिक प्रतिवेदनको अध्ययन गर्दछौं र यदि हामीले उक्त प्रतिवेदनमा सारभुत रुपमा गलत उल्लेख गरिएको भनी निर्धारण गर्छौं, हामीले व्यवस्थापनलाई तथा सुशासनको लागि जिम्मेवार तहलाई ती जानकारीहरु सच्याउनको लागि अनुरोध गर्नुपर्ने हुन्छ।

## वित्तीय विवरणप्रति लेखापरीक्षकको उत्तरदायित्व:

हाम्रो उद्देश्य गल्ती वा जालसाजीबाट वित्तीय विवरणहरु सारभूतरुपमा त्रुटीरहित छ भन्नको लागि उचित आश्वस्त प्राप्त गर्ने र राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्ने रहेको छ। उचित आश्वस्त भन्नाले उच्चस्तरको आश्वस्त हो, तर लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा गल्ती वा जालसाजीबाट भएका सारभूत त्रुटी पत्ता लगाइन्छ भन्ने कुनै निश्चित छैन। गल्ती वा जालसाजीबाट वित्तीय विवरण त्रुटीपूर्ण हुन सक्दछ। गल्ती वा जालसाजीबाट त्रुटीयुक्त विवरण सारभुत मानिन्छ यदि कुनै एउटा इकाई आफै वा अलग अलग इकाईहरुको योग अँङ्कले वित्तीय विवरणको आधारमा वित्तीय विवरण प्रयोगकर्ताको आर्थिक निर्णयमा असर गर्दछ भन्ने समुचित विश्वास गरिन्छ।

हामीले लेखापरीक्षणको क्रममा लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा पेशागत ठहरहरु लिएका छौं तथा लेखापरीक्षण अवधिभर पेशागत सुझबूझ र संशयताको प्रयोग गरेका छौं। साथै,

- हामीले गल्ती तथा जालसाजीको कारणले सारभूत रुपमा त्रुटीयुक्त विवरणको जोखिमको पहिचान तथा अनुमान लगायौं। ती जोखिमहरुको निराकरणको लागि आवश्यक उपयुक्त लेखापरीक्षणको कार्यविधिको छनौट गरि लेखापरीक्षण राय प्रदान गर्नको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरु प्राप्त गर्‍यौं। गल्तीको कारणले भन्दा जालसाजीको कारणले सारभुत रुपमा त्रुटीयुक्त वित्तीय विवरणको तयारी भएको पत्ता नलगाउनुको जोखिम बढी रहेको हुन्छ। किनभने, जालसाजीमा मिलेमतो, ठगी, जानाजानी छुटाउने

प्रवृत्ती, त्रुटीपूर्ण प्रस्तुति वा आन्तरिक नियन्त्रणको उलंघन भएको हुनसक्दछ।

- हामीले लेखापरीक्षणसँग सम्वन्धित प्रक्रियाहरु निर्धारण गर्नको लागि बैंकको आन्तरिक नियन्त्रणको जानकारी लियौं । तर यो जानकारी आन्तरिक नियन्त्रणको प्रभावकारिता बारे राय प्रदान गर्ने उद्देश्यको लागि होइन ।
- हामीले वित्तीय विवरण तयार गर्दा प्रयोग भएका लेखा नीतिहरुको उपयुक्तताको, लेखाअनुमानहरुको सान्दर्भिकताको तथा व्यवस्थापनद्वारा आवश्यक तथ्यहरुको पूर्ण खुलासा गरिएको यकिन गरेका छौं ।
- हामीले पाएसम्मको सूचना एवम् जानकारी अनुसार हामीले तय गरेका छौं कौ बैंक निरन्तर सम्म चल्न सक्ने (Going concern) भन्ने सारभूत रुपमा अनिश्चितता नरहेको, जसले गर्दा बैंक निरन्तर चल्न सक्ने क्षमता रहेको भन्ने व्यवस्थापनले लिएको आधार उचित रहेको छ। यदि हामीलाई बैंक निरन्तर चल्न सक्ने भन्ने सारभूत रुपमा अनिश्चितता रहेको छ भन्ने लागेमा हामीले हाम्रो प्रतिवेदनमा सम्वन्धित खुलासाप्रति ध्यानाकर्षण गराउनुपर्ने हुन्छ। यदि उक्त खुलासा पर्याप्त नभएको खण्डमा हाम्रो रायमा परिमार्जन गर्नुपर्ने हुन्छ। हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन पेश गर्दाको मिति सम्ममा प्राप्त गरेका प्रमाणहरुको आधारमा गरिएको हो। तर भविष्यको घटना तथा परिस्थितिले बैंक Going concern को रुपमा संचालन हुन नसक्ने अवस्थामा आउन सक्दछ।

हामीले सुशासन बहन गर्ने अख्तियारीहरुसँग अन्य विषयहरुका साथै योजना गरिएको लेखापरीक्षणको क्षेत्र एवम् समय र आन्तरिक नियन्त्रणका महत्वपूर्ण कमीहरु समेत गरी लेखापरीक्षणको क्रममा हामीले पहिचान गरेका महत्वपूर्ण विषयहरूको सूचना आदान प्रदान गर्छौं ।

## अन्य कानूनी तथा नियमनकारी आवश्यकताको प्रतिवेदन :

हाम्रो लेखापरीक्षणको आधारमा हामी निम्न बमोजिम थप जानकारी प्रदान गर्छौं ।

क) हाम्रो ज्ञान एवम् विश्वासमा लेखापरीक्षणको उद्देश्यको लागि आवश्यकता लागेसम्म हामीले माग गरेका जानकारी तथा स्पष्टीकरणहरु प्राप्त गरेका छौं ।

ख) वित्तीय विवरणहरु कम्पनी ऐन, २०६३ र नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तयार गरिएका छन्  र सो विवरणहरु बैंकले राखेको हिसावकितावसँग दुरुस्त रहेको छ।

ग) हामीले प्राप्त गरेसम्मको सूचना, स्पष्टीकरण र बैंकको हिसाबकिताबको लेखापरीक्षणको क्रममा बैंकका संचालक समिति वा कुनै कर्मचारीले जानीजानी लेखा सम्बन्धी कानूनी व्यवस्था विरुद्ध कामकाज गरेको वा हिसाव किताव हिनामिना गरेको वा बैंकलाई हानी नोक्सानी गरेको हाम्रो जानकारीमा आएको छैन।

घ) हामीले निक्षेपकर्ताको स्वार्थ जोखिममा पर्ने संकेत गर्ने बैंकका कुनै कार्य तथा गतिविधीहरु गरेको  जानकारी प्राप्त गरेका छैनौं ।

ङ) हामीले बैंकको हिसाबकिताबको लेखापरीक्षण गरेको आधारमा, बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पर्याप्त मात्रामा पुँजी कोष राखेको पाइएको छ साथै सम्पत्तीमा हुनसक्ने सम्भावित ह्रासको लागि यथोचित मात्रामा व्यवस्था गरेको पाइएको छ।

च) प्रचलित कानून अनुसार शेयरधनीहरु सामु पेश गर्नुपर्ने सम्पूर्ण वित्तीय तथा अन्य जानकारी र विषयहरु प्रदान गरेको पाइएको छ।

छ) बैंकको संचालन र वित्तीय विवरणहरुको उचित प्रस्तुतीकरणमा सान्दर्भिक आन्तरिक नियन्त्रणलाई हानि गर्ने कार्य तथा अवस्था हाम्रो जानकारीमा आएको छैन।

ज) बैंकको संचालन सन्तोषजनक रहेको पाइएको छ।

एफ. सि.ए. बिनय प्रकाश श्रेष्ठ
पार्ट्नर
बि.आर.एस. न्यौपाने एण्ड कं.
चार्टर्ड एकाउन्टेन्ट्स
UDIN 241030CA00116yayTQ

मितिः कात्तिक १३, २०८१ (October 29, 2024)
स्थानः काठमाडौं, नेपाल

# वित्तीय स्थिति विवरण

२०८१ साल आषाढ ३१ सम्मको

(रकम रु.)

| | नोट | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **सम्पत्ती** | | | |
| नगद तथा नगद सरह | ४.१ | ६६,५१२,०८३ | ६५,१०३,८०५ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४.२ | ७९२,९२४,८२० | ४५०,३७९,४५६ |
| बैंक तथा वित्तीय संस्थाहरुमा Placements | ४.३ | २,९६०,०००,००० | २,५३०,०००,००० |
| Derivative वित्तीय उपरकण | ४.४ | - | - |
| अन्य व्यापारिक सम्पत्ती | ४.५ | - | - |
| बैंक तथा वित्तीय संस्थाहरुलाई दिएको कर्जा तथा सापटी | ४.६ | - | - |
| ग्राहकहरुलाई दिएको कर्जा तथा सापटी | ४.७ | २०,८६४,९८५,७३३ | २०,०३७,७७६,८०७ |
| लगानी उपकरणहरु (Investment Securities) | ४.८ | ३,५७४,०११,१९५ | ४,६७८,६७८,६८६ |
| चालू कर सम्पत्ती | ४.९ | १९,१११,४०७ | ४२,०३४,४६८ |
| सहायक कम्पनीमा लगानी | ४.१० | - | - |
| एसोशियट कम्पनीमा लगानी | ४.११ | - | - |
| लगानी सम्पत्ती | ४.१२ | - | - |
| जायजेथा तथा उपकरण | ४.१३ | ७६,१४३,९५१ | ९५,६५४,७०३ |
| साख तथा अमुर्त सम्पत्ती | ४.१४ | १,७३२,०७८ | ३,७२०,६५१ |
| स्थगन कर सम्पत्ती | ४.१५ | ३,४४३,४७६ | ६२५,४१६ |
| अन्य सम्पत्तीहरु | ४.१६ | १६,४६८,९०५ | १७,८५८,५७८ |
| **कूल सम्पत्ती** | | **२८,३७५,३३३,६४८** | **२७,९२१,८३२,५७०** |

..........................................

**विनय नाथ न्यौपाने**
नायब-महाप्रवन्धक
स्रोत संकलन तथा संचालन

..........................................

**कृष्ण बहादुर अधिकारी**
प्रमुख कार्यकारी अधिकृत

..........................................

**अनुज अग्रवाल**
अध्यक्ष

..........................................

**श्रीकृष्ण नेपाल**
संचालक

..........................................

**रत्न राज बज्राचार्य**
संचालक

..........................................

**लालमणी जोशी**
संचालक

..........................................

**महेश प्रसाद दहाल**
संचालक

..........................................

**लिमा अधिकारी**
संचालक

..........................................

**प्रवीण सुवेदी**
संचालक

सोहि मितिको हाम्रो
संलग्न प्रतिवेदन अनुसार

..........................................

**एफ.सि.ए. बिनय प्रकास श्रेष्ठ**
पार्टनर
बि.आर.एस न्यौपाने एण्ड कं.
चार्टर्ड एकाउन्टेन्ट्स्

मिति: **२०८१।०७।१३**
स्थान: **काठमाडौं, नेपाल**

क्रमशः वित्तीय स्थिति विवरण

(रकम रु.)

| | नोट | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **दायित्व** | | | |
| बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी | ४.१७ | १५०,०८६,३०१ | ४५०,०६५,७५३ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | ४.१८ | - | - |
| Derivative वित्तीय उपकरण | ४.१९ | - | - |
| ग्राहकहरुबाट संकलित निक्षेप | ४.२० | ८२९,८५६,४१५ | ८९१,६६९,९५० |
| सापटी | ४.२१ | - | - |
| चालू कर दायित्व | ४.९ | - | - |
| व्यवस्था (Provisions) | ४.२२ | - | - |
| स्थगन कर दायित्व | ४.१५ | ११९,७००,००० | - |
| अन्य दायित्वहरु | ४.२३ | ४६९,८८८,१५१ | ४७४,९०३,४८४ |
| ऋणपत्र जारी | ४.२४ | २,२८२,७७८,६९६ | २,२८१,७४०,३४७ |
| Subordinated दायित्वहरु | ४.२५ | - | - |
| **कूल दायित्व** | | **३,८५२,३०९,५६३** | **४,०९८,३७९,५३४** |
| **पुँजी** | | | |
| शेयर पुँजी | ४.२६ | २१,६००,०००,००० | २१,६००,०००,००० |
| शेयर प्रिमियम | | - | - |
| संचित मुनाफा | | ७६९,५३४,६१८ | १,०११,१६४,८७२ |
| जगेडा तथा कोषहरु | ४.२७ | २,१५३,४८९,४६७ | १,२१२,२८८,१६४ |
| **शेयरधनीहरुमा निहित कूल पुँजी** | | २४,५२३,०२४,०८५ | २३,८२३,४५३,०३६ |
| नियन्त्रण नरहेको स्वार्थ (Non Controlling Interest) | | - | - |
| **कूल पुँजी** | | **२४,५२३,०२४,०८५** | **२३,८२३,४५३,०३६** |
| **कूल दायित्व तथा पुँजी** | | **२८,३७५,३३३,६४८** | **२७,९२१,८३२,५७०** |
| सम्भावित दायित्व तथा प्रतिबद्धता | ४.२८ | ५५९,८३९,९३८ | ५४५,७३७,०६६ |
| प्रतिशेयर खुद सम्पत्ती मूल्य | | ११३.५३ | ११०.२९ |

..........................................

**विनय नाथ न्यौपाने**
नायव-महाप्रवन्धक
स्रोत संकलन तथा संचालन

..........................................

**कृष्ण बहादुर अधिकारी**
प्रमुख कार्यकारी अधिकृत

..........................................

**अनुज अग्रवाल**
अध्यक्ष

..........................................

**श्रीकृष्ण नेपाल**
संचालक

..........................................

**रत्न राज बज्राचार्य**
संचालक

..........................................

**लालमणी जोशी**
संचालक

..........................................

**महेश प्रसाद दहाल**
संचालक

..........................................

**लिमा अधिकारी**
संचालक

..........................................

**प्रवीण सुवेदी**
संचालक

सोहि मितिको हाम्रो
संलग्न प्रतिवेदन अनुसार

मितिः **२०८१।०७।१३**
स्थानः **काठमाडौं, नेपाल**

..........................................

**एफ.सि.ए. बिनय प्रकास श्रेष्ठ**
पार्टनर
बि.आर.एस न्यौपाने एण्ड कं.
चार्टर्ड एकाउन्टेन्ट्स्

# नाफा वा नोक्सान विवरण

०१ श्रावण २०८० देखि ३१ आषाढ २०८१ सम्म (रकम रु.)

| | नोट | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| अपलेखन गरिएको कर्जाको असूली | - | - |
| अन्य आम्दानी | १२०,५०० | १५२,६१३ |
| **जम्मा** | **१२०,५००** | **१५२,६१३** |

## गैर-संचालन खर्च

**४.४०**

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| कर्जा अपलेखन | - | - |
| Redundancy व्यवस्था | - | - |
| पुनर्संरचना खर्च | - | - |
| अन्य खर्च | ५५९,८८१ | १४०,७४४ |
| **जम्मा** | **५५९,८८१** | **१४०,७४४** |

## आयकर खर्च

**४.४१**

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **चालू कर खर्च** | | |
| यसवर्ष | ५७२,७१५,६३८ | ५९९,२०३,८८३ |
| चालू वर्ष | २०७,४२३ | (१,०९५,०१६) |
| **स्थगन कर खर्च** | | |
| अस्थायी फरकको सृजना तथा फिर्ता | (२,८१८,०६०) | (४८०,८७३) |
| करको दरमा परिवर्तन | - | - |
| अघिल्ला अवधिको पहिचान नभएको कर नोक्सानीको पहिचान | - | - |
| **जम्मा आयकर खर्च** | **५७०,१०५,००१** | **५९७,६२७,९९४** |

### ४.४१.१ : कर खर्च र कितावी मुनाफाको हिसाव मिलान

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| करअघिको मुनाफा | १,८९९,९४५,८४१ | १,९९६,८२०,७९९ |
| कर रकम ३० प्रतिशतको दरले | ५६९,९८३,७५२ | ५९९,०४६,२४० |
| जोड: कर प्रयोजनको लागि अमान्य खर्चको कर प्रभाव | १,२४४,४७७ | १,४०३,११२ |
| घटाउ: कर नलाग्ने आम्दानीको कर प्रभाव | - | - |
| घटाउ: अन्य शिर्षकमा कर प्रभाव | | |
| आय कर ऐन अनुसार अधिक ह्रास कट्टिमा करको प्रभाव | (३,१२१,१७७) | (२,०६९,७०३) |
| स्थगन कर (खर्च)/आम्दानी | २,८१८,०६० | ४८०,८७३ |
| अन्य | (१,४२६,३४५) | (४,४१०,१८८) |
| **जम्मा आयकर खर्च** | **५७०,१०५,००१** | **५९७,६२७,९९४** |
| **प्रभावकारी करको दर** | **३०%** | **३०%** |

# वितरणयोग्य नाफा वा नोक्सान विवरण

०१ श्रावण २०८० देखि ३१ आषाढ २०८१ सम्म

(नेपाल राष्ट्र बैंकको नियमानुसार)

(रकम रु.)

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **२०८० श्रावण १ गतेको संचित मुनाफा** | **१,०११,१६४,८७२** | **९४६,२९२,६७४** |
| समायोजन/पुनरलेखन | (१०१,७९१) | २६८,१७६ |
| बोनस शेयर जारी तथा नगद लाभांश भूक्तानी | (९०९,४६८,०००) | (९०९,४६८,०००) |
| **नाफा वा नोक्सान विवरण अनुसार खुद मुनाफा वा (नोक्सान)** | **१,३२९,८४०,८४०** | **१,३९९,१९२,८०४** |
| **बाँडफाँड** | | |
| क) साधारण जगेडा कोष | (२६५,९६८,१६८) | (२७९,८३८,५६१) |
| ख) सटही घटवढ कोष | - | - |
| ग) पुँजी फिर्ता कोष | - | - |
| घ) संस्थागत सामाजिक उत्तरदायित्व कोष | (१०,१४८,४०८) | (१२,७६१,९२८) |
| ङ) कर्मचारी तालिम कोष | - | २,६६०,७३८ |
| च) अन्य | - | - |
| **नियमनकारी समायोजन अधिको नाफा वा (नोक्सान)** | **१,१५५,३१९,३४५** | **१,१४६,३४५,९०३** |
| **नियमनकारी समायोजन** | | |
| क) असूल हुन बाँकी मुल्तवी ब्याज (-) / अघिल्लो अवधिको प्राप्त हुन बाँकी ब्याज असूल (+) | (३४१,२३५,४६७) | (१३४,७००,१५९) |
| ख) कर्जा नोक्सानी व्यवस्थामा कमी (-) / फिर्ता (+) | - | - |
| ग) लगानीमा सम्भावित नोक्सानी व्यवस्थामा कमी (-) / फिर्ता (+) | - | - |
| घ) गैर-बैंकिंग सम्पत्तीमा नोक्सानी व्यवस्थामा कमी (-) /फिर्ता (+) | - | - |
| ङ) स्थगन कर सम्पत्तीको पहिचान (-) र फिर्ता (+) | (२,८१८,०६०) | (४८०,८७३) |
| च) साख पहिचान (-) र साखमा क्षय ह्रास (+) | - | - |
| छ) Bargain Purchase लाभ पहिचान (-) / फिर्ता (+) | - | - |
| ज) एक्चुरियल नोक्सान पहिचान (-) / फिता (+) | - | - |
| झ) अन्य (+/-) | (४१,७३१,२००) | - |
| **वितरणयोग्य मुनाफा वा (नोक्सान)** | **७६९,५३४,६१८** | **१,०११,१६४,८७२** |

# वित्तीय विवरण सम्बन्धी महत्वपुर्ण लेखानीति तथा टिप्पणीहरू

श्रावण १ २०८० देखि ३१ आषाढ २०८१ सम्मको

## १. प्रतिवेदन प्रस्तुत गर्ने निकाय:

नेपाल ईन्फ्रास्ट्रचर बैंक लिमिटेड (यस पछि "बैंक" भनिएको) ८ जुन, २०१८ मा कम्पनी ऐन २०६३ बमोजिम स्थापना भएको पब्लिक लिमिटेड कम्पनी हो । नेपाल राष्ट्र बैंकबाट राष्ट्रियस्तरको पूर्वाधार बिकास बैंकको ईजाजतपत्र प्राप्त गरी बैंकले मिति ६ मार्च २०१९ देखि व्यवसायिक कारोवार सञ्चालन गर्दै आएको छ। बैंकको रजिष्टर्ड कार्यालय का.म.न.पा. १० मा अवस्थित रहेको छ । बैंकको साधारण शेयरहरु नेपाल स्टक एक्सेन्जमा सूचिकृत छन् ।

## २. वित्तीय विवरण तयारीको आधार

### २.१. अनुपालना सम्वन्धी विवरण (statement of compliance)

बैंकको वार्षिक वित्तीय विवरण नेपाल लेखामान बोर्डबाट जारि भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा लागू गरिएको नेपाल वित्तीय प्रतिवेदन मान अनुसार बैंक निरन्तर चलिरहने संस्थाको आधारमा (Going Concern Basis) नेपाल राष्ट्र बैंकबाट जारी ढाँचा बमोजिम तयार गरिएको छ ।

### २.२. वित्तीय विवरणको प्रतिवेदन अवधि र स्वीकृति

बैंकले नेपाली आर्थिक बर्षलाई अनुशरण गरी आर्थिक बर्ष तय गर्ने गरेको छ । प्रतिवेदन अवधि श्रावणको पहिलो दिनबाट शुरु भई अर्को बर्षको आषाढ मसान्तमा समाप्त हुने गर्दछ । वित्तीय प्रतिवेदन अवधिको सम्बन्धित ईस्वी सम्वत प्रतिवेदन मिति निम्न रहेको छ :

| सम्बन्धित वित्तीय विवरण | नेपाली आ.व.को अवधि | अंग्रेजी अवधि |
|---|---|---|
| तुलनात्मक वित्तीय स्थितिको विवरण मिति | ३१ आषाढ २०८० | १६ जुलाई, २०२३ |
| तुलनात्मक प्रतिवेदन अवधि | १ श्रावण २०७९-<br>३१ आषाढ २०८० | १७ जुलाई, २०२२-<br>१६ जुलाई, २०२३ |
| वित्तीय स्थितिको विवरण मिति | ३१ आषाढ २०८१ | १५ जुलाई, २०२५ |
| प्रतिवेदन अवधि | १ श्रावण २०८०-<br>३१ आषाढ २०८१ | १७ जुलाई, २०२३-<br>१५ जुलाई, २०२४ |

बैंकको वित्तीय विवरण १३ कार्तिक २०८१ मा बसेको संचालक समितिको बैठकबाट स्वीकृत भई जारी गर्नको लागि अख्तियार प्रदान गरिएको छ साथै उक्त वित्तीय विवरण बार्षिक साधारण सभामा स्वीकृतीको लागि सिफारिस गरिएको छ ।

तुलनात्मक प्रतिवेदनका रकमहरुलाई उचित प्रस्तुतीकरणका लागी तथा नेपाल वित्तीय प्रतिवेदनमान र नियमकानूनको व्यवस्था अनुरुप आवश्यकता अनुसार पुनर्वर्गीकरण तथा पुनरलेखन गरिएको छ ।

### २.३. कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा

वित्तीय विवरणलाई नेपाली रूपैयामा प्रस्तुतीकरण गरिएको छ र यो नै बैंकको कार्यात्मक मुद्रा रहेको छ । रकमहरूलाई अन्यथा उल्लेख गरिएको बाहेक प्रस्तुत गर्दा नजिकको रूपैयामा प्रस्तुत गरिएको छ ।

### २.४. निर्णय तथा अनुमानहरुको प्रयोग (Use of estimates, assumptions & judgements)

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले उपयुक्त तथा समुचित अनुमानहरू तथा निर्णयहरु गर्नुपर्ने हुन्छ, जसले वित्तीय विवरणमा सारभूत असर पारेको हुन सक्दछ । यस किसिमका अनुमान तथा निर्णयले बैंकको लेखानीति तथा सम्पत्ती, दायित्व, आम्दानी र खर्चको रकमहरूलाई समेत असर पुऱ्याउने गर्दछ ।

व्यवस्थापनले तय गरेका अनुमान र अन्तर्निहित धारणा समयसापक्ष उचित तथा व्यवहारिक भए नभएको निरन्तर रूपमा पुनरावलोकन गर्ने गरिन्छ । यसरी लेखांकन अनुमानहरूको परिवर्तन हुँदा त्यसको पहिचान अनुमान परिवर्तन अवधि पश्चातका अवधिमा (prospectively) गर्ने गरिएको छ ।

वित्तीय विवरणमा लेखानीतिको प्रयोग गर्दा प्रस्तुत गरिएका र कममा उल्लेखनिय प्रभाव पार्ने महत्वपूर्ण अनुमान र धारणाका क्षेत्रहरू देहाय बमोजिम रहेको छ :

वित्तीय विवरणमा लेखानीतिको प्रयोग गर्दा प्रस्तुत गरिएका रकममा उल्लेखनीय प्रभाव पार्ने महत्वपूर्ण अनुमान र धारणाका क्षेत्रहरू देहाय बमोजिम रहेको छ :

- निरन्तर चलिरहने (Going Concern)
- वित्तीय उपकरणको उचित मूल्य (Fair Value of Financial Instruments)
- वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Financial Liabilities)
- जायजेथा तथा उपकरणहरुको प्रयोग हुनसक्ने आर्थिक अवधि (Useful Economic Life of Property and Equipment)
- आयकर तथा स्थगन कर (Taxation and Deferred Tax)
- दायित्व तथा सम्भावित दायित्वको व्यवस्था (Provisions for Liabilities and Contingencies)

### २.५. लेखानीति परिवर्तन

चालु अवधिमा बैंकको लेखानीतिमा कुनै उल्लेखनीय परिवर्तन भएको छैन ।

**२.६ जारी भएको तर कार्यान्वयनमा आउन बाँकी नयाँ लेखामानहरु**

ICAN बाट विभिन्न प्रभावकारी मिति सहित नेपाल वित्तीय प्रतिवेदनमानको घोषणा पश्चात् पनि अन्तर्राष्ट्रिय लेखामान बोर्डद्वारा धेरै नयाँ तथा संशोधित मापदण्डहरू / तीनका व्याख्याहरु जारी गरिएका छन्, जसलाई नेपाल लेखामान बोर्डले NFRS मा समावेश गरे पश्चात् मात्र लागू हुने गर्दछ । बैंकले क्षय ह्रास सम्बन्धी आवश्यकताहरू बाहेक NFRS ९ का सबै व्यवस्थाहरू पालना गरिरहेको छ, जसको लागि ICAN द्वारा जारी आ.व. २०८०-८१ सम्मको कार्भ-आउटको पालना गरिएको छ ।

**२.७ लागू नगरिएका नयाँ लेखामान र तिनीहरुको व्याख्या**

नेपाल लेखामान बोर्डले कार्यान्वयनका लागि जारी गरेका सम्पूर्ण लेखामान carve-outs समेत गरी लागू गरिएको छ ।

**२.८ समायोजित व्याजदरको प्रयोग (Discounting)**

बैंकले समायोजित व्याजदरको प्रयोग गर्दा सारभूत रुपमा असर पर्ने गैर चालु सम्पत्ती तथा दायित्वहरुमा समायोजित व्याजदरको प्रयोग गरिएको छ ।

## ३. महत्वपूर्ण लेखानीतिहरु (Significant Accounting Policies)

**३.१. मापनको आधार (Basis of measurement)**

बैंकले विवरणमा अन्यथा उल्लेख गरिएको बाहेक वित्तीय विवरण तयार गर्दा सम्पत्ती तथा दायित्वहरूलाई प्रोदभावी लेखा आधार र ऐतिहासिक लागत आधारमा तयार गरिएको छ ।

**३.२ एकीकृत प्रतिवेदनको आधार (Basis of Consolidation)**

**क) व्यवसायको एकिकरण** (Business combination)

बैंकले लगानी गरेको सहायक कम्पनीहरुको acquisition बिधिबाट लेखांकन गर्ने गरिएको छ । Acquisition को लागत निर्धारण गर्दा हस्तान्तरण मितिमा रहेको सम्पत्तीको उचित मोल, जारी गरिएको इक्युटी उपकरण र लागेको वा ग्रहण गरेको दायित्वका साथै सम्भावित प्रतिफल भुक्तानी बाँकीको उचित मोलका आधारमा कायम गरिएको छ । बैंकले सहायक कम्पनी acquisition गर्दा लागेको लागत खुद सम्पत्ती र सम्भावित दायित्व रकमभन्दा अधिक भएको खण्डमा साख (Goodwill) का रूपमा लेखांकन गर्ने गरिएको छ । Acquisition लागत लगानी गरिएको सहायक निकायको खुद सम्पत्ती र संभावित दायित्वको उचित मोल भन्दा कम भएको खण्डमा उक्त कम रकमलाई प्रत्येक्ष रूपमा आय विवरणमा पहिचान गर्ने गरिएको छ ।

प्रतिवेदन मितिमा बैंकको कुनै सहायक कम्पनी रहेको छैन ।

**ख) नियन्त्रणमा नरहेको स्वार्थ (non-controlling interest)**

नियन्त्रणमा नरहेको स्वार्थको मापन उचित मोलका आधारमा वा सहायक कम्पनीको पहिचानगोग्य खुद सम्पत्तीमा नियन्त्रणमा नरहेको स्वार्थको समानुपातिक शेयरका आधारमा कायम गरिन्छ ।

**ग) सहायक कम्पनीहरू (subsidiaries)**

सहायक कम्पनीहरू ती सबै निकाय र संरचनात्मक निकायहरू पर्दछन्, जसमा बैंकको नियन्त्रण रहेको हुन्छ । बैंकले कुनै निकायमा संलग्न भई प्रतिफलमा असर गर्ने अधिकार राख्दछ वा यसको क्षमताले उक्त कम्पनीको प्रतिफलमा असर पार्न सक्दछ भने यस अवस्थामा नियन्त्रणमा रहेको मानिन्छ । नियन्त्रण क्षमताको मूल्यांकन गर्दा बैंकको आफ्नो लाभको लागि सम्बन्धित निकायको उचित कृयाकलापमा एकतर्फी प्रभाव पार्न सक्छ, सक्दैन यकिन गर्ने र एक वा एकभन्दा बढी नियन्त्रण तत्वहरू परिवर्तन भएमा मात्र असर गर्दछ भन्ने पुनमूल्यांकन गर्नुपर्दछ । बैंकले प्रभावकारी नियन्त्रण लिएको दिनवाट सहायक कम्पनीको एकिकृत वित्तीय विवरण तयार गरिन्छ । कम्पनीमा नियन्त्रण नरहेको मितिदेखि नै एकिकृत विवरण तयार गर्न रोक लगाइन्छ । यदी सहायक निकायमा तत्पश्चात् पनि वित्तीय स्वार्थ रहेमा उक्त स्वार्थलाई उचित मोलमा मापन गरी सो को खुद किताव मोलसंगको परिवर्तन रकमलाई आम्दानी विवरणमा पहिचान गरिन्छ ।

**घ) नियन्त्रण गुमाउनु**

बैंकको कुनै सहायक कम्पनी नभएको हुँदा यो व्यवस्था बैकलाई लागू हुँदैन ।

**ङ) विशेष उद्देश्यको निकाय (Special purpose entity)**

विशेष उद्देश्यको निकाय भन्नाले त्यस्तो निकाय हो, जसको संरचना विशेष तवरले गरिएको हुन्छ, जसमा बैंकको मतदान वा सोही प्रकारका अधिकारले उक्त निकायमा नियन्त्रण राख्छ राख्दैन भन्ने कुराको निधो गर्दैन । निकायसँगको सम्झौतामा उल्लेखित व्यवस्था अनुरूप विशेष उद्देश्यगत निकायमा रहने अधिकार र उचित कृयाकलाप निर्धारण हुने गर्दछ । सामान्यतय कृयाकलापहरुमा केहि बन्देज सहित सिमित तथा उचित परिभाषित उदेश्य प्राप्तीका लागी विशेष उद्देश्यका निकायको सिर्जना गर्ने गरिन्छ । यस्ता निकायका करार अन्तर्गतका कृयाकलाप उपर अधिकार रहेमा, बैंक ती निकायको अस्थिर प्रतिफलप्रति उजागर भएमा र उक्त प्रतिफललाई प्रभाव पार्नसक्ने क्षमता राख्दछ भने यस्ता विशेष उद्देश्यगत निकायलाई एकीकृत गर्नुपर्दछ ।

बैंकका प्रतिवेदन मिति सम्म कुनै विशेष उदेश्यगत निकाय रहेको छैन ।

**च) एकीकृत विवरणमा हटाइएका कारोवार**

बैंकको कुनै सहायक निकाय नभएकोले सम्बद्ध कारोबार एकिकृत गर्नुपर्ने र हटाउनुपर्ने नभएको ।

### ३.३ नगद तथा नगद सरह

यसअन्तर्गत निकायमा रहेको नगद रकम, बैंक तथा वित्तीय संस्थामा रहेको मैज्दात, माग तथा अल्प-सूचनाका आधारमा प्राप्त हुने रकम र यस किसिमका अधिक तरल सम्पत्ती जसको प्राप्त गर्दाको मितिमा सो को परिपक्व मिति ३ महिना वा सो अवधिभन्दा कम भएको जसको उचित मोलमा उल्लेखनीय परिवर्तन हुने सम्भावना कम रहेको हुन्छ । इजाजतप्राप्त निकायले छोटो अवधिको प्रतिवद्धता पूर्तिको व्यवस्थापन गर्न यसको प्रयोग गर्ने गर्दछ ।

### ३.४ वित्तीय सम्पत्ती र वित्तीय दायित्वहरू (Financial assets & financial liabilities)

#### ३.४.१ पहिचान (Recognition)

बैंकले करारको व्यवस्था बमोजिम वित्तीय उपकरणको पक्षधार भएको खण्डमा मात्र वित्तीय सम्पत्ती वा वित्तीय दायित्वलाई वित्तीय स्थितिको विवरणमा शुरूवाती पहिचान गर्ने गर्दछ । बैंकले ऋण तथा पेश्की, धरौटी र अन्य सुरक्षण र Subordinated liabilities उपकरण आदीको शुरू उत्पत्ती भएको मितिमा जुन दिन बैंक उपकरणको करार व्यवस्थाको पक्षधर हुन्छ, सोही मितिमा पहिचान गर्दछ ।

बैंकले इक्युटी उपकरणमा, ऋणपत्र, सरकारी सुरक्षणपत्र, नेपाल राष्ट्र बैंकको ऋणपत्र वा निक्षेप लिलामी, रिभर्ष रिपोस, खरीद अधिकार लगायत लगानीहरूलाई बैंकले वित्तीय सम्पत्ती खरिद गर्ने प्रत्याभूति जारी गरेको व्यवसायिक मितिमा पहिचान गर्ने गरिन्छ । वित्तीय सम्पत्तीको साधारण खरीद तथा बिक्रीलाई ब्यसायिक मितिमा (यस्तो मिति जहा बैंकले खरीद वा बिक्री गर्ने प्रत्याभूति जारी गर्दछ) पहिचान गर्ने गरिन्छ ।

#### ३.४.२ बर्गीकरण (Classification)

**क) वित्तीय सम्पत्ती**

बैंकले आफ्नो वित्तीय सम्पत्ती व्यवस्थापन गर्ने आफ्नो व्यवसायिक मोडलको आधारमा र वित्तीय सम्पत्तीको करार अनुसारको नगद प्रवाहको आधारमा Amortized लागतमा मापन गर्ने वा उचित मोलमा मापन गर्ने गरी वर्गिकरण गरिएको छ । वित्तीय सम्पत्तीका दुई बर्गीकरण देहाय बमोजिम रहेको छ :

**i. Amortized लागतमा मापन गरिने बित्तीय सम्पत्ती**

निम्नलिखित दुवै अवस्थाहरु पूरा भएको अवस्थामा "Amortized लागत" मा वर्गीकरण गरिन्छ :

अ) कुनै वित्तीय सम्पत्ती प्राप्ति गर्दा सोलाई पूरै करार अवधि सम्मै निसर्ग नगरी सम्पत्तीको सम्झौता अनुसारको नगद प्रवाह सँकलन गर्ने धारण राख्ने उद्देश्य भएको, र

आ) सम्झौता गरिएको शर्तमा उल्लेख गरे बमोजिम तोकिएको मितिमा हुने नगद प्रवाह बाँकी रहेको सावा तथा त्यसमा पाकेको व्याजको भुक्तानीको मात्र हुने ।

**विस्तृत टिप्पणी**

यस बैंकको मिति ३१ आषाढ २०८१ मा रहेको Amortized लागतमा मापन गरिएको वित्तीय सम्पत्ती देहाय बमोजिम रहेको छ :

| विवरण | रकम रु. "000" मा |
|---|---|
| नगद मौज्दात | १० |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ६६,५०२ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ७९२,९२४ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मुद्धति मौज्दात | २,९६०,००० |
| ग्राहकसँग लिनबाँकी कर्जा तथा सापटी रकम | २०,८६४,९८५ |
| धितोपत्रहरुमा लगानी | ३,५७४,०११ |

ग्राहकसँग लिन बाँकी कर्जा तथा सापटी र धितोपत्रहरुमा लगानी रकममा क्रमश: रु. ४७६,५३१,०२७ र रु. १८,८९८,१९५ पाउनुपर्ने व्याज समावेश रहेको छ ।

**ii. उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ती**

Amortized लगातमा मापन गरिएको बाहेक अन्य सबै वित्तीय सम्पत्तीलाई उचित मूल्यमा मापन गरिन्छ । उचित मूल्यमा मापन गरिएका वित्तीय सम्पत्तीलाई देहाय बमोजिम पुन: दुई बर्गमा वर्गीकरण गरिएको छ :

**अ. उचित मूल्य नाफा वा नोक्सान मार्फत समायोजन हुने वित्तीय सम्पत्ती (Financial assets at fair value through profit or loss/FVTPL)**

कम अवधिमा व्यापारिक प्रयोजनका लागि राखिएका वित्तीय सम्पत्ती वा नाफा नोक्सान मार्फत उचित मूल्यको समायोजन हुने निर्दिष्ट गरेको खण्डमा त्यस्तो वित्तीय सम्पत्तीलाई यस अन्तर्गत वर्गीकरण गरिन्छ । यस प्रकारका वित्तीय सम्पत्तीमा प्रारम्भिक खरीद गर्दा हुने कारोवार खर्च यकिन हुने समयमानै नाफा नोक्सान विवरणमा पहिचान गर्ने गरिन्छ । यस वित्तीय सम्पत्तीलाई प्रारम्भिक मिति पश्चात्का अवधिमा उचित मूल्यमा मापन गरी त्यसमा हुन गएको फरक रकमलाई नाफा नोक्सान विवरणमा पहिचान गरिन्छ ।

बैंकको प्रतिवेदन मितिमा उचित मूल्यमा मापन गरी नाफा नोक्सान मार्फत समायोजन हुने वित्तीय सम्पत्ती रहेको छैन ।

**आ. उचित मूल्य अन्य विस्तृत आय विवरण मार्फत समायोजन हुने वित्तीय सम्पत्ती (Financial assets at fair value through other comprehensive income/FVTOCI)**

इक्युटीमा लगानी ब्यापारिक प्रयोजनले नगरिएको र प्रारम्भिक पहिचान गर्दा उचित मोलमा भएको परिवर्तलाई बिस्तृत आय विवरण मार्फत समायोजन हुनेगरी अपरिवर्तित छनौट भएको खण्डमा त्यस्तो वित्तीय सम्पत्तीलाई उचित मूल्य अन्य बिस्तृत आय विवरण मार्फत समायोजन हुने वित्तीय सम्पत्ती अन्तर्गत राख्नु पर्दछ । यस प्रकारको सम्पत्तीको प्रारम्भिक पहिचान पश्चात उचित मूल्यमा मापन गर्नुपर्दछ र उचित मूल्यमा हुने फरकलाई अन्य बिस्तृत आय विवरण मार्फत समायोजन गर्नुपर्दछ ।

**विस्तृत टिप्पणी**

यसअन्तर्गत नेपाल वेयरहाउसिङ कम्पनी लिमिटेडको इक्विटीमा गरिएको लगानी समावेश छ । उक्त लगानीले लगानी गरिएको संस्थामाथि नियन्त्रण वा महत्त्वपूर्ण प्रभाव पार्दैन । सो लगानी अन्य विस्तृत आम्दानी (FVTOCI) मार्फत उचित मूल्यमा मापन गर्ने गरी तोकिएको छ, जुन अनुसूची ४.८ अन्तर्गत प्रस्तुत गरिएको छ ।

नेपाल वेयरहाउसिङ कम्पनी लिमिटेडको सुचीकृत शेयरमा भएको लगानीलाई मूल्याङ्न पदानुक्रमको स्तर-१ को इनपुट (Level-1 input of valuation hierarchy) अनुसार बजार मूल्य (नेप्सेमा रु. ८९८ प्रतिशेयर) मा मूल्य निर्धारण गरिएको छ । सो उचित मूल्यमा भएको परिवर्तन (रु. ३९.९० करोड) लाई विस्तृत आम्दानी विवरणमा प्रस्तुत गरिएको छ ।

**ख) वित्तीय दायित्वहरू (Financial liabilities)**

बैंकले वित्तीय दायित्वहरूलाई देहाय बमोजिम वर्गीकरण गरेको छः

**अ. उचित मूल्य नाफा वा नोक्सान मार्फत समायोजन हुने वित्तीय दायित्व (Financial liabilities at fair value through profit or loss/ FVTPL)**

व्यापारिक प्रयोजनका लागि ग्रहण गरिएको वित्तीय दायित्व वा नाफा नोक्सान मार्फत उचित मूल्य समायोजन हुने निर्दिष्ट गरेको खण्डमा त्यस्तो वित्तीय दायित्वहरुलाई यस अन्तर्गत वर्गीकरण गरिन्छ । यस प्रकारका वित्तीय दायित्वहरु प्रारम्भिक ग्रहण गर्दा हुने कारोवार खर्च यकिन हुनासाथ नाफा नोक्सान विवरणमा पहिचान गर्ने गरिन्छ । प्रारम्भिक मिति पश्चात्का उचित मूल्यमा भएको परिवर्तनलाई नाफा नोक्सान विवरणमा पहिचान गरिन्छ ।

प्रतिवेदन मितिमा बैंकको यस प्रकारको उचित मूल्य नाफा नोक्सान विवरण मार्फत समायोजन हुने वित्तीय दायित्वहरु रहेको छैन ।

**ii. Amortized लागतमा मापन हुने वित्तीय दायित्वहरु**

उचित मूल्य नाफा नोक्सान विवरण मार्फत समायोजन हुने बाहेकका सम्पूर्ण वित्तीय दायित्वहरू प्रभावकारी व्याज दरको प्रयोग गरी Amortized लागतमा मापन गरिन्छ ।

**विस्तृत टिप्पणी**

प्रतिवेदन मितिमा बैंकले Amortized लागतमा मापन गरेको वित्तीय दायित्व देहाय बमोजिम रहेको छ ।

| विवरण | रकम रू. "000" मा |
|---|---|
| ग्राहकहरूको निक्षेप संकलन | ८२९,८५६ |
| बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी | १५०,०८६ |
| जारी गरिएको ऋणपत्र | २,२८२,७७८ |

ग्राहकहरूको निक्षेप संकलनमा चल्ती तथा escrow खातामा रहेको रकम संलग्न छ । बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकीमा ७ दिनको अन्तर बैंक सापटीको रकम संलग्न रहेको छ । जारी गरिएको ऋणपत्रलाई परिशोधन हुन बाँकी ऋणपत्र जारी लागत घटाई प्रस्तुत गरिएको छ ।

**३.४.३ मापन (Measurement)**

**प्रारम्भिक मापन (Initial measurement)**

वित्तीय सम्पत्ती तथा दायित्वलाई प्रारम्भिक मितिमा उचित मूल्यमा मापन गरिन्छ । नाफा नोक्सान मार्फत उचित मूल्य समायोजन हुने वित्तीय उपकरण बाहेक अन्य उपकरणको खरीद तथा जारी गर्दा लाग्ने कारोवार लागतलाई समेत माथी उल्लेखित उचित मूल्यमा जोडगरी मापन गरिन्छ । त्यस्तै नाफा नोक्सान मार्फत उचित मूल्य समायोजन हुने वित्तीय सम्पत्ती तथा दायित्वहरूमा भएको कारोबार लागतलाई नाफा नोक्सान हिसाव विवरणमा पहिचान गरिन्छ ।

**प्रारम्भिक मिति पश्चात्को मापन (Subsequent measurement)**

वित्तीय सम्पत्ती तथा दायित्वहरूलाई प्रारम्भिक मापन पश्चात् उचित मूल्य वा amortized लागत मध्ये एकमा मापन गरिन्छ । Amortized लागतमा मापन हुने वित्तीय सम्पत्ती तथा दायित्वहरूलाई प्रभावकारी व्याजदर विधिको प्रयोगले मापन गरिन्छ ।

Amortized लागतमा मापन गरिएका सम्पत्ती तथा दायित्वहरूको मापन रकम यकिन गर्दा प्रारम्भिक पहिचान मितिमा भएको लागतमा, साँवा भुक्तानी कट्टी गरी, संचित परिशोधन खर्चको समायोजन पश्चातको लागतलाई प्रभावकारी व्याजदर बिधिले गणना गरी निर्धारण गरिन्छ । यसरी रकम निर्धारण गर्दा प्रारम्भिक मिति र maturity मितिमा हुने फरक रकम, क्षय नोक्सानी र असूल वा प्राप्त हुन नसक्ने रकम समेतलाई समायोजन गर्नुपर्ने हुन्छ ।

बैकले ने.वि.प्र.मान-९ "वित्तीय उपकरण" ले निर्दिष्ट गरेअनुरूपको वर्गीकरण र मापन विधि अपनाएको छ ।

**३.४.४. उचित मूल्यको निर्धारण (Determination of fair value)**

उचित मूल्य भन्नाले त्यस्तो मूल्य हो, जुन बजार सहभागी बीच मापन मितिमा सम्पत्ती प्राप्त गर्दा तिर्ने मूल्य वा दायित्व हस्तातरण गर्दा भुक्तानी गरिने उचित कारोबार रकमलाई जनाउदछ । उचित मूल्य नेपाल वित्तीय प्रतिवेदनमान-१३ मा उल्लेख भए बमोजिम निर्धारण गरिएको छ ।

**३.४.५ वित्तीय सम्पत्ती तथा दायित्वहरूको क्षय ह्रास (Impairment of financial assets/ liabilities)**

प्रत्येक प्रतिवेदन मितिमा बैंकले कुनै पनि वित्तीय सम्पत्ती वा दायित्व क्षयह्रास भए नभएको वस्तुगत प्रमाणका आधारमा मूल्यांकन गर्ने गर्दछ । सम्पत्तीको प्रारम्भिक मापन पश्चात्का कुनै एक वा एकभन्दा बढी घटनाले वित्तीय

सम्पत्ती तथा दायित्वमा क्षयह्रास भएको वस्तुगत प्रमाण उपलब्ध गराएको खण्डमा र त्यस्तो घटनाले गर्दा भविष्यमा प्राप्त हुने अनुमानित नगद प्रवाहलाई समेत प्रभाव पार्ने र विश्वसनीय तवरले निर्धारण गर्न सकिने भए क्षयह्रास भएको यकिन गरिन्छ ।

क्षयह्रास सम्बन्धमा एकल वा अलगरूपमा घटनालाई पहिचान गर्ने सम्भावना न्यून रहन्छ । यसका अलवा अनेक घटनाहरूको संयुक्त प्रभावले भने क्षयह्रासको कारण बन्न सक्दछन् । क्षयह्रास सम्बन्धी वस्तुगत प्रमाण दिने आधारहरु निम्न रहन सक्दछन्:

- जारी गर्ने वा दायित्व बहन गर्नेलाई अधिक वित्तीय असहजता,
- करारको उल्लंघन, जस्तै निर्धारित समयमा सांवा तथा व्याजको भुक्तानी नहुनु,
- ऋणी टाट पल्टेको घोषणा वा अन्य वित्तीय पुनर्संगठित गर्नुपर्ने प्रवल सम्भावना भएको,
- देखिन सकिने घटनाक्रमले भविष्यमा हुने नगद प्रवाह मापन घट्दो क्रममा रहेको संकेत देखिएमा, यस प्रकारको कमी भए पनि एकल वित्तीय सम्पत्ती कुनमा कमी भएको हो भनी पहिचान गर्न नसकिएमा, भुक्तानीको प्रवृतीमा विपरित परिवर्तन देखापरेमा वा आर्थिक स्थितिले गर्दा भुक्तानी गर्न नसकेमा ।

### ३.४.५.१ क्षयह्रास कायम/(फिर्ता) (Impairment charge/ reversal & write-off)

क्षयह्रास रकम मापन गर्दा उक्त वित्तीय सम्पत्तीको खुद किताबी रकम र उक्त वित्तीय सम्पत्तीबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई (भविष्यमा हुने प्राप्य नोक्सानलाई समायोजन नगरी) शुरूमा कायम गरिएको प्रभावकारी व्याज दरले (प्रारम्भिक पहिचानमा कायम प्रभावकारी व्याज दर) discount गरी गणना भएको वर्तमान रकमको भिन्नताको आधारमा मापन गरिन्छ । यसरी गणना गरी कायम गरिएको क्षयह्रासको व्यवस्था रकम बरावर उक्त सम्पत्तीको र कममा घटाउने गरिन्छ । तत्पश्चात् आसामीको विश्वसनीयता सुधार भएको खण्डमा क्षयह्रास रिभर्श लेखांकन गर्नुपर्दा नाफा नोक्सानमा समायोजन गर्नुपर्दछ । यसरी क्षयह्रास रिभर्श गर्दा पहिले क्षय नोक्सानी कायम गरेको रकम सम्म मात्र समायोजन हुने गर्दछ ।

वित्तीय सम्पत्ती रकम असूली हुने सम्भावना नरहेको खण्डमा त्यस्तो वित्तीय सम्पत्ती (सम्बन्धित क्षय ह्रास व्यवस्था समेत) अपलेखन गर्नुपर्दछ । यदी वित्तीय सम्पत्तीको सुरक्षणका रूपमा राखिएको उपकरणको असुलीबाट प्राप्त रकम नखामेमा उक्त फरक रकमले सम्पत्ती अपलेखन गर्नुपर्दछ ।

### ३.४.५.२ नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशिका ०२/७५ बमोजिम कर्जा नोक्सानी व्यवस्था निर्धारण गर्नुपर्ने

नेपाल वित्तीय प्रतिवेदनमान-३९ को हरफ ६३ अनुसार कर्जा नोक्सानीको व्यवस्था incurred loss model बमोजिम गर्नुपर्ने प्रावधान बैंक तथा वित्तीय संस्था ऐन, २०७३ बमोजिम दर्ता भएका वित्तीय संस्थाहरू बाहेकलाई carve-out जारी गरिएको छ । सो संस्थाहरूले ऋण तथा पेश्कीहरूमा क्षयह्रास कायम गर्दा तल उल्लेख गरिए बमोजिम जुनमा बढी हुन्छ सोही रकम कायम गर्नुपर्दछ ।

- नेपाल राष्ट्र बैकद्वारा जारी निर्देशन बमोजिम कर्जा नोक्सानी व्यवस्थाको रकम
- नेपाल लेखामान-३९ को हरफ ६३ बमोजिम निर्धारण गरेको रकम

**विस्तृत टिप्पणी**

बैंकको चालू आ.व. मा क्षय ह्रास भएको वित्तीय सम्पत्ती नभएकोले बैंकले देहाय बमोजिम नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन बमोजिम कर्जा नोक्सानी व्यवस्थाको गणना गरेको छ । साथै नेपाल राष्ट्र बैंकको Supervisory Review & Evaluation र बाहय लेखापरिक्षकको सिफारिस अनुसार थप रु. ४३.७२ करोड कर्जा नोक्सानी व्यवस्था कायम गरिएको छ ।

| ग्राहकलाई दिएको कर्जा तथा सापटमा क्षयह्रास कायम | रकम रु. | रकम रु. |
|---|---|---|
| शुरु रकम | | ५३६,६९९,७४५ |
| यसवर्ष थप | | ७०६,१७७,०६६ |
| ग्राहकलाई दिएको कर्जा तथा सापटमा क्षयह्रास कायम (लेखामान ३९ अनुसार) | - | |
| २०८१ आषाढ मसान्तको ग्राहकलाई दिएको कर्जा तथा सापट रकम | ४१,१४१,५२९,८७६ | |
| ने.रा. बैंक द्वारा जरी निर्देशन अनुसार कर्जा रकम को १% | ४१०,३७७,७६५ | |
| ने.रा. बैंक द्वारा जरी निर्देशन र नेपाल लेखामान ३९ मध्य बढि रकम | ४१०,३७७,७६५ | |
| ने.रा. बैंक Supervisory Review र बाहय लेखापरिक्षकको अनुसार थप | ४३७,१७०,३०८ | |
| व्यवस्था वापत शुरु रकम | (५३६,६९९,७४५) | |
| यसवर्ष व्यवस्थाबाट फिर्ता | ३९५,३२८,७३९ | |
| यसवर्ष व्यवस्थाबाट फिर्ता | | (३९५,३२८,७३९) |
| **अन्तिम रकम** | | **८४७,५४८,०७२** |

### ३.५ व्यापारिक सम्पत्ती

व्यापारिक सम्पत्ती तथा दायित्व भन्नाले ती सम्पत्ती तथा दायित्व हुन जुन बैंकले छोटो अवधिमा मुनाफा कमाउने उद्देश्यले वा वित्तीयस्थिति कायम राख्ने उद्देश्यले खरीद गरेको वा भविष्यमा पुनर्खरीदको लागि बिक्री गरेको वा portfolio व्यवस्थापनको लागि राखिएको सम्पत्ती वा दायित्वहरु हुन ।

व्यापारिक सम्पत्ती तथा दायित्वहरूलाई वित्तीयस्थिति विवरणमा प्रारम्भिक मितिमा उचित मूल्यमा पहिचान गरिन्छ र सम्वन्धित कारोवार खर्चलाई नाफा नोक्सानमा देखाइन्छ । उचित मूल्यमा भएको फरक रकमलाई खुद व्यापारिक आम्दानीका रूपमा नाफा नोक्सान विवरणमा प्रस्तुत गरिन्छ ।

**विस्तृत टिप्पणी**

बैंकको प्रतिवेदन मितिमा कुनै व्यापारिक सम्पत्ती रहेको छैन ।

### ३.६ डेरिभेटिभ सम्पत्ती र डेरिभेटिभ दायित्वहरू (derivative assets & derivative liabilities)

जोखिम व्यवस्थापनका लागि धारण गरिएको र व्यापारिक सम्पत्ती तथा दायित्वमा नपर्ने सबै प्रकारका डेरिभेटिभ सम्पत्ती तथा दायित्वहरू यस अन्तर्गत पर्दछन् । जोखिम व्यवस्थापनका लागि धारण गरिएको डेरिभेटिभ सम्पत्ती तथा दायित्वहरूलाई उचित मूल्यमा मापन गरी वित्तीयस्थिति विवरणमा प्रस्तुत गरिन्छ ।

**विस्तृत टिप्पणी**

बैंकको प्रतिवेदन मितिमा कुनै डेरिभेटिभ दायित्वहरू रहेको छैन ।

### ३.७ जायजेथा तथा उपकरण (property and equipment)

#### क) पहिचान र मापन (recognition and measurement)

भविष्यमा सम्बन्धित सम्पत्तीबाट बैंकलाई आर्थिक लाभको प्रवाह हुने र उक्त सम्पत्तीको लागत सहजरूपमा मापन गर्न सकिने अवस्थामा मात्र जायजेथा तथा उपकरणको पहिचान गरिन्छ । लागत निर्धारण गर्दा प्रत्यक्ष रूपमा सम्पत्तीका प्राप्तीमा भएको खर्चहरूलाई समेत समावेश गर्नुपर्दछ । स्वयम् निर्मित सम्पत्तीको लागतमा निम्न लागत समावेश गर्नुपर्दछः

- सामाग्रीको लागत र प्रत्यक्ष ज्याला खर्च
- सम्पत्तीलाई तोकिएको प्रयोग योग्य स्थितिमा ल्याइपुऱ्याउन लागेको प्रत्यक्ष खर्चहरू
- ऋणको लागत पुँजीकरण

जायजेथा र उपकरणलाई लागतमा संचित ह्रास र भएको संचित क्षय नोक्सानी घटाई खुद रकममा मापन गरिन्छ । प्रतिवेदन मितिमा कुनै पनि जायजेथा तथा उपकरणहरू पुनर्मुल्यांकन मोडल वा उचित मूल्यबाट मापन गरिएको छैन ।

खरीद पश्चातको खर्चहरुबाट यदि भविष्यमा बैकलाई थप आर्थिक लाभ प्राप्त हुन्छ भन्ने सम्भावना रहेको अवस्थामा ती खर्चहरु पुजीकृत गरिन्छ । नियमित रुपमा गरिने मर्मत सम्भार खर्चहरु जसले जायजेथा तथा उपकरणलाई संचालनयोग्य बनाइराख्दछ, ती रकमलाई खर्चको रुपमा जनाउनुपर्दछ ।

जायजेथा तथा उपकरण बिक्री गर्दा वा हटाउँदा हुने लाभ वा नोक्सानीलाई नाफा नोक्सानी विवरणमा पहिचान गरिन्छ ।

बैकको प्रतिवेदन मितिमा जायजेथा र उपकरणहरू बिक्री गरिएको वा हटाइएको छैन ।

#### ख) निर्माणाधिन पुंजीगत खर्च (Capital work in progress)

निर्माणाधिन पुंजीगत खर्चलाई लागत रकममा प्रस्तुत गरिन्छ । यस अन्तर्गत पुंजीगत प्रकृतिका खर्चहरू जस्तै पुंजीकृत हुन बाँकी भवन निर्माण गर्दाको खर्चहरू पर्दछन् ।

प्रतिवेदन मितिमा बैंकको निर्माणाधिन पुंजीगत खर्च रहेको छैन ।

#### ग) ह्रास खर्च (Depreciation)

व्यवस्थापनले निर्धारण गरे बमोजिम जायजेथा तथा उपकरणहरूलाई प्रयोगका लागि उपलब्ध मितिदेखि अनुमानित प्रयोग आयुसम्म straight line बिधिबाट ह्रास खर्च गरिन्छ । ह्रास खर्चलाई नाफा नोक्सान विवरणमा पहिचान गरिन्छ । वित्तीय लिज अन्तर्गत प्राप्त सम्पत्तीको ह्रास अवधि उक्त लिजको अवधि वा सम्पत्तीको प्रयोग अवधि मध्ये जुन कम हुन्छ सोही अवधिका आधारमा गरिन्छ । जग्गाको ह्रासकट्टी गरिदैन । सम्पत्तीलाई बेच्नको लागि राखिएको वा बिक्री वा हटाइएको समय मध्ये जुन अघि हुन्छ सोही अवधि देखि ह्रास कट्टी गरिनु हुँदैन ।

जायजेथा र उपकरणको महत्वपूर्ण शीर्षकहरुको अनुमानित प्रयोग गर्न सकिने अवधि निम्न बमोजिम रहेको छ ।

| विवरण | प्रयोग गर्न सकिने अवधि |
|---|---|
| लिजमा लिएको भवन | १० वर्ष |
| **फर्निचर तथा फिक्चर्स** | |
| फर्निचर तथा फिक्चर्स (मिटिंग हलमा प्रयोग भएको) | ८ वर्ष |
| फर्निचर तथा फिक्चर्स (अन्य) | १० वर्ष |
| **कम्प्युटर तथा सहायक उपकरणहरू** | |
| सर्भर र नेटवर्क | ६ वर्ष |
| अन्य | ३ वर्ष |
| कार्यालय उपकरण | ५ वर्ष |
| विद्युतीय उपकरण तथा जडान | १० वर्ष |
| **सवारी साधन, मोटरसाईकल** | |
| कार, बस | ८ वर्ष |
| मोटरसाईकल | १० वर्ष |
| मेसिनरी | १५ वर्ष |
| **अमूर्त सम्पत्ती** | ५ वर्ष वा सम्झैता बमोजिम) |

व्यवस्थापनले रू १०,००० भन्दा कम लागत भएका सम्पत्तीलाई खरिद भएको वर्षमा पूर्ण ह्रास कट्टी गर्ने व्यवस्था गरेको छ । खरिद तथा बिक्री गरिएका सम्पत्तीलाई उक्त अवधीसम्मको अनुपातका आधारमा ह्रास खर्च गणना गरिन्छ ।

ह्रास खर्च बिधि, उपयोग्य आयु र शेष रकमलाई प्रत्येक प्रतिवेदन मितिमा पुनरावलोकन गरी समायोजन गर्नुपर्दछ ।

### ३.८ साख र अमूर्त सम्पत्ती (Goodwill & intangible assets)

**साख**

कुनै पहिचान योग्य सम्पत्ती प्राप्ती गर्दा तिरेको लागतभन्दा उक्त सम्पत्तीको उचित मूल्य कम भएमा बाँकी हुने शेष रकमले साख बुझाउँदछ । साखले पहिचान हुन नसक्ने अमुर्त सम्पत्तीलाई दर्साउदछ । साखलाई नगद आर्जन गर्ने ईकाई (cash generating unit) को आधारमा विभाजन गर्नुपर्दछ, जुन प्राप्त गरेको निकाय भन्दा ठूलो हुन सक्दछ र Amortized गरिँदैन । वार्षिकरूपमा नगद आर्जन गर्ने ईकाईको अनुमानित नगद प्रवाहको वर्तमान मूल्य र खुद किताव मूल्यको तुलनात्मक हिसावले क्षयह्रास भए नभएको मूल्याँकन गर्नुपर्दछ । क्षयह्रास पहिचान भएमा उक्त रकमलाई नाफा नोक्सान विवरणमा प्रस्तुत गर्नुपर्दछ ।

**प्राप्त गरिएको अमूर्त सम्पत्ती**

प्राप्त गरिएको अमूर्त सम्पत्तीलाई प्रारम्भिक मितिमा उचित मूल्यमा मापन गरिन्छ । यसरी मापन गर्दा उक्त सम्पत्तीले भविष्यमा बैंकलाई प्रवाह गर्नसक्ने आर्थिक लाभ सम्बन्धी बजार अपेक्षालाई दर्शाउनुपर्ने हुन्छ । प्राप्त गरिएको अमुर्त सम्पत्तीलाई अनुमानित उपयोग्य आयुका आधारमा amortization गरिन्छ ।

**कम्प्युटर सफ्टवेयर**

बैंकले खरिद गरेको कम्प्युटर सफ्टवेयर अमूर्त सम्पत्ती अन्तर्गत रहेको छ । उक्त सफ्टवेयरलाई लागतमा संचित amortization र भएको संचित क्षयह्रास रकम घटाई खुद रकममा मापन गरिएको छ । सफ्टवेयरलाई straight line आधारमा उपयोग्य अवधिभर amortization गरिएको छ । यसको अनुमानित आयु यस वर्ष र तुलनात्मक वर्षको लागि पाँच वर्ष वा सम्झौता बमोजिम रहेको छ । परिसोधन विधी अनुमानित आयु तथा शेष रहने मूल्य प्रत्येक प्रतिवेदन मितिमा पुनरावलोकन गरिन्छ र केही परिवर्तन भएको अवस्थामा समायोजन गरिन्छ ।

### ३.९ लगानी सम्पत्ति (Investment Properties)

लगानी सम्पत्ति भन्नाले त्यस्ता सम्पत्ति हुन् जुन बैंक आफैले उपभोग गर्नुभन्दा त्यसबाट भाडा अथवा पुँजी अभिवृद्धि अथवा दुवैबाट आम्दानी प्राप्त गर्ने उद्देश्यले राखेको हुन्छ । यस्तो सम्पत्ति व्यवसाय संचालनमा उपभोग गर्न राखिएको हुँदैन र यसको निसर्गले बैंकको संचालनमा केही असर गर्दैन । लगानी सम्पत्तिहरु प्रारम्भमा कारोवार खर्च सहितको लागत मूल्यमा लेखाङ्न गरिन्छ । तत्पश्चात् सम्पूर्ण लगानी सम्पत्ति (अपवाद बिना) उचित मूल्यमा मापन गरिन्छ । साथै उचित मूल्य निर्धारण गर्ने क्रममा नाफा वा घाटा भएको पाइएमा ती नाफा वा घाटा नाफा वा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ । लगानी सम्पत्तिमा प्रयोग हुने सो उचित मूल्य भन्नाले इच्छुक तथा जानकार व्यक्तिबीच प्रतिवेदन मितिको बजार अवस्था अनुसार हाताहाती कारोबारमा सम्पत्ती साट्न सकिने मूल्य हो ।

**विस्तृत टिप्पणी**

यस बैंकको प्रतिवेदन मितिमा कुनै प्रकारको लगानी सम्पत्ति छैन ।

### ३.१० निक्षेप, ऋणपत्र तथा Subordinated दायित्वहरु

**क. निक्षेप**

बैंकले ग्राहकवर्गहरुबाट आवधिक निक्षेप स्वीकार गर्ने गरेको छ । उक्त निक्षेप बैंकले दायित्वका रुपमा लेखाङ्न गर्दछ र यसले ग्राहकहरुलाई तिर्न बाँकी रकमको प्रतिनिधित्व गर्दछ ।

**ख. ऋण धितोपत्र जारी**

यसमा बैंकले जारी गरेको ऋणपत्र, बोन्ड अथवा अन्य ऋण सुरक्षण समावेश गरिन्छ । सुरुमा जारी गरेको ऋण धितोपत्र उचित मूल्यमा बढोत्तरी प्रत्यक्ष कारोवार खर्च घटाई मापन गरिन्छ र त्यसपछि प्रभावी व्याज दरको प्रयोग गरी Amortized लागतमा मापन गरिन्छ ।

**विस्तृत टिप्पणी**

बैंकले आ.व. २०७९/८० मा रु. २,२८९,८१३,००० को ७ वर्ष अवधिको 'NIFRA Energy Bond 7% - 2085/86' जारी गरेको थियो । ऋण धितोपत्र जारी खर्च रु. ८,५०९,९५३.५५ र यस अवधिसम्ममा परिशोधन गरिएको खर्च रु १,४७५,६४९.४२ रहेको छ ।

**ग. Subordinated दायित्वहरु**

Subordinated दायित्वहरु भन्नाले ती दायित्वहरु हुन् जुन संस्था खारेज भएको खण्डमा निक्षेपकर्ता, ऋणपत्र तथा साहूहरुको दाबी भन्दा अगाडी भुक्तानी दावीयोग्य रहेको हुन्छ । प्रतिवेदन मितिमा बैंकको त्यस्तो Subordinated दायित्वहरु छैन ।

### ३.११ मसलन्द तथा छपाई

मसलन्द खरिद लागतमा मापन गरिन्छ र उपभोग गरेको समयमा नाफा वा नोक्सानमा देखाइन्छ ।

### ३.१२ व्यवस्था तथा सम्भावित सम्पत्ती/दायित्वहरु

यदि विगतको घटनाले गर्दा बैंकले वर्तमान अवस्थामा कानूनी अथवा व्यवहारिक रुपमा दायित्व निर्वाह गर्नुपर्ने हुन्छ जसको विश्वसनिय रुपमा मापन गर्न सकिन्छ र उक्त दायित्व पूरा गर्नको लागि आर्थिक लाभ बाहिरिने सम्भावना रहेको हुन्छ भने बैंकले त्यसको लागि व्यवस्थाको पहिचान गरेको हुन्छ ।

जब सम्भावित दायित्व वा वर्तमान दायित्व जसबाट आर्थिक लाभ बाहिरिने सम्भावना न्यून रहेको हुन्छ त्यसको लागि बैंकले व्यवस्था पहिचान गरेको हुँदैन साथै खुलासा पनि गरेको हुँदैन ।

Onerous सम्झौताको लागि व्यवस्थाको पहिचान त्यस्तो अवस्थामा मात्र गरिएको हुन्छ जुनबेला सम्झौताबाट प्राप्त गर्ने अनुमानित लाभ त्यस सम्झौता बमोजिम दायित्व निर्वाहमा लाग्ने लागतभन्दा कम भएको हुन्छ ।

प्रत्येक प्रतिवेदन मितिमा व्यवस्था रकमलाई पुनरावलोकन गरिन्छ र चालु उचित अनुमानलाई दर्शाउनको लागि समायोजन गर्ने गरिन्छ । यदि दायित्व निर्वाहको लागि आर्थिक लाभ बाहिरिने सम्भावना नहुने देखिएमा ती व्यवस्थालाई फिर्ता गरिन्छ ।

सम्भावित सम्पत्तीलाई वित्तीय विवरणमा पहिचान गरिँदैन । तथापि, सम्भावित सम्पत्तीलाई नियमितरुपमा निर्धारण गर्ने गरिन्छ र यदि वास्तविक रुपमा आर्थिक लाभ भित्रिने सम्भावना निश्चित रहेको अवस्थामा सम्वन्धित आम्दानीलाई त्यहि समयमा पहिचान गर्ने गरिन्छ ।

सम्भावित दायित्वको खुलासा त्यस बेला गरिन्छ जुनबेला सम्भावित दायित्व वा वर्तमान दायित्वको लागि श्रोतको बहिर्गमनको आवश्यकता पर्दैन । यसमा सामान्यतया कागजाती ऋण, Forward सम्पत्ती खरीद तथा ननिकालिएको औपचारिक स्वीकृत ऋण सुविधा आदि पर्दछन् ।

बैंकको प्रतिवेदन मितिमा कुनै प्रकारको व्यवस्था छैन । सम्भावित दायित्व अनुसूची ४.२८ मा देखाइएको छ ।

### ३.१३ आयको पहिचान

आयमा व्याज आम्दानी, शुल्क र कमिशन समावेश भएको हुन्छ । आयको पहिचान त्यसबेला मात्र गरिएको हुन्छ, जुनबेला आर्थिक लाभ बैंकलाई प्राप्त हुने सम्भावना रहेको हुन्छ र आयको सुनिश्चित तरिकाले मापन गर्न सकिएको हुन्छ । आय रकम असुली गर्ने सम्भावना नरहेको अवस्थामा उक्त अवधीका आयको पहिचान गरिँदैन । आय पहिचानका आधारहरु देहाय बमोजिम रहेका छन् :

### क. व्याज आम्दानी

बैंकले कर्जामा प्राप्त हुने व्याज आम्दानीलाई प्रोदभावी पद्वतिका आधारमा पहिचान गर्ने गरेको छ ।

नाफा वा नोक्सान मार्फत उचित मूल्यको आधारमा मापन गरिने वित्तीय उपकरणहरुको उचित मूल्यमा भएको परिवर्तनबाट भएको लाभ तथा हानीलाई नाफा वा नोक्सानी विवरणमा जुन समयमा लाभ हानी भएको हुन्छ, सोही अवधिमा समावेश गरिएको हुन्छ । नाफा वा नोक्सान मार्फत उचित मूल्यको आधारमा मापन गरिने वित्तीय उपकरणहरुको सम्झौता अनुसारको व्याज आम्दानी तथा खर्चहरुलाई खुद व्याज आम्दानीमा पहिचान गरिएको हुन्छ ।

Amortized लागत वा FVOCI को आधारमा वर्गीकरण गरिएको वित्तीय सम्पत्तीको व्याज आम्दानी प्रभावी व्याजदरको प्रयोग गरी मापन गरिन्छ । यस किसिमको वित्तीय सम्पत्तीमा ऋण तथा सापटी, कर्मचारी ऋण, बैंक तथा वित्तीय संस्थाहरुमा Placements, नेपाल सरकारको ऋणपत्रमा लगानी आदी पर्दछन् ।

प्रभावी व्याजदर प्रणाली वित्तीय सम्पत्ती वा दायित्वको Amortized लागत निर्धारण गर्ने प्रणाली हो जसमा व्याज खर्च तथा आम्दानी सम्वन्धित अवधीमा बाँडफाँड गरिन्छ । प्रभावी व्याजदर भन्नाले त्यो दर हो जसले वित्तीय उपकरणको आयुको आधारमा वा यदि उचित देखिएमा कम अवधिमा भविष्यको अनुमानित नगद भुक्तानी तथा प्राप्तीलाई Discount गरी वित्तीय सम्पत्ती वा दायित्वको खुद धारित मूल्य तय गरिएको हुन्छ । प्रभावी व्याजदार अनुसार हिसाब किताब गर्दा बैंकले वित्तीय विवरणको सबै शर्तहरुको आधारमा नगद प्रवाहको अनुमान गर्ने गर्दछ । तर भविष्यमा हुने प्राप्य नोक्सानीहरु (credit losses) लाई गणना गर्दैन । सो गणनाले करारका पक्षहरुबीच भुक्तानी वा प्राप्ती हुने प्रभावी व्याजदरको अभिन्न हिस्सा भएका सबै शुल्कहरु, कारोबार लागत र अन्य सबै प्रीमियम वा छूट समावेश गर्छ । अनुमानित नगद प्रवाहमा संशोधन भएको खण्डमा वास्तविक एवम् संशोधित नगद प्रवाहलाई प्रतिबिम्बत गर्नको निम्ति उपकरणको मूल्य प्रभावी व्याजदरले डिस्काउण्ट (Discount) गरी वित्तीय सम्पत्ती वा दायित्वको धारित मूल्यलाई समायोजन गरिन्छ । सो समायोजित रकमलाई संशोधन गरिएको अवधिमा व्याज आम्दानी वा खर्च लेखाङ्कन गरिन्छ । यदि वित्तीय सम्पत्तीको पुनर्वर्गीकरण भएमा पुनर्प्राप्तिको वृद्धिको परिणामस्वरुप भविष्यको नगद रसिदको अनुमानमा हुने वृद्धिलाई अनुमान परिवर्तन भएको मितिदेखि प्रभावी व्याजदरमा समायोजन गरी लेखाङ्कन गरिन्छ ।

कुनै वित्तीय सम्पत्ती वा समान प्रकृतिका वित्तीय सम्पत्तीको समुहलाई क्षयह्रासको कारण मूल्य घटेको खण्डमा क्षयह्रासको मापनको निम्ति भविष्यको नगद प्रवाहलाई डिस्काउण्ट (Discount) गर्न प्रयोग गरिएको व्याजदर प्रयोग गरी व्याज आम्दानीको लेखाङ्कन गरिन्छ ।

### विस्तृत टिप्पणी

प्रतिवेदन अवधिमा व्याज आम्दानी रु. २७८.४० करोड रहेको छ जुन अनुशुची ४.२९ मा प्रस्तुत गरिएको छ ।

यह आर्थिक वर्षमा स्विकृत कर्जामा प्राप्त गरेको व्यवस्थापन शुल्क रु. ६,३६२,५०० उक्त कर्जा प्रवाह भएका पुर्वाधारका परियोजनाको हकमा प्रतिवेदन मितिसम्ममा नगद प्रवाहलाई भरपर्दो रूपमा अनूमान गर्न नसकिने हुनाले र सो शुल्क प्रभावी व्याजदरको अभिन्न हिस्सा भएको हुनाले आर्जन नभएको आम्दानीको रुपमा स्थगन गरिएको छ । यस आर्थिक वर्षमा सम्पन्न हुने चरणमा रहेका तथा सञ्चालनमा रहेका आयोजनाहरूको हकमा रु. २८,४१,०९५ परिशोधन गरी बाँकी रु ८९,८३१,६३७ आर्जन नभएको आम्दानीको रुपमा रहेको छ जसको विवरण निम्न बमोजिम रहेको छ ।

(रकम रु.)

| आर्जन नभएको आम्दानी | रकम |
|---|---|
| शुरु रकम | ८६,३१०,२३२ |
| यस आ.व.मा आर्जन नभएको आम्दानीमा रकमान्तर गरेको | ६,३६२,५०० |
| यस आ.व.मा आर्जन नभएको आम्दानीबाट रकमान्तर गरेको | (२,८४१,०९५) |
| अन्तिम रकम | ८९,८३१,६३७ |

**ख. शुल्क तथा कमिशन**

सेवा प्रदान गरिसकेका वा प्राय सबै कार्य सम्पन्न भइसकेको अवस्थामा शुल्क तथा कमिशत आम्दानीलाई प्रोदभावी पद्वतिका आधारमा बैंकले पहिचान गर्ने गरेको छ । स्वीकृत कर्जामा प्राप्त गरेको व्यवस्थापन शुल्क तथा प्रतिफल वृद्धि गर्ने शुल्क कर्जाको प्रभावी व्याजदरको अभिन्न हिस्सा हुन्छन् ।

**विस्तृत टिप्पणी**

प्रतिवेदन मितिमा शुल्क तथा कमिशन बापत रु १.१८ करोड रहेको छ जसलाई अनुसूची ४.३१ मा देखाईएको छ ।

**ग. अन्य संचालन आम्दानी**

यो शिर्षकमा बैंकले व्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी बाहेकका आम्दानीलाई प्रस्तुत गर्ने गरिएको छ । इक्विटी शेयर बाट प्राप्त लाभाँश आम्दानी पनि यसै शिर्षकमा पहिचान गरिन्छ जब बैंकसँग लाभाँश प्राप्त गर्ने अधिकार स्थापित हुन्छ ।

**घ. खुद व्यापारिक आम्दानी**

बैंकको कार्यात्मक मुद्रा भन्दा अन्य मुद्रामा कारोबार सल्टाउंदा हुने विदेशी विनिमय दरमा हुने नाफा र नोक्सान र प्रतिवेदन अवधिको अन्तमा कार्यात्मक मुद्राभन्दा अन्य मुद्रामा राखिएका मौद्रिक सम्पत्ति तथा दायित्वहरुलाई कार्यात्मक मुद्रामा परिवर्तन गर्दा हुने नाफा नोक्सान खुद व्यापारिक आय मार्फत प्रस्तुत गर्नुपर्दछ ।

**ङ नाफा वा नोक्सानको माध्यमबाट उचित मूल्य (FVTPL) मा मापन गरिएको अन्य वित्तीय उपकरणको खुद आम्दानी**

प्रारम्भमा बैंकले कुनै निश्चित वित्तीय सम्पत्ति तथा दायित्व लाई नाफा वा नोक्सानको माध्यमबाट उचित मूल्य (FVTPL) मा वर्गीकरण गर्न सक्दछ । यस्ता उपकरणको कमाइएको र नकमाइएको नाफा नोक्सानलाई खुद व्यापारिक आम्दानी मार्फत प्रस्तुत गर्नुपर्दछ ।

**३.१४ व्याज खर्च**

नाफा वा नोक्सानको माध्यमबाट उचित मूल्य (FVTPL) मा वर्गीकरण नगरिएका वित्तीय तथा ऋण उपकरणको व्याज खर्च प्रभावी व्याज दर प्रणाली प्रयोग गरी मापन गर्नु पर्दछ । व्याज खर्चको गणना व्याज आम्दानीको गणना गरे सरह गरिएको हुन्छ । जसमा सम्झौता अनुसारको व्याज मुल्तवी, छुट तथा थप शुल्क, पुँजीकरण गर्न मिल्ने शुल्कहरु, कारोबार खर्च आदी समावेश भएको हुन्छ ।

**३.१५ गैर-वित्तीय सम्पत्तीको क्षयह्रास**

बैंकले वित्तीय सम्पत्तिमा क्षयह्रासको संकेत छ वा छैन भनेर हरेक आर्थिक वर्षको अन्त्यमा मूल्याङ्कन गर्ने गर्दछ । यदि कुनै संकेत भए अथवा सम्पत्तिको वार्षिक क्षयह्रास परीक्षण गर्न आवश्यक भए, बैंकले सम्पत्तिको प्राप्त हुनसक्ने र कम अनुमान गर्दछ । सम्पत्तिको प्राप्त हुन सक्ने रकम त्यो हुन्छ जुन सम्पत्तिको वा नगद उत्पन्न एकाई (Cash Generating Unit) को उचित मूल्यबाट विक्री गर्नको लागि लाग्ने खर्च घटाएर आएको रकम वा सम्पत्तिको प्रयोगमा आउन सक्ने मूल्यमध्ये जुन बढी हुन्छ । जब सम्पत्तिको वा नगद उत्पन्न इकाईको किताबी मूल्य, प्राप्त हुन सक्ने रकमभन्दा धेरै हुन्छ, सो सम्पत्तिमा क्षयह्रास भएको मानिन्छ र यसको मूल्याङ्कन प्राप्त हुन सक्ने रकम सम्म घटाइन्छ ।

प्रयोगमा आउनसक्ने मूल्य निर्धारण गर्दा अनुमानित भविष्यका नगद प्रवाहहरुलाई वर्तमान मूल्यमा करअघिको दर प्रयोग गरी डिस्काउन्ट (Discount) गरिन्छ, जसले पैसाको समय मूल्य (Time Value Of Money) र सम्पत्तिको निर्दिष्ट जोखिमको वर्तमान बजार मूल्याङ्कनलाई प्रतिविम्बित गर्दछ । उचित मूल्य र विक्री लागतको निर्धारण उपयुक्त मूल्याङ्कन मोडेल प्रयोग गरी तय गरिन्छ ।

यस बैंकको प्रतिवेदन मितिमा कुनै प्रकारको क्षयह्रास छैन ।

**३.१६ कर्मचारी लाभ**

कर्मचारी लाभमा संस्थालाई कर्मचारीले सेवा दिए वापत संस्थाले प्रदान गरिने विभिन्न प्रकारका प्रतिफल अथवा सेवाबाट निवृत्त कर्मचारीलाई दिइने सबै प्रकारको सुविधा समावेश भएको हुन्छ ।

बैंकले आफ्नो कर्मचारी सेवा विनियामावलीको आधारमा कर्मचारीको सञ्चय कोष र अन्य अवकाश लाभ योजनाहरु जस्तै उपदान, संचित विदा वापतको भुक्तानीका लागि परिभाषित योगदान योजना संचालन गर्दछ ।

परिभाषित योगदान योजनाको लागि, बैंकले सार्वजनिक रुपमा संचालित सञ्चय कोष योजनामा अनिवार्य रुपमा योगदान (contribute) गरेको छ र त्यस्तो रकमलाई संचालन खर्चमा खर्च देखाएको छ । बैंकले एकपटक योगदान गरिसके पश्चात् थप भुक्तानी गर्ने दायित्व रहदैन ।

अवकाश लाभको लागि वित्तीय विवरणमा देखाइएको दायित्व Actuarial Valuation बाट अनुमान गरिएको हुन्छ ।

बैंकको कर्मचारी सेवा विनियामावली अनुसार बैंकले आफ्नो कर्मचारीलाई विभिन्न ऋण तथा सापटी जस्तै आवास कर्जा र सवारी कर्जा दिएको हुन्छ । कर्मचारी ऋणलाई प्रभावी व्याजदरको प्रयोग गरी Amortized लागतमा मापन गरिएको छ, जुन अनुसूची ४.७ ऋण तथा सापटीमा प्रस्तुत गरिएको छ । Amortized नगरिएको कर्मचारी लाभ ऋणको किताबी मूल्य र बजारदरको आधारमा डिस्काउन्ट

गरिएको ऋण रकमको फरक रकम हो । Amortized गरिएको रकम ऋणको सुरुको र अन्तिम रकमको वर्तमान मूल्यको फरक रकम हो ।

**३.१६.१ अवकाश सुविधा**

**३.१६.१.१ परिभाषित योगदान योजना**

नेपाल लेखामान-१९ अनुसार परिभाषित योगदान योजना भनेको अवकाश लाभ योजना हो जसमा निश्चित रकमको योगदान छुट्टै कोष (fund) मा भुक्तान गरिएको हुन्छ र यदि fund मा कर्मचारीलाई भुक्तानी गर्नको लागि पर्याप्त सम्पत्ती नभएमा बैंकमा कुनै किसिमको कानूनी तथा व्यवहारिक दायित्व रहदैन ।

संस्थाद्धारा परिभाषित योगदान योजनालाई भुक्तानी गर्नुपर्ने रकम कर्मचारीले बैंकमा प्रदान गर्ने सेवाको अनुपातमा हुने गर्दछ र सो योगदान तिर्नुपर्ने दायित्वमा परिणत हुनासाथ “कर्मचारी खर्च” मा लेखाङकन गरिएको हुन्छ । भुक्तानी नभएको योगदानलाई दायित्वका रुपमा “अन्य दायित्वमा” मा लेखाङकन गरिएको छ ।

यस बैंकले प्रत्येक कर्मचारीको हकमा आधारभूत तलबको दश प्रतिशतका हिसाबले कर्मचारी संचय कोषमा योगदान स्वरुप भुक्तानी गरेको छ । उक्त खर्चलाई नेपाल लेखामान-१९ अनुसार परिभाषित योगदान योजना स्वरुप पहिचान गरिएको छ ।

श्रम ऐन, २०७४ बमोजिम उपदान वापतको दायित्व निश्चित भएकोले कर्मचारीको आधारभूत तलबको ८.३३% ले गणना गरेको रकम परिभाषित योगदान योजना मानी उपदान खर्च लेखी व्यवस्था गरिएको छ ।

**३.१६.१.२ परिभाषित सुविधा योजना**

परिभाषित सुबिधा योजना भनेको परिभाषित योगदान योजना बाहेकको अवकाश लाभ योजना हो । परिभाषित सुबिधा योजनाको सम्बन्धमा बैंकको खुद दायित्व कर्मचारीहरुले वर्तमान तथा विगतका अवधिमा उनीहरुको सेवावापत आर्जन गरेको भविष्यमा पाउने सुबिधा रकम अनुमान गरी हरेक योजनाको निम्ति छुट्टै गणना गरिन्छ । सो सुबिधा रकमलाई डिस्काउन्ट (discounting) गरी वर्तमान मूल्य निर्धारण गरी त्यसबाट खर्च लेखाङकन नगरिएको विगतको सेवा लागत (unrecognized past service costs) र योजना सम्पत्ती (plan assets) को उचित मूल्य घटाईन्छ ।

बैंकले परिभाषित सुबिधा योजनाबाट सिर्जना हुने सबै एक्चुरियल (actuarial) लाभ तथा नोक्सानी स्थगन कर घटाएर तुरुन्तै अन्य विस्तृत आम्दानीमा र परिभाषित सुबिधा योजनासंग सम्बन्धित सबै खर्चहरु नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गर्दछ ।

बैंकले परिभाषित सुबिधा योजनाको curtailment वा settlement हुंदा लाभ तथा नोक्सानी लेखाङकन गर्छ । सो लाभ तथा नोक्सानीमा परिणामस्वरुप योजना सम्पत्ती (plan assets) को उचित मूल्यमा हुने परिवर्तन, परिभाषित सुबिधा दायित्वको वर्तमान मूल्यमा हुने परिवर्तन, सम्बन्धित एक्चुरियल (actuarial) लाभ तथा नोक्सानी र पहिले खर्च लेखाङकन नगरिएको विगतको सेवा लागत समावेश हुन्छन् ।

**३.१६.१.३ अन्य कर्मचारी अवकाश सुविधा**

**क. अन्य दीर्घकालीन कर्मचारी सुविधा**

अन्य दीर्घकालीन कर्मचारी सुविधा भन्नाले छोटो अवधि बाहेकका तथा रोजगार पश्चात् प्राप्त हुने सुविधा भन्ने बुझिन्छ । यसरी बैंकले नेपाल लेखामान-१९ अनुसार बैंकको विदा वापतको भुक्तानी योजनालाई अन्य दीर्घकालीन कर्मचारी सुविधामा समावेश गरेको छ ।

**ख. खपत नभएको संचित बिदा**

बैंकले प्रतिवेदन मितिभन्दा एक वर्षपछि मात्रै उपयोग हुने संचित बिदाबापतको दायित्वलाई अन्य दीर्घकालीन कर्मचारी सुविधा अन्तर्गतको दायित्व मानिएको छ ।

कर्मचारीहरुले यसवर्ष र विगतका वर्षहरुमा प्रदान गरेका सेवा वापत भविष्यमा पाउने सुबिधाहरुलाई अहिलेको मूल्यमा रुपान्तरण गरेर बैंकको प्रयोग नगरिएको संचित बिदातर्फको दायित्व निर्धारण गरिन्छ । यसको लागि discount rate सरकारी bond मा प्राप्त हुने Yield to Maturity (YTM) को आधारमा वा यस्तै खाले decrement (adjusted estimated term of liabilities) को निर्धारण गरिन्छ ।

यसको गणना Projected Unit Credit Method द्वारा गरिन्छ। प्रयोग नगरिएको संचित बिदा तथा अनुदानको गणनामा देखिएको खुद थपघट रकम जुन वर्ष उक्त दायित्व सिर्जना भएको हो त्यही वर्षको नाफा वा नोक्सान विवरणमा कर्मचारी खर्च अन्तर्गत पहिचान राखिन्छ ।

**विस्तृत टिप्पणी**

अनुसूची ४.३६ मा प्रस्तुत गरिएको कर्मचारी सुविधामा बोनस ऐन बमोजिम खुद मुनाफाको १०% का दरले गणना गरिएको बोनस व्यवस्था समेत समावेश छ ।

अन्य अवकाश सुविधा तथा कर्मचारीको दीर्घकालीन सुविधासंग सम्बन्धित actuarial अनुमानहरु अनुसूची ४.२३ मा देखाइएको छ ।

**३.१७ अन्य संचालन खर्च (Other Operating expenses)**

**३.१७.१ पूर्व-संचालन खर्चहरु**

बैंकले सम्पूर्ण पूर्व-संचालन खर्चहरु संचालनको प्रथम आर्थिक वर्षमा नै खर्च लेखांकन गरिसकेको छ ।

**३.१८ आयकर**

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर समावेश भएको हुन्छ । इक्वीटीमा र अन्य विस्तृत आम्दानीमा सोझै पहिचान गरिएको वाहेक चालु कर र स्थगन कर नाफा वा नोक्सान विवरणमा पहिचान गरिएको छ ।

**क) चालु कर**

चालु कर चालु आर्थिक वर्षमा आर्जन गरेको मुनाफामा प्रतिवेदनको मितिमा लागू हुने कानूनी करको दरको आधारमा अनुमानित तिर्नुपर्ने कर वा असुलि गर्नुपर्ने कर रकम र विगतका वर्षहरुको तिर्न बाँकी कर समायोजन रकम रहेको छ । चालु करमा लाभाँश घोषणा गर्दाको अवस्थामा सृजनाहुने कर दायित्व समेत समावेस हुन्छ ।

**ख) स्थगन कर**

स्थगन कर सम्पत्ती तथा दायित्वको किताबी मूल्य र कर प्रयोजनको लागि प्रयोग भएको रकमको अस्थायी फरक रकमको आधारमा पहिचान गरिन्छ। स्थगन करको निर्धारण प्रतिवेदनको मितिमा बैंकलाई लागू हुने करको दरको आधारमा गरिन्छ जुनबेला सम्वन्धित स्थगन कर सम्पत्ती बेचिन्छ वा स्थगर कर दायित्व मिलान गरिन्छ भन्ने अनुमान गरिएको हुन्छ ।

कुनै विशेष पट्टाको Right-of-use सम्पत्ती र पट्टाको दायित्वसँग सम्बन्धित अस्थायी फरक रकम वापतको स्थगन कर पहिचान गर्नको लागि उक्त अस्थायी फरक रकम खुद आधारमा (पट्टा वापतको अस्थायी फरक रकम मानिएको) पहिचान गरिएको छ ।

स्थगन कर सम्पत्ती त्यस वखत पहिचान गरिएको हुन्छ जब भविष्यमा करयोग्य मुनाफा प्राप्त हुने सम्भावना रहन्छ र अस्थायी फरकको उपयोग गर्न सकिन्छ ।

## ३.१९ शेयर पुँजी र जगेडा

बैंकले उपकरणको करार सम्झौतामा उल्लेख भए बमोजिम पुँजी उपकरणलाई इक्विटी उपकरण र वित्तीय दायित्वमा वर्गीकरण गरेको छ । इक्विटीलाई संस्थाको सबै सम्पत्तीमा सबै दायित्व घटाइसके पछिको अन्तिम चासोको रुपमा परिभाषित गरिएको छ । साधारण शेयरहरुलाई बैंकको इक्विटीमा वर्गीकरण गरिएको छ र तिनीहरुलाई गरिएको वितरणलाई इक्विटी परिबर्तन विवरणमा देखाइएको छ ।

## ३.२० पट्टा (Leases)

बैंकले कार्यालय परिसर नवीकरणको विकल्प सहित दश वर्ष अवधिको लागि पट्टा सम्झौता गरेको छ । उक्त पट्टालाई पहिले NAS-१७ बमोजिम संचालन पट्टा (Operating Leases) को रुपमा वर्गिकृत गरिएको थियो जसको परिणामस्वरुप स्थगन पट्टा दायित्वको पहिचान भएको थियो ।

उक्त पट्टाको सम्बन्धमा बैंकले नेपाल वित्तीय प्रतिवेदन मान १६-पट्टा (Leases) को Appendix C को Para C8 बमोजिम प्रतिवेदन अवधिको शुरुवात (प्रारम्भिक लागू हुने मिति) मा Right-of-use सम्पत्ती र पट्टाको दायित्व वापत रु.४८,२२४,९०२ पहिचान गरेको छ ।

बैंकले बोण्डमा प्राप्त हुने प्रचलित Yield को विश्लेशण गरी पट्टाको अवधि र प्रकार प्रतिविम्बित हुने गरी केही समायोजन गरेर Incremental Borrowing rate निर्धारण गरेको छ ।

प्रारम्भिक लागू हुने मिति पश्चात् Right-of-use सम्पत्ती लागत मूल्यमा मापन गरी पट्टाको बाँकी अवधिमा straight-line विधि (SLM) मा ह्रास कट्टी गरिन्छ । साथै उक्त सम्पत्ती आवधिक रुपमा क्षयह्रास भए सो रकमले घटाइन्छ र पट्टाको दायित्व पुन:मापनले गर्दा समायोजन गरिन्छ ।

त्यसै गरी पट्टाको दायित्व प्रभावी व्याज दरको प्रयोग गरी Amortized लागतमा मापन गरिन्छ । पट्टाको दायित्वको व्याज नाफा नोक्सान हिसाबमा पहिचान गरिन्छ ।

पट्टा बारे जानकारी देहाय बमोजिम रहेको छ:

**क. Right-of-Use सम्पत्ती**

कार्यालय परिसरसँग सम्बन्धित Right-of-use सम्पत्ती अनुसुची ४.१३ जायजेथा तथा उपकरण मा प्रस्तुत गरिएको छ ।

| Right-of-Use सम्पत्ती | रकम |
|---|---|
| शुरु रकम | ३२,५७७,६६१ |
| यस वर्ष थप | - |
| घटाउः यस वर्षको amortization | (६,३२१,७६०) |
| **अन्तिम रकम** | **२६,२५५,९०१** |

**ख. पट्टा वापतको दायित्व**

कार्यालय परिसरसँग सम्बन्धित पट्टा वापतको दायित्व अनुसुची ४.२३ अन्य दायित्व मा प्रस्तुत गरिएको छ ।

| पट्टाको दायित्व | रकम | रकम |
|---|---|---|
| शुरु रकम | | ३९,५५८,८५८ |
| यस वर्ष थप | | - |
| घटाउः पट्टा वापतको भुक्तानी | | ५,१३३,८०३ |
| पट्टा वापतको कूल भुक्तानी | ९,२८२,०५९ | |
| पट्टाको दायित्वको व्याज | (४,१४८,२५६) | |
| **अन्तिम रकम** | | **३४,४२५,०५५** |

**ग. नाफा नोक्सान विवरणमा पहिचान गरिएको रकम**

| नाफा नोक्सान विवरणमा पहिचान गरिएको रकम | रकम |
|---|---|
| पट्टाको दायित्वको व्याज | ४,१४८,२५६ |
| छोटो अवधि तथा कम मूल्यको पट्टासँग सम्बन्धित खर्च | - |
| **जम्मा** | **४,१४८,२५६** |

**घ. नगद प्रवाह विवरणमा पहिचान गरिएको रकम**

| नगद प्रवाह विवरणमा पहिचान गरिएको रकम | रकम |
|---|---|
| पट्टा वापतको कूल भुक्तानी | ९,२८२,०५९ |
| **जम्मा** | **९,२८२,०५९** |

### ३.२१ प्रतिशेयर आम्दानी

बैंकले आफ्नो साधारण शेयरधनीहरुको लागि आधारभूत प्रतिशेयर आम्दानी तथा घुलित प्रतिशेयर आम्दानी प्रस्तुत गरेको छ । आधारभूत प्रतिशेयर आम्दानी साधारण शेयरधनीको हिस्साको नाफा वा नोक्सानलाई प्रतिवेदनको अवधिमा बाँकी साधारण शेयर संख्याको भारित औसत संख्याले भाग गरी गणना गरिन्छ । घुलित प्रतिशेयर आम्दानी साधारण शेयरमा परिणत हुनसक्ने सम्भावनाहरुको असर समायोजन गरी साधारण शेयरधनीको हिस्साको नाफा वा नोक्सानलाई प्रतिवेदनको अवधिमा बाँकी साधारण शेयर संख्याको भारित औसत संख्याले भाग गरेर गणना गरिन्छ ।

## ४. खुलासा तथा थप जानकारीहरु

### ४.१ जोखिम व्यवस्थापन

यस बैंकले छुट्टै जोखिम व्यवस्थापन विभागको व्यवस्था गरेको छ, जसले दैनिक व्यवसाय संचालनका साथै आवधिक आधारमा उत्पन्न हुने समग्र जोखिमको निरीक्षण गर्दछ र त्यसको नतिजा उच्च व्यवस्थापन, जोखिम व्यवस्थापन समिति र सञ्चालक समितिमा प्रस्तुत गरिन्छ । सो प्रतिवेदनमाथि छलफल पश्चात् व्यवस्थापनलाई आवश्यक निर्देशनहरु जारी हुन्छ ।

#### (क) जोखिम व्यवस्थापन समिति

संस्थागत सुशासनको सम्बन्धमा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन बमोजिम सञ्चालक समितिले स्पष्ट कार्यदिश सहित सञ्चालक समेत सहभागी हुने गरी जोखिम व्यवसथापन समिति गठन गरेको छ । सो समिति गैर-कार्यकारी संञ्चालक संयोजक हुने गरी, लेखापरीक्षण समितिका संयोजक र जोखिम विभाग प्रमुख सदस्य रहने गरी गठन गरिएको छ । समितिको बैठक प्रत्येक तीन महिनामा एकपटक बस्ने गरेको छ । समितिले कर्जा, बजार, प्रतिष्ठा, पुँजी र तरलता, परिचालनसँग सम्बन्धित, वित्तीय अपराध र सूचना तथा साइबर सुरक्षा जोखिम आदिसँग सम्बन्धित जोखिमहरुको निरीक्षण र समीक्षा गर्दछ । जोखिम व्यवस्थापन समितिले हाम्रो पोर्टफोलियो प्रवृति, नीति र मापदण्ड, दवाव परीक्षण, तरलता र पुँजी पर्याप्तता सहित जोखिम व्यवस्थापनसँग सम्बन्धित आवधिक रिर्पोटहरु प्राप्त गर्दछ । साथै यसको कार्यदिशमा पर्ने गतिविधिसँग सम्बन्धित कुनैपनि जानकारी खोज्ने र समीक्षा गर्ने आधिकार यस समितिलाई दिइएको छ ।

रणनीतिक तहमा सञ्चालक समितिले जोखिम बहन गर्दछ । जोखिम व्यवस्थापन समितिको भूमिका भनेको जोखिमसम्बन्धी क्षेत्रको गहिरो अध्ययन गरी त्यसको समीक्षा गर्ने र सल्लाह दिने रहेको छ । जसले गर्दा सञ्चालक समितिलाई यसको अन्तिम जोखिम बहनकर्ताको भूमिका निर्वाह गर्न सहयोग पुग्दछ ।

#### (ख) जोखिम संयन्त्र

प्रभावकारी जोखिम व्यवस्थापन हाम्रा सबै सरोकारवालाहरुको लागि स्थिर र दिगो कार्यसम्पादनको लागि अत्यावश्यक रहेको छ । त्यसैले जोखिम व्यवस्थापन बैंकको वित्तीय र संचालन कार्यसम्पादनको केन्द्रिय अंश बनेको छ । बैंकले जोखिम लिने र त्यसको उचित व्यवस्थापन गरी सेयर धनीहरुलाई प्रतिफल दिनुका साथै ग्राहक र आफू संचालित हुने समाजमा योगदान प्रदान गर्दछ ।

बैंकले अपनाएको जोखिम व्यवस्थापन नीतिले एक स्पष्ट कार्यविभाजनका साथ जोखिम व्यवस्थापन संस्कृति र स्पष्ट नियन्त्रण कार्यनिति निर्धारण गर्दछ । यसले सम्पूर्ण बैंकमा जोखिम व्यवस्थापनको लागि आवश्यक सिद्वान्त र मापदण्डहरु तय गर्दछ ।

बैंकले संस्थागत तहको जोखिम व्यवस्थापन गर्दा जोखिम वहन क्षमताको परिधिमा रही अन्तर्निहित रणनीति र व्यवसायिक पद्धति मार्फत जोखिमपछिको समायोजित प्रतिफललाई उच्च बनाउने गरी गर्दछ । बैंकले आफ्नो आम्दानी वृद्धि र उच्च प्रतिफल आय प्राप्त गर्नको लागि जोखिम वहन गर्न सकिने परिधि तथा जोखिम व्यवस्थापनको परिपालनामा कुनै सम्झौता गर्ने छैन ।

बैंकको मुख्य जोखिम सम्वन्धी प्राथमिकताहरु: जोखिम व्यवस्थापन संस्कृतिलाई सुदृढ पार्ने, सूचना र साइबर सुरक्षाको व्यवस्था र सुधार गर्ने, वित्तीय अपराध जोखिमको व्यवस्थापन, आचरण वातावरण सुदृढ पार्ने, अनुपालना पुर्वाधार सुदृढ गर्ने तथा क्षमता र प्रभावकारितामा सुधार गर्ने रहेका छन् ।
बैंकले जोखिम व्यवस्थापन संस्कृतिलाई प्रबर्धन गर्न निश्चित सिद्वान्तहरुको प्रयोग गर्दछ । बैंकले अनुसरण गरेको जोखिम व्यवस्थाको सिद्धान्तहरु देहाय बमोजिम रहेको छन् :

- जोखिम तथा प्रतिफलको संतुलन
- व्यवसायीक आचरण: कानुन र नियमहरुको मर्म र अक्षरश: पालना गर्दै ग्राहक, लगानीकर्ता र बजारको लागि राम्रो नतिजा प्राप्त गर्ने प्रयासमा बैंक संचालित हुन्छ, जुन कुरा हाम्रो आचरणको माध्यमबाट प्रस्तुत गर्दछौ ।
- जिम्मेवारी र उत्तरदायित्व : जोखिम बहन गर्ने कार्य अनुशासित र ध्यानपूर्वक गरिएको भन्ने एकिन गर्नु, विशेष गरेर व्यवसायीक जोखिम व्यवस्थापन संयन्त्र बमोजिम जोखिम बहन क्षमता सीमाहरुभित्र रहेको, अख्तियारीको क्षेत्रभित्र रहेर जोखिम लिएको तथा ती जोखिमहरु पारदर्शी, नियन्त्रित र प्रतिवेदन पेश गर्नु रहेको छ ।
- अनुमान: ठूला जोखिमहरुको पूर्वानुमान गर्ने, प्रतिकूल नतिजा आउने घटनाहरुबाट पाठहरु सिक्ने र ज्ञात जोखिमहरुप्रति सजगता जगाउने ।
- प्रतिस्पर्धी लाभ: दक्ष र प्रभावकारी जोखिम व्यवस्थापन र नियन्त्रणको माध्यमबाट प्रतिस्पर्धात्मक लाभ प्राप्त गर्ने ।

बैंकको जोखिम बहन क्षमता निर्धारण गर्ने र जोखिमको दक्ष र प्रभावकारी व्यवस्थापनको अन्तिम उत्तरदायित्व सञ्चालक समितिमा रहेको हुन्छ ।

सञ्चालक समितिले तोकेको अख्तियारीमा रही कर्जा जोखिम, बजार जोखिम, संचालन जोखिम, प्रतिष्ठित जोखिम, देश जोखिम, वित्तीय अपराध जोखिम, सूचना र साइबर सुरक्षा सम्बधी नीतिहरुको स्थापना, र अनुपालनको लागि जिम्मेवार

जोखिम व्यवस्थापन समितिको रहेको हुन्छ । यो समिति प्रत्यक तीन महिनामा एक पटक बैठक बस्दछ र समग्र जोखिमको समीक्षा गर्दछ, जुन सञ्चालक समितिमा छलफलको लागि राखिन्छ । यसको उद्देश्य बैंकको व्यावसायिक रणनीतिमा सहयोग पुग्ने गरी समग्र बैंकको जोखिमको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्नु हो ।

पुँजीको व्यवस्थापन र तरलता, पुँजीको पर्याप्तता र विदेशी विनिमय र व्याजदरको अवस्था र करको अवस्थाको व्यवस्थापन सहित वासलत व्यवस्थापनसँग सम्बन्धित नीतिहरुको निर्माण र अनुपालनको लागि जिम्मेवारी सम्पत्ति दायित्व समितिमा रहेको छ ।

बैंकको समितिको संस्थागत संरचनाले जोखिम लिने अधिकार र जोखिम व्यवस्थापन नीतिहरु सञ्चालक समितिबाट तल विनियोजित गरी, ग्राहक व्यवसाय, उच्च व्यवस्थापन र समितिहरु मार्फत लागू भएको सूनिश्चित गर्नु रहेको छ । सारभूत जोखिम मुद्दाहरुको बारेमा जानकारी र नीतिहरु र मापदण्डहरुको पालना व्यवसाय, प्रशासनिक संरचना, उच्च व्यवस्थापन र समितिका माध्यमबाट जानकारी गराइएको हुन्छ ।

**(ग) आन्तिरक नियन्त्रण**

रणनीति र उद्देश्यहरु हासिल गर्न बैंकमा उचित आन्तरिक नियन्त्रण प्रणाली रहेको छ भन्ने कुरा सुनिश्चित गर्ने जिम्मेवारी सञ्चालक समितिको रहेको हुन्छ । बैंकको विभिन्न कार्यहरुको विस्तार र विकासको क्रममा उचित नियन्त्रण संयन्त्र स्थापना गर्ने दृष्टिले हेर्नु पर्दछ जसले गर्दा लाभदायक व्यवसायिक अवसरहरु उच्च बनाउन, जोखिम हटाउन वा घटाउन सक्षम गर्दछ, कानून र नियमहरुको अनुपालन सुनिश्चित गर्न र बाह्य घटनाहरु सामना गर्न सक्षम बनाउदछ ।

सञ्चालक समितिले जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरु नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप प्रभावकारी कार्यान्वयनमा ल्याएको छ ।

कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सञ्चालक समिति, आन्तरिक लेखापरीक्षण समिति, व्यवस्थापन र आन्तरिक लेखापरिक्षकद्वारा नियमित समीक्षा गरिन्छ ।

आन्तरिक लेखापरीक्षणले नीति/मापदण्डको पालनाको समीक्षाका साथै नियमित लेखापरीक्षण, विशेष लेखापरीक्षण, सूचना प्रणाली लेखापरीक्षण, गैह्रस्थलगत सुपरिवेक्षण, AML/CFT/KYC लेखापरिक्षणका साथै जोखिममा आधारित आन्तरिक लेखापरीक्षण मार्फत बैंकभर आन्तरिक नियन्त्रण संरचनाहरुको प्रभावकारिताको अनुगमन गर्दछ । लेखापरीक्षण टिप्पणीहरु तत्काल सुधारात्मक कारवाही शुरु गर्नका लागि प्रमुख कार्यकारी अधिकृत र व्यापार प्रमुखलाई रिपोर्ट गरिन्छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरु आवधिक रुपमा लेखापरीक्षण समिति समक्ष समीक्षाका लागि पठाइन्छ र समितिले सम्बन्धित विभाग वा शाखाहरुमा सम्बन्धित मुद्दाहरुको आधारमा उपयुक्त सुधारात्मक निर्देशन दिने गर्दछ ।

**४.१.१ कर्जा जोखिम**

कर्जा जोखिम भनेको ऋणीले समझदारी बमोजिम कर्जा सर्तको पालना गर्न नसकेको कारणले गर्दा हुने सम्भावित नोक्सानी हो । बैंकले कर्जा जोखिम कर्जा प्रकार, ऋणीको बर्ग एंवम् व्यवसाय क्षेत्रको आधारमा विविधीकरण गर्ने सिद्धान्त अनुसार व्यवस्थापन गर्ने गरेको छ । ग्राहक/विकासकर्तालाई कर्जा दिने कुरा कर्जा स्वीकृति कागजात/कर्जा निर्देशिकाले निर्दिष्ट गरिएको हुन्छ । निर्देशिकाले ऋणिलाई दिइने कर्जा, लेखा व्यवस्थापन, कर्जा प्रकार स्विकृति र अन्य कर्जा प्रकारसम्बन्धी मार्गदर्शन, कर्जा प्रक्रिया र पोर्टफोलियो मापदण्डसम्बन्धी ढाँचा प्रदान गर्दछ ।

कर्जा कारोबारमा संग्लन कारोबारी र जोखिम मूल्याँकनकर्ताको बीचमा स्पष्ट कार्यविभाजन गरिएको छ । सम्पूर्ण कर्जा जोखिम सीमाहरु कर्जा स्विकृति अख्तियारी कार्यविधिमा व्याख्या गरिए बमोजिम गर्ने गरिएको छ ।

कर्जा जोखिम व्यवस्थापनले कर्जा जोखिम मूल्याँकन र कर्जा स्विकृति, ठूलो ऋण र ऋण अधिकेन्द्रन, कर्जा अनुगमन, कर्जा जोखिम निराकरण र पोर्टफोलियो विश्लेषणलाई जनाउँछ ।

**४.१.२ सञ्चालन जोखिम**

संञ्चालन जोखिम भनेको बैंकको आन्तरिक तथा बाह्य प्रक्रियाहरुको अप्रयाप्तता, अदक्ष जनशक्ति वा बाह्य घटनाको असर (कानूनी जोखिम समेत) को कारणले हुने सम्भावित नोक्सानी हो । हामीले त्यसमा लाग्ने लागत फाईदा सन्तुलनलाई बिचार गरी सञ्चालन जोखिम घटाउने प्रयास गर्दछौं । संञ्चालन जोखिमको व्यवस्थापन एक नियमित संयत्रको माध्यमबाट गरिन्छ, जसले जोखिम पहिचान, मूल्याँकन, नियन्त्रण र अनुगमन गर्दछ ।

संञ्चालक समिति तहको जोखिम व्यवस्थापन समितिले समग्र बैंकको सञ्चालन जोखिमको निरीक्षण गर्दछ । जोखिम वहन गर्ने अधिकारीको यो सुनिश्चित गर्ने उत्तरदायित्व रहन्छ कि कार्य प्रक्रियामा संलग्न व्यक्तिहरुले कानूनी आवश्यकताहरु पूरा गर्नुपर्ने प्रक्रिया तथा नियन्त्रणहरु उचित छ । साथै अनुपालन अपवादलाई पहिचान गरिएको छ, सुधार गरिएको छ र सञ्चालन जोखिम व्यवस्थापनको अभिन्न अँग रहेको, रिपोर्ट गरिएको छ छैन समेत सुनिश्चित गर्नुपर्दछ । जोखिम धनीहरु निम्न सञ्चालन जोखिमका किसिमहरुको व्यवस्थापनबाट उत्पन्न सञ्चालन जोखिमको नियन्त्रणको लागि जिम्मेवार रहन्छः बाह्य नियम र नियमनहरु, दायित्व, कानूनी कार्यान्वयन, भौतिक सम्पत्तिको क्षति वा नोक्सान, सूरक्षा, आन्तरिक ठगी वा बेइमानी, बाह्य ठगी, सूचना प्रविधि सुरक्षा, प्रक्रियागत असफलता तथा ढाँचा । सञ्चालन जोखिम सबै व्यापार क्षेत्रहरु र बैंकद्वारा गरिने सबै गतिविधिहरुबाट उत्पन्न हुन सक्छ । सञ्चालन

जोखिम व्यवस्थापन सबै व्यवसाय खण्डहरु, उत्पादनहरु र प्रक्रियाहरुका लागि पूर्ण परिभाषित एकरुपताका साथ कायम गरेर सञ्चालन जोखिमको व्यवस्थापन सुनिश्चित गरिन्छ ।

ग्राहकहरुलाई प्रस्ताव गरिएका उत्पादनहरु र सेवाहरु सेवा सम्बन्धि मूल्याङ्कन र आधिकारिकता सेवा मार्गदर्शन अनुरुप गरीएको हुन्छ ।

### ४.१.३ बजार जोखिम

हामी बजार जोखिमलाई वित्तीय बजार दर वा मूल्यमा प्रतिकूल परिवर्तनको कारण आय वा आर्थिक मूल्यमा हुने सम्भावित घाटाको रुपमा परिभाषित गरेका छौं । मूद्रा विनिमय दर, व्याज दर, वस्तू मूल्य र इक्विटी मूल्यमा प्रतिकूल परिवर्तनको कारण उत्पन्न जोखिम बजार जोखिम अन्तर्गत पर्दछ । हाम्रो बजार जोखिम मुख्यतया ग्राहकले गर्ने कारोबारबाट उत्पन्न हुन्छ । नेपाल राष्ट्र बैंकले तोकेको जोखिम व्यवस्थापन निर्देशनहरु अनुसार बजार जोखिममा पुँजीको व्यवस्थापन/गणनाको लागि बैंकले मूद्रा विनिमय दर जोखिम व्यवस्थापनमा केन्द्रित गरेको छ । बैंकले बजार जोखिम प्रतिवेदनको खुद खूल्ला स्थिति माध्यम अपनाउने गरेको छ ।

बजार जोखिम व्यवस्थापनलाई मजबूत गर्न मूद्रा विनिमय दर जोखिमको साथसाथै, व्याज दर जोखिम र इक्विटी मूल्य जोखिम पनि नियमित अन्तरालमा मूल्याङ्कन गरिन्छ । बजार जोखिम सञ्चालक समितिद्वारा निर्धारित जोखिम लिने क्षमता र बजार जोखिम सीमाभित्र रही व्यवस्थापन गरिन्छ ।

### ४.१.४ पुँजी र तरलता जोखिम

पुँजी जोखिम हाम्रो व्यवसाय सञ्चालनको लागि आवश्यक पुँजीको अप्रयाप्तता वा अप्रयाप्त पुँजीको मिश्रण भई उत्पन्न हुने जोखिम हो । बैंकले आफ्नो रणनीतिक उद्देश्यहरूको प्राप्तिका लागि पर्याप्त बलियो पुँजी स्थिति कायम गरेको छ । बैंकको पुँजी पर्याप्तता अनुपात १५ जुलाई २०२४ मा ९१.६८% रहेको छ ।

तरलता जोखिम त्यस्तो सम्भावित अवस्था हो जब बैंकसँग आफ्ना सबै तिर्नुपर्ने दायित्वहरू पूरागर्न पर्याप्त तरल वित्तीय संसाधनहरू उपलब्ध भएको हुदैन वा अधिक लागतमा मात्र वित्तीय स्रोतहरूमा पहुँच प्राप्त गर्न सक्दछ । तरलता जोखिम तरलता जोखिम फ्रेमवर्क मार्फत सम्पत्ति दायित्व समितिद्वारा व्यवस्थापन गरिन्छ । उक्त नीति बमोजिम बैंकले तरलता बफरको रूपमा बजारयोग्य धितोहरूको तरल पोर्टफोलियो कायम गर्दछ ।

### ४.१.५ प्रतिष्ठा जोखिम

प्रतिष्ठा जोखिम शाखमा हुनसक्ने सम्भावित क्षति हो, जसले गर्दा आम्दानीमा नोक्सानी वा बजार पुँजीकरणमा प्रतिकूल प्रभाव प्रभाव पर्न सक्दछ । यसको परिणामस्वरूप सरोकारवालाहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संस्था उपर नकारात्मक दृष्टिकोण लिन सक्दछ, जसले गर्दा सरोकारवालाहरूले आफ्नो व्यवहार बदल्न अग्रसर हुन्छन् ।

प्रतिष्ठा जोखिम संञ्चालक समिति तहको जोखिम व्यवस्थापन समितिद्वारा व्यवस्थापन गरिएको छ, जुन स्थानीय रूपमा बैंकको प्रतिष्ठा जोगाउन जिम्मेवार छ र बैंकले संस्थाको शाखमा ठूलो क्षति पुऱ्याउने कुनै गतिविधि नगरेको सुनिश्चित गर्ने जिम्मेवारी रहेको छ । सबै कर्मचारीहरू दिन प्रतिदिन प्रतिष्ठा जोखिमको पहिचान र व्यवस्थापनको लागि जिम्मेवार छन् ।

### ४.१.६ सूचना र साइबर सुरक्षा जोखिम

सूचना र साइबर सुरक्षा जोखिम गोपनीयता र निष्ठाको उलंघन र साइबर हमला, भित्री गतिविधि, त्रुटी वा नियन्त्रणमा विफलता मार्फत बैंक सूचना प्रणाली र सम्पत्तिको उपलब्धताको कारणबाट हुने सम्भावित हानी हो । जोखिम व्यवस्थापन समितिले हाम्रो महत्वपूर्ण सूचना प्रविधि सम्पत्तिको लागि जोखिम र अनिश्चितताबाट बच्न सक्दो कोसिस गर्दछ । बैंकको साइबर सुरक्षा रणनीतिले बैंकको संसाधनलाई पाँच प्रमुख लगानी क्षेत्रहरूमा केन्द्रित गर्दछ, जस्तै पहिचान, पत्ता लगाउन, पुनः प्राप्ति, प्रतिक्रिया र सूरक्षा ।

सञ्चालक तहको जोखिम व्यवस्थापन समिति सूचना र साइबर सुरक्षा जोखिम व्यवस्थापन गर्नको लागि जिम्मेवार रहेको छ । त्यसका लागि, बैंकले सूचना सुरक्षा जोखिमका मुद्दाहरूको पहिचान गर्न, निर्धारण गर्न र सम्बोधन गर्न सूचना प्रविधि नीति विकसित गरेको छ । बैंकले व्यवसाय निरन्तरता योजना र प्रकोप पुनर्स्थापना संयन्त्रको एक हिस्साको रुपमा Backup नीति समेत तयार गरेको छ ।

## ४.२ पुँजी व्यवस्थापन

### अ. गुणयुक्त खुलासाहरु

बैंकको कूल इक्विटीमा चुक्ता पुँजी, वैधानिक जगेडा कोष र अन्य जगेडा कोषहरू समावेश छन । चुक्ता पुँजी पूर्ण भुक्तानी भइसकेको साधारण शेयर हो । बैंकसँग अन्य जटिल वा हाइब्रिड पुँजीगत उपकरण, जस्तै अग्राधिकार सेयर, अधीनस्थ ऋण, वारन्टहरू इत्यादि छैनन् । बैंकको खुद सम्पत्तिमा साधारण शेयर धारकको स्वार्थ अन्तिमरुपमा रहने गरेको छ ।

बैंकले आउँदा वर्षहरूमा मौलिक विकासको लक्ष्यलाई पूरा गर्नका लागि बलियो पुँजी व्यवस्थापन गरिसकेको छ, जुन सामान्य अवस्था र आर्थिक तनावपूर्ण स्थिति दुबै अवस्थामा यसको अनुमानित जोखिमलाई धान्न प्रयाप्त रहेको छ । अनिवार्य चुक्ता पुँजी र नियमनकारी जगेडा कोषको पर्याप्तताको कारणले गर्दा पुँजी जोखिम बहन क्षमताको सीमाको तुलनामा बैंकसंग पर्याप्त पुँजी रहेको छ, जुन हाम्रो नेपाल राष्ट्र बैंकमा पेश गरिएको आन्तरिक पुँजी पर्याप्तता मूल्यांकन निर्धारण प्रक्रियामा समेत देखिएको छ ।

### आ. संख्यात्मक खुलासा

### १. पुँजीको संरचना र पुँजीको पर्याप्तता

### क. प्राथमिक पुंजी र यसको बर्गीकरण

रकम (रू.'000' मा)

| सि.न. | प्राथमिक पुंजी | २३,६५२,५६८ |
|---|---|---|
| १. | चुक्ता पुंजी (साधारण शेयर) | २१,६००,००० |
| २. | प्रस्तावित बोनस शेयर | - |
| ३. | शेयर प्रिमियम | - |
| ४. | नियमनकार साधारण जगेडा कोष | १,३०४,५३२ |
| ५. | संचित नाफा वा नोक्सान | ७६९,५३५ |
| ६. | यस बर्षको लेखापरीक्षण नगरिएको संचित नाफा | - |
| ७. | अन्य स्वतन्त्र जगेडा | - |
| ८. | घटाउः अमूर्त सम्पत्तिहरु | १८,०५५ |
| ९. | घटाउः स्थगन कर सम्पत्तिहरु | ३,४४३ |

### ख. पुरक पुंजी र यसको बर्गीकरण

रकम (रू.'000' मा)

| सि.न. | पुरक पुंजी | २११,३९७ |
|---|---|---|
| १ . | साधारण कर्जा नोक्सानी व्यवस्था | २११,३९७ |
| २. | विनिमय समायोजन कोष | - |

**ग.** **Subordinated Debt** को विस्तृत जानकारीहरु, जसअन्तरगत बाँकी मौज्दात, भुक्तानी मिति, चालू आर्थिक वर्षमा संकलन गरेको रकम र सोमध्ये पुंजीको रुपमा गणना गर्न मिल्ने रकम

- लागू हुँदैन

### घ. पुंजीबाट घट्ने

- रू. २१,४९९ हजार

### ङ. जम्मा पुंजीकोष

- रू. २३,८६३,९६५ हजार

### च. पुंजी पर्याप्तता अनुपात

- ९१.६८%

### छ. बैंकको विद्यमान र भविष्यका गतिविधिहरूलाई सहयोग गर्न यसको पुंजीको पर्याप्तताको मूल्यांकन गर्ने आन्तरिक तौरतरिकाको सारांश,

बैंकले आन्तरिक पुंजी पर्याप्तता मूल्यांकन निर्धारण प्रक्रिया २०१८ बनाएको र संञ्चालक समितिको अनुमोदन पश्चात् कार्यान्वयन गरेको छ । आन्तरिक पुंजी पर्याप्तता मूल्यांकन निर्धारण प्रक्रिया २०१८ चुस्त, प्रभावकारी र पूर्ण रणनीति र प्रक्रियाहरूको प्रणाली हो, जसले बैंकलाई आन्तरिक पुंजीको रकम, प्रकार र वितरणको आकलन गरी सो बमोजिम कायम राख्न मद्दत गर्दछ, जुन बैंकको कारोवार प्रकृति र जोखिमको स्तरको लागि पर्याप्त छ ।

आन्तरिक पुंजी पर्याप्तता मूल्यांकन निर्धारण प्रक्रियामा सुदृढ शासन व्यवस्था, सबै मुख्य जोखिमहरूको व्यवस्थापनको कुशल, प्रक्रिया र बैंकमा पर्याप्त आर्थिक पुंजी रहने मूल्यांकन व्यवस्थाका लागि एक प्रभावकारी प्रणाली पनि समावेश भएको हुन्छ, जहाँ आर्थिक पुंजी (आर्थिकरूपले आवश्यक पुंजी) भन्नाले बैंकको व्यवसाय परिचालनका लागि र सम्बन्धित जोखिमहरूलाई वहन गर्नको लागि आवश्यक पुंजीको मात्रालाई जनाउँदछ ।

आन्तरिक पुंजी पर्याप्तता मूल्यांकन निर्धारण प्रक्रियाले आन्तरिक पुंजी पर्याप्तताको गणनाको लागि नीति र प्रक्रियात्मक दिशानिर्देश प्रदान गर्दछ । यसले बैंकको जोखिम क्षेत्र र यसको जोखिम व्यवस्थापन, नियन्त्रण, वातावरण र रणनीतिक योजनाको प्रभावकारिताको सम्बन्धमा पुंजी पर्याप्तता आवश्यकताहरू मूल्यांकन गर्न उचित विधि, प्रविधि र प्रक्रियाहरू तोकेको छ ।

रणनीतिक उद्देश्यहरूको सम्बन्धमा बैंकको हालको र भविष्यको पुंजी आवश्यकताहरू सुनिश्चित गर्न संञ्चालक समिति मूल रूपमा जिम्मेवार रहन्छ । व्यवस्थापनले आफ्ना विभिन्न क्रियाकलापहरु गर्दा सामना गर्नुपर्ने विभिन्न जोखिमहरूको प्रकृति र स्तरलाई समीक्षा गर्दछ तथा यी जोखिमहरूलाई कसरी पुंजीको तहमा सम्बोधन गर्न सकिन्छ र त्यस अनुरुप ती जोखिम तत्वहरुलाई पन्छाउन चाहिने विभिन्न जोखिम व्यवस्थापनको कार्यनीति तयार गर्दछ ।

बैंकको दीर्घकालीन योजनाहरू र रणनीतिहरू सामान्यतया वार्षिक बजेट /संचालन /कार्यनितिक योजनाहरूद्वारा निर्देशित हुन्छन । बैंकको पुंजी पर्याप्तता व्यापार लक्ष्यहरूद्वारा आवश्यक पुंजीको माग अनुरूप छ भन्ने सुनिश्चित गर्नका लागि व्यवस्थापन र संञ्चालक समिति विवेकी र सक्रियरूपमा पुंजी र जोखिम मूल्यांकन, तनाव परीक्षण र परिस्थिति परीक्षण, अनुगमन आदि आन्तरिक पुंजी पर्याप्तता मूल्यांकन निर्धारण प्रक्रिया, २०१८ अनुसार चलिरहेको यकिन गर्न जिम्मेवार हुन्छन् ।

बैंकले विभिन्न दबाव अबस्थाहरुमा What-if Scenario विशेषगरी कम मात्रामा हुने उच्च गम्भीरताका समस्याहरुको पहिचान र अपेक्षित तथा अनपेक्षित नोक्सानको जोखिम निर्धारण गर्न दबाब परीक्षण संयन्त्र तयार गर्ने र लागु गर्ने गर्दछ । यसले निरन्तर रुपमा नहुने तर दूरगामी प्रभाव पार्ने घटनाको प्रभावलाई समेट्छ र समग्र जोखिम प्रोफाइललाई सुसंगत र निश्चित फ्रेमवर्कमा बुझ्ने कुरामा आय, दिगोपन र तरलताको प्रभाव विश्लेषण समावेश गर्दछ ।

बैंकको तनाव परीक्षणमा देशको बृहत आर्थिक वातावरण पनि समावेश छ र यसले बैंकको व्यवसायमा पार्ने प्रभावका साथै सम्पूर्ण प्रमुख जोखिम क्षेत्रहरू र बैंकको कार्यहरू सूचनाको उपलब्धता र स्रोतको सिमिततालाई विचार गरी बैंकको पुंजी पर्याप्ततामा पर्ने अन्तिम प्रभावलाई अध्ययन गरिन्छ ।

आन्तरिक पुंजी पर्याप्तता मूल्यांकन निर्धारण प्रक्रिया २०१८ बमोजिम जोखिम क्षेत्र, प्रवृत्ति र पुंजी आवश्यकतामा उच्च व्यवस्थापनलाई आवश्यक पर्ने एक औपचारिक अनुगमन र रिपोर्टिंग संयन्त्र स्थापना गरिएको छ । त्यस्ता प्रतिवेदन मासिक र त्रैमासिक आधारमा तयार गरी सम्बन्धित व्यवसाय इकाई र विभागहरू, एकीकृत जोखिम विभाग र सम्पत्ति दायित्व समितिको बैठकमा प्रवाह भइरहेको हुन्छ । साथै त्रैमासिक प्रतिवेदन जोखिम व्यवस्थापन समिति र संञ्चालक समितिमा समीक्षा र छलफलका लागि प्रस्तुत गरिन्छ ।

**ज. पुँजीगत उपकणरहरु, विशेष गरी Subordinated Term Debt तथा मिश्रित पुँजीगत उपकरणको मुख्य विशेषता, अवधि तथा सर्तहरूको सारांश**

बैंकसंग पुँजीकोषको रुपमा पूर्ण भुक्तानी गरिसकेको साधारण सेयर पुँजी रहेको छ ।

**२. जोखिम भारित रकम**

**क. कर्जा जोखिम, सञ्चालन जोखिम र बजार जोखिमको जोखिम भारित विवरण**

| जोखिम भारित | रकम (रू. '000') |
|---|---|
| क) कर्जा जोखिमका जोखिम भारित रकम | २२,८०६,१३१ |
| ख) सञ्चालन जोखिमका जोखिम भारित रकम | २,७१३,३२७ |
| ग) बजार जोखिमका जोखिम भारित रकम | - |
| घ) Pillar II अन्तर्गतको समायोजन | ५१०,३८९ |
| **कूल जोखिम भारित रकम (क+ख+ग+घ)** | **२६,०२९,८४७** |

**ख. कर्जा जोखिमको विभिन्न ९ प्रकारको जोखिम भारित विवरण**

**रकम (रू.'०००' मा)**

| नं. | विवरण | दाबी १५/०७/२०२४ मा | जोखिम भारित १५/०७/२०२४ मा |
|---|---|---|---|
| १ | नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकमा दाबी | ३,९१७,९३६ | - |
| २ | अन्य संस्थाहरु दावी | | |
| ३ | बैंकहरुमा दाबी | ३,०२६,५०२ | ६०५,३०० |
| ४ | संगठित संस्था तथा सुरक्षित निकायमा दाबी | २१,१३९,६५६ | २०,८१३,३१५ |
| ५ | व्यापारिक घरजग्गाबाट सुरक्षित दावी | | |
| ६ | भुक्तानी अवधि समाप्त भइसकेको दावी | १,८७४ | २,८११ |
| ७ | उच्च जोखिमयूक्त दावी | | |
| ८ | अन्य सम्पत्तिहरु | १,१९६,६९५ | १,११२,६१७ |
| ९ | वासलात बाहिरको शिर्षक | ५५९,८४० | २७२,०८८ |
| | **कूल जम्मा** | **२९,८४२,५१२** | **२२,८०६,१३१** |

### ग. कर्जा जोखिमका जोखिम भारित रकम

रकम (रू.'०००' मा)

| क. वासलात भित्रको कारोबार | कितावी मुल्य | विशेष व्यवस्था | गणना गर्न सकिने CRM | खुद रकम | जोखिम भार | जोखिम भारित रकम |
|---|---|---|---|---|---|---|
| | क | ख | ग | घ=क-ख-ग | ङ | च=घ*ङ |
| नगद मौज्दात | १० | | | १० | ०% | - |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ७९२,९२५ | | | ७९२,९२५ | ०% | - |
| नेपाल सरकारको ऋणपत्रमा गरिएको लगानी | ३,१०६,११३ | | | ३,१०६,११३ | | |
| नेपाल राष्ट्र बैंकको ऋणपत्रमा गरिएको लगानी | - | | | - | ०% | - |
| तोकिएको पुँजी कोष कायम गर्ने स्वदेशी बैंक उपरको दावी | ३,०२६,५०२ | | | ३,०२६,५०२ | २०% | ६०५,३०० |
| स्वदेशी संस्था उपरको दावी | २१,१३९,६५६ | ३२६,३४१ | | २०,८१३,३१५ | १००% | २०,८१३,३१५ |
| Past due दावीहरु | १,८७४ | | | १,८७४ | १५०% | २,८११ |
| सुचीकृत भएका संस्थाको शेयर तथा धितोपत्रमा गरिएको लगानी | ४४९,००० | | | ४४९,००० | १००% | ४४९,००० |
| सरकारी ऋणपत्रको प्राप्त हुन बाँकी व्याज तथा दावी | १८,८९८ | | | १८,८९८ | ०% | - |
| अन्य सम्पत्ति | ७४७,६९५ | ८४,०७८ | - | ६६३,६१७ | १००% | ६६३,६१७ |
| **जम्मा (क)** | **२९,२८२,६७३** | **४१०,४२०** | **-** | **२८,८७२,२५४** | | **२२,५३४,०४३** |

| ख. वासलात बाहिरको कारोबार | कितावी मुल्य | विशेष व्यवस्था | गणना गर्न सकिने CRM | खुद रकम | जोखिम भार | जोखिम भारित रकम |
|---|---|---|---|---|---|---|
| | क | ख | ग | घ=क-ख-ग | ङ | च=घ*ङ |
| स्वदेशी ग्राहक संगको ६ महिना भन्दा बढीका प्रतितपत्र | ४४०,५०३ | | | ४४०,५०३ | ५०% | २२०,२५२ |
| बिड बोण्ड, पर्फमेन्स बोण्ड र काउन्टर ग्यारेन्टी स्वदेशी संस्था | २५,२१३ | | १,१९७ | २३,९२६ | ४०% | ११,९६३ |
| खारेज गर्न नसकिने ऋण प्रतिबद्धता | ६७,३०० | | | ६७,३०० | २०% | १३,४६० |
| अन्य सम्भावित दायित्व | २६,९१३ | | ५०० | २६,९१३ | १००% | २६,९१३ |
| **जम्मा (ख)** | **५५९,८४०** | **-** | **१,६९७** | **५५८,१४२** | | **२७२,०८८** |
| **कूल कर्जा जोखिम (क+ख)** | **२९,८४२,५१२** | **४१०,४२०** | **१,६९७** | **२९,४३०,३९६** | | **२२,८०६,१३१** |
| Pillar-II अन्तर्गतको समायोजन | | | | | | |
| ६.४(क)(३) : जोड प्रति ग्राहक कर्जा तथा सुविधा सीमाभन्दा बढी प्रवाहित कर्जा तथा सुविधाको १०% | | | | | | |
| ६.४(क)(४) : जोड पुन: स्वीकार हुने गरी करार अन्तर्गत बिक्री गरिएको कर्जाहरुको १% | | | | | | |
| **कूल कर्जा जोखिम भारित रकम (Pillar-II अन्तर्गतको समायोजन पछि)** | **२९,८४२,५१२** | **४१०,४२०** | **१,६९७** | **२९,४३०,३९६** | | **२२,८०६,१३१** |

### घ. निष्क्रिय सम्पत्तिको रकम (कूल र खुद) पुनर्तालिकीकरण तथा पुनर्संरचना

रकम (रू.'000' मा)

| कर्जा वर्ग | कूल कर्जा | व्यवस्था | खुद कर्जा |
|---|---|---|---|
| खराब कर्जा | १,८७४ | १,८७४ | - |

### ङ. निष्क्रिय सम्पत्ती अनुपात

- खराब कर्जा ०.००९%

### (इ) बाह्य व्यवस्थाको परिपालना अनुपालना

बैंकले नेपाल राष्ट्र बैंकबाट जारी गरिएको पुँजीकोष सम्बन्धी निर्देशनमा उल्लेख भएका व्यवस्थाहरुको समीक्षा अवधिभर परिपालना गरेको छ ।

### ४.३ सम्बन्धित पक्षहरु

बैंकले नेपाल लेखामान-२४ अनुसार देहाय बमोजिमको सम्बधित पक्षहरु पहिचान गरेको छ:

| नाम | सम्बन्ध |
|---|---|
| श्री अनुज अग्रवाल | अध्यक्ष, सञ्चालक समिति |
| श्री श्रीकृष्ण नेपाल | सदस्य, सञ्चालक समिति |
| श्री रत्न राज बज्राचार्य | सदस्य, सञ्चालक समिति |
| श्री लालमणी जोशी | सदस्य, सञ्चालक समिति |
| श्री शंकर प्रसाद अधिकारी | स्वतन्त्र सञ्चालक (साविक) |
| श्रीमती लिमा अधिकारी | सञ्चालक, सर्वसाधारण समूह |
| श्री प्रबीण सुवेदी | सञ्चालक, सर्वसाधारण समूह |
| श्री राम कृष्ण खतिवडा | प्रमुख कार्यकारी अधिकृत (साविक) |

### ४.३.१ मुख्य व्यवस्थापकहरुलाई सोधभर्ना

सञ्चालक समितिका सबै सदस्यहरुलाई बैठक भत्ता पाउने प्रावधान रहेको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत तथा मुख्य व्यवस्थापनका सबै सदस्यहरुलाई तलव तथा भत्ता प्रदान गरिएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृतलाई प्रदान गरिएको तलव तथा भत्ता दुई पक्षीय सम्झौता अनुसार प्रदान गरिएको छ भने मुख्य व्यवस्थापकहरुलाई प्रदान गरिएको तलबभत्ता कम्पनीको कर्मचारी विनियमावली र व्यवस्थापकले समय समयमा गर्ने निर्णय अनुसार प्रदान गर्ने गरिएको छ । यसका अतिरीक्त मुख्य व्यवस्थापकहरुलाई अन्य गैर-नगद सुविधाहरु जस्तै अवकाश सुविधा, सहुलियत दरमा कर्मचारी कर्जा समेत उपलब्ध गराइएको छ ।

बैंकका मुख्य व्यवस्थापनका सबै सदस्यहरुलाई प्रदान गरिएको तलव, भत्ता तथा सुविधा निम्नानुसार छन् :

**सञ्चालक समिति**

| विवरण | यस वर्ष रू. |
|---|---|
| बैठक भत्ता | १,६९२,००० |
| भ्रमण तथा अन्य खर्च | १,०७३,६५२ |
| जम्मा | २,७६५,६५२ |

**बैंकका प्रमुख कार्यकारी अधिकृत** (रकम रु.)

| विवरण | यस वर्ष रू. |
|---|---|
| तलब तथा भत्ता | ७,१५०,००० |
| अन्य लाभ तथा सुविधाहरु | निजसंग गरिएको सम्झौता तथा प्रचलित ऐन बमोजिम |
| जम्मा | ७,१५०,००० |

**सम्बन्धित पक्षहरुसंग गरिएका कारोवारको संक्षेप**

| विवरण | सहायक कम्पनी | एसोसिएट कम्पनी | मुख्य व्यवस्थापक |
|---|---|---|---|
| **नाफा वा नोक्सान विवरणका शिर्षकहरु** | | | |
| सञ्चालक समिति बैठक भत्ता | | | १,६९२,००० |
| भ्रमण तथा अन्य खर्च | | | १,०७३,६५२ |
| प्रमुख कार्यकारी अधिकृतको तलब तथा भत्ता | | | ७,१५०,००० |
| **अषाढ मसान्त सम्म जम्मा** | - | - | **९,९१५,६५२** |
| **वित्तीयस्थिति विवरणका शीर्षकहरु** | - | - | - |
| **वासलात बाहिरको** | - | - | - |

## ४.४ शेयर पुँजी

| विवरण | शेयर सख्या | प्रतिशेयर मुल्य | जम्मा पूँजी मुल्य रु. |
|---|---|---|---|
| अधिकृत पुँजी | ४००,०००,००० | रु.१०० | ४०,०००,०००,००० |
| जारी पुँजी | २१६,०००,००० | रु.१०० | २१,६००,०००,००० |
| चुक्ता पुँजी | २१६,०००,००० | रु.१०० | २१,६००,०००,००० |

### ४.४.१ शेयरधारण स्थिति

बैंकको शेयरधारण स्थिति देहाय बमोजिम रहेको छ :

| शेयरधनीको विवरण | यस वर्ष | |
|---|---|---|
| | % | चूक्ता पूँजी मुल्य रु. |
| **स्वदेशी स्वामित्व** | **१००%** | **२१,६००,०००,०००** |
| नेपाल सरकार | १०.००% | २,१६०,०००,००० |
| 'क' वर्गका ईजाजत प्राप्त संस्थाहरु | २०.८९% | ४,५१२,५६४,००० |
| अन्य ईजाजत प्राप्त संस्थाहरु | ०.०५% | १०,८००,००० |
| अन्य संस्थाहरु (संस्थापक) | १८.९७% | ४,०९७,७३६,००० |
| सर्वसाधारण जनता | ४०.००% | ८,६४०,०००,००० |
| अन्य (सस्थापक) | १०.०९% | २,१७८,९००,००० |
| **विदेशी स्वामित्व रहेको** | - | - |
| **जम्मा** | **१००%** | **२१,६००,०००,०००** |

### १ प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएका शेयरधनीको विवरण

| क्र. सं. | शेयरधनीको नाम, थर | प्रतिशत |
|---|---|---|
| १ | नेपाल सरकार, अर्थ मन्त्रालय | १०.००% |
| २ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ८.९५% |
| ३ | ग्लोबल आई.एम.ई बैंक लिमिटेड | ५.४८% |
| ४ | एन.आई.सि.एसिया बैंक लिमिटेड | ५.००% |
| ५ | नेपाल इनभेष्टमेन्ट मेगा बैंक लिमिटेड | ५.००% |
| ६ | प्रभु बैंक लिमिटेड | ४.९२% |
| ७ | लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड | ४.२०% |
| ८ | नेपाल पुर्नबिमा कम्पनी लिमिटेड | २.४७% |
| ९ | एसियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | १.७५% |
| १० | इमर्जिङ्ग नेपाल लिमिटेड | १.२५% |
| ११ | नितेश अग्रवाल | १.२१% |

### ४.४.२ इक्वीटीमा भएको परिवर्तन

(रकम रु.)

| | शेयर सख्या | प्रतिशेयर मुल्य | पुँजी मुल्य रु. | कैफियत |
|---|---|---|---|---|
| १ श्रावण २०८० गतेको साधारण शेयर | २१६,०००,००० | रु.१०० | २१,६००,०००,००० | ६०% सस्थापक शेयर |
| ३१ असाढ २०८१ गतेको साधारण शेयर | २१६,०००,००० | रु.१०० | २१,६००,०००,००० | पुँजी (रु.१२.९६ अर्ब) |

## ४.५ वैधानिक जगेडा तथा कोषहरु

यस कोषमा जम्मा हुने वैधानिक जगेडा तथा कोषहरु विशेष प्रयोजनको निमित्त छुट्याईएको हो । विभिन्न प्रकारका वैधानिक जगेडा तथा कोषहरु देहाय बमोजिम रहेका छन् :

### ४.५.१ साधारण जगेडा कोष

बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ४४ मा भएको व्यवस्था बमोजिम बैंकको प्रत्येक आर्थिक वर्षको खुद मुनाफाबाट २०% रकम साधारण जगेडा कोषमा रकमान्तर गरिएको छ । सो व्यवस्था बमोजिम जगेडा कोषमा रहेको मौज्दात चुक्ता पुँजीको दोब्बर नपुगेसम्म प्रत्यक आर्थिक वर्षमा रकमान्तर गर्नुपर्दछ र सो रकम दोब्बर भएपश्चात् १०% रकमान्तर गर्नुपर्दछ । नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृतिबिना सो रकमबाट खर्च लेख्न वा अन्य खातामा रकमान्तर गर्न मिल्दैन ।

| साधारण जगेडा कोष | रकम रू | रकम रू |
|---|---|---|
| शुरु रकम | | १,०३८,५६३,६५० |
| कोषमा रकमान्तर | | २६५,९६८,१६८ |
| खुद मुनाफा | १,३२९,८४०,८४० | |
| खुद मुनाफाको २०% | २६५,९६८,१६८ | |
| **अन्तिम रकम** | | **१,३०४,५३१,८१७** |

### ४.५.२ संचित मुनाफा

| सुचित मुनाफा | रकम रू | रकम रू |
|---|---|---|
| शुरु रकम | | १,०११,०६३,०८१ |
| कोषमा रकमान्तर | | (२४१,५२८,४६३) |
| यस वर्षको खुद मुनाफा | १,३२९,८४०,८४० | |
| साधारण जगेडा कोषमा रकमान्तर | (२६५,९६८,१६८) | |
| संस्थागत सामाजिक उत्तरदायित्व कोषमा रकमान्तर | (१३,२९८,४०८) | |
| कर्मचारी तालिम कोषमा रकमान्तर | - | |
| नियमनकारी कोषमा रकमान्तर | (३८५,७८४,७२७) | |
| लाभाँश वितरण | (९०९,४६८,०००) | |
| संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट रकमान्तर | ३,१५०,००० | |
| **अन्तिम रकम** | | **७६९,५३४,६१८** |

### ४.५.३ संस्थागत सामाजिक उत्तरदायित्व कोष

नेपाल राष्ट्र बैंकको निर्देशिका अनुसार रु. १३,२९८,४०८ संस्थागत सामाजिक उत्तर दायित्व कोषमा रकामान्तर गरिएको छ । बैंकले यस वर्ष सामाजिक उत्तरदायित्व कार्यमा रु. ३,१५०,००० खर्च गरेको छ । यस कोषबाट बैंकले आगामी वर्षमा संचालक समितिको निर्देशन बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व कार्यमा प्रयोग गर्न सक्नेछ ।

| संस्थागत सामाजिक उत्तरदायित्व कोष | रकम रू | रकम रू |
|---|---|---|
| शुरु रकम | | ३७,८०३,५३८ |
| कोषमा रकमान्तर | | १३,२९८,४०८ |
| यस वर्षको खुद मुनाफा | १,३२९,८४०,८४० | |
| खुद मुनाफाको १% | १३,२९८,४०८ | |
| यस वर्ष सामाजिक उत्तरदायित्व कार्यमा गरिएको खर्च | | (३,१५०,०००) |
| **अन्तिम रकम** | | **४७,९५१,९४६** |

### ४.५.४ कर्मचारी तालिम कोष

नेपाल राष्ट्र बैंकको निर्देशिका अनुसार बैंकले गत आ.व. को कर्मचारी खर्चको ३% रकम कर्मचारी तालिम तथा विकासमा खर्च गर्नुपर्नेछ । बैंकले यस आ.व. मा कर्मचारी तालिम तथा विकासमा रु. ६,३१५,५२६ खर्च गरेको छ र निर्देशिका अनुसार कर्मचारी तालिम कोषमा रकमान्तर गरिएको छ । यस कोषबाट बैंकले आगामी वर्षमा कर्मचारी तालिम तथा विकासमा प्रयोग गर्नेछ ।

| कर्मचारी तालिम कोष | रकम रू | रकम रू |
|---|---|---|
| शुरु रकम | | - |
| कोषमा रकमान्तर | | - |
| गत आ.व. को कर्मचारी खर्चको ३% | २,६९६,०६३ | |
| यस वर्ष कर्मचारी तालिममा गरिएको खर्च | ६,३१५,५२६ | |
| **अन्तिम रकम** | | **-** |

### ४.५.५ व्याज पुंजीकरण कोष

नेपाल राष्ट्र बैंकको निर्देशिका अनुसार बैंकले ग्रेस/Moratorium अवधिको व्याजलाई पुंजीकरण गरी पुंजीकृत व्याज रकमलाई Interest Capitalized Term Loan (ICTL) शीर्षकमा लेखाङ्कन भएकोमा पुंजीकृत व्याज बराबरको रकम व्याज पुंजीकरण कोष (Interest Capitalized Reserve) मा रकमान्तर गर्नुपर्ने व्यवस्था छ । बैंकले यस वर्ष रु. ४१,७३१,२०० व्याज पुंजीकरण कोषमा रकमान्तर गरेको छ ।

| व्याज पुंजीकरण कोष | रकम रु | रकम रु |
|---|---|---|
| शुरु रकम | | - |
| कोषमा रकमान्तर | | ४१,७३१,२०० |
| ग्रेस/Moratorium अवधिको पुंजीकरण भएको व्याज | ६६,२३९,९९९ | |
| व्याज पुंजीकरण कोषमा रकमान्तर | ४१,७३१,२०० | |
| यस वर्ष व्याज पुंजीकरण कोषबाट रकमान्तर | | - |
| **अन्तिम रकम** | | **४१,७३१,२००** |

**वित्तीय विवरणमा खुलासा गरिएको वैधानिक जगेडा तथा कोषहरु देहाय बमोजिम रहेका छन् :**

(रकम रु.)

| विवरण | ३१ आषाढ २०८१ | ३१ आषाढ २०८० |
|---|---|---|
| **वैधानिक जगेडा कोष** | | |
| साधारण जगेडा कोष | १,३०४,५३१,८१७ | १,०३८,५६३,६५१ |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | ४७,९५१,९४६ | ३७,८०३,५३८ |
| नियमनकारी कोष | ५२१,७०५,७०३ | १३५,९२०,९७५ |
| कर्मचारी तालिम कोष | २७९,३००,००० | - |
| **अन्य जगेडा कोषहरु** | | |
| अन्य जगेडा कोषहरु | ७६९,५३४,६१८ | १,०११,१६४,८७२ |
| **जम्मा** | **२,९२३,०२४,०८५** | **२,२२३,४५३,०३६** |

**वित्तीय विवरणमा खुलासा गरिएको वैधानिक जगेडा कोष अन्तर्गत नियमनकारी कोषमा देहाय बमोजिम रहेका छन् :**

(रकम रु.)

| आ.व. | पाउनु पर्ने व्याज | कर्जा नोक्सानी व्यवस्थामा कमी | लगानी नोक्सानी व्यवस्थामा कमी | गैह्र बैंकिङ्ग सम्पत्ती व्यवस्थामा कमी | स्थगन कर सम्पत्ति | साख | Bargain Purchase मा लाभ | बिमाङ्कीय घाटा | OCI मा पहिचान गरिएको उचित मूल्य घाटा | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७५/७६ | ६७,४९० | - | - | - | - | - | - | - | - | - | ६७,४९० |
| २०७६/७७ | ५५,६४७ | - | - | - | - | - | - | - | - | - | ५५,६४७ |
| २०७७/७८ | ५७,०७४ | - | - | - | - | - | - | - | - | - | ५७,०७४ |
| २०७८/७९ | ५९५,४०१ | - | - | - | १४४,४५३ | - | - | - | - | - | ७३९,९४४ |
| २०७९/८० | १३५,२९५,५६० | - | - | - | ६२५,४१६ | - | - | - | - | - | १३५,९२०,९७६ |
| २०८०/८१ | ४७६,५३१,०२७ | - | - | - | ३,४४३,४७६ | - | - | - | - | ४१,७३१,२०० | ५२१,७०५,७०३ |

## ४.६ प्रतिशेयर आम्दानी

### ४.६.१ आधारभूत प्रतिशेयर आम्दानी

प्रतिशेयर आम्दानी, जसलाई कूल आम्दानी प्रतिशेयर पनि भनिन्छ, बजार मूल्यांकन अनुपात हो, जसले बाँकी शेयरको प्रतिशेयर कमाएको आम्दानी पत्ता लगाउन सहयोग गर्दछ। अर्को शब्दमा, वर्षको अन्तिममा सबै नाफा वितरण गरेको खण्डमा प्रतिशेयरले जति रकम पाइन्छ, त्यही नै प्रतिशेयर आम्दानी हो । यो साधारण शेयरधनीको भागमा परेको प्रत्येक अवधिको नाफा वा नोक्सानलाई त्यस वर्षको औसत साधारण शेयर संख्याले भाग गरेर निकाल्ने गरिन्छ ।

साधारण शेयरधनीको भागमा पर्ने मुनाफा बैंकको कूल कमाईबाट सबै खर्च, अग्राधिकार लाभाँश, अग्राधिकार शेयर चुक्ता गर्दा आएको फरक र अग्राधिकार शेयर साधारण

### ४.६.२ घुलित (Diluted) प्रतिशेयर आम्दानी

घुलित शेयर त्यस्तो शेयर हो जुन भविष्यमा साधारण शेयरमा परिणत हुनसक्ने गरी व्यवस्था गरिएको जस्तै परिवर्तित ऋणपत्र वा यस्ता वित्तीय उपकरणलाई समायोजन गरी आउने साधारण शेयर सँख्या हो । लगानीकर्ताहरुलाई बैंकको वित्तीयस्थितिको उचित अनुमान गर्न विशेष वित्तीय अंकसहित घुलित शेयरको बारेमा जानकारी गराइन्छ । हाल बैंकसग भविष्यमा साधारण शेयरमा परिणत हुने कुनै पनि वित्तीय उपकरण रहेको छैन ।

(रकम रु.)

| विवरण | आ. व. २०८०/८१ | आ. व. २०७९/८० |
|---|---|---|
| साधारण शेयरधनीलाई दिनुपर्ने नाफा | १,३२९,८४०,८४० | १,३९९,१९२,८०४ |
| साधारण शेयरको भारित औसत संख्या | | |
| प्रस्तुत गरिएको | २१६,०००,००० | २१६,०००,००० |
| परिवर्तित | - | - |
| **आधारभूत प्रतिशेयर आम्दानी** | | |
| प्रस्तुत गरिएको | ६.१६ | ६.४८ |
| परिवर्तित | - | - |

## ४.७ कोभिड संग सम्बन्धित तथा अन्य खुलासा:

| विवरण | आ.व. २०८०/८१ | |
|---|---|---|
| | ग्राहक संख्या | रकम |
| २०८१ श्रावण १५ सम्म प्राप्त २०८१ आषाढ मसान्तसम्मको आर्जित व्याज | लागू नहुने | |
| असल कर्जामा थप ०.३% नोक्सानी व्यवस्था | | |
| निर्माणाधिन उद्योग/परियोजनालाई प्रवाह गरिएको कर्जामा Moratorium अवधि थप गरिएको | | |
| ५% कर्जा नोक्सानी व्यवस्था सहितका पुनरतालिकीकरण/पुनरसंरचना गरिएका कर्जा | | |
| कोभिडबाट प्रभावित ऋणीलाई थप २०% चालु पुंजी कर्जा | | |
| कोभिडबाट प्रभावित ऋणीलाई थप १०% आवधिक कर्जा | | |
| ५% कर्जा नोक्सानी व्यवस्था गरी कोभिडबाट प्रभावित ऋणीलाई दिएको थप २०% चालु पूजी कर्जा (कोभिड कर्जा) को भुक्तानी अवधि १ बर्ष थप गरिएको | | |
| ५% कर्जा नोक्सानी व्यवस्था गरी कोभिडबाट प्रभावित ऋणीलाई दिएको थप १०% आवधिक कर्जा (कोभिड कर्जा) को भुक्तानी अवधि १ बर्ष थप गरिएको | | |
| ने. रा. बैंक निर्देशिका २ (४१) अनुसार कर्जाको साँवा तथा व्याजको भुक्तानी अवधि २ वर्षसम्म थप गरिएको | | |

| विवरण | आ.व. २०८०/८१ | |
|---|---|---|
| | ग्राहक संख्या | रकम |
| पुनरकर्जा सुविधा | लागू नहुने | |
| व्यवसाय निरन्तरता कर्जा | | |
| सहुलियत कर्जा | | |
| ५% कर्जा नोक्सानी व्यवस्था गरी पुनरतालिकीकरण/पुनरसंरचना गरिएका कर्जा | ४ | ४,६६७,४६४,९११ |

### ४.८ एकीकृत वित्तीय विवरण तयार नगरिएका कम्पनीहरुको थप खुलासा

यस कम्पनीले कुनै अन्य सहायक कम्पनीमा लगानी गरेको छैन, जसको नेपाल वित्तीय प्रतिवेदनमान अनुसार एकिकृत वित्तीय विवरण तयार गर्नुपर्ने हुन्छ, साथै कुनै पनि एशोसियट्समा पनि लगानी गरेको छैन जसका वित्तीय विवरणका अंकहरु यस बैंकको वित्तीय विवरणमा समायोजन गर्नुपर्ने हुन्छ । केही इक्वीटी शेयरहरुमा नीतिगत लगानी गरिएको बाहेक बैंकले अन्य कुनै इक्वीटीमा लगानी गरिएको छैन ।

### ४.९ प्रतिवेदनको मितिपश्चात्का घटनाहरु

बैकले प्रतिवेदनको मितिपश्चात्का घटनाहरुद्वारा वित्तीय विवरणमा पर्नसक्ने असर र वित्तीय विवरणमा समायोजन गर्नुपर्ने वा नपर्ने भन्ने निर्धारण गर्न अनुगमन गर्ने गरिएको छ । वित्तीय विवरणमा समायोजन गर्नुपर्ने घटनाहरुको असरलाई समायोजन गरी थप खुलासा गर्ने गरिएको छ र वित्तीय विवरणमा समायोजन गर्ननपर्ने घटनाहरुको सम्भावित वित्तीय असरसहित नोटमा खुलासा गर्ने गरिएको छ । यस वर्षको श्रावण १ गते देखि वित्तीय विवरण स्वीकृत भएको मिति १३ कार्तिक २०८१ सम्म वित्तीय विवरणमा असर पार्ने कुनै पनि सारभूत घटनाहरु घटेको छैन ।

## लेखापरीक्षण नभएका वित्तीय नतिजाहरू (त्रैमासिक)

आ.व. २०८०/८१ को चौथो त्रैमासिकको अन्त्यमा

(रकम रु. हजारमा)

| वित्तीय स्थिति विवरण | यस त्रैमासिक | यस अघिको त्रैमासिक | गत वर्षको सम्वन्धित त्रैमासिक |
|---|---|---|---|
| **सम्पत्ती** | | | |
| नगद तथा नगद सरह | ६६,५१२ | ५१,०७० | ६५,१०४ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ७९२,९२५ | ४१५,१०९ | ४५०,३७९ |
| बैंक तथा वित्तीय संस्थामा Placements | २,९६०,००० | ३,१४०,००० | २,५३०,००० |
| कर्जा तथा सापटी | २०,८६४,९८५ | २०,४८२,५४१ | २०,०६३,१९६ |
| लगानी उपकरणहरु (Investment Securities) | ३,६२४,०११ | ३,३२४,३०० | ४,६७८,६७९ |
| सहायक तथा एसोशियट कम्पनीमा लगानी | - | - | - |
| जायजेथा तथा उपकरण | ७६,१४४ | ८१,१८६ | ९५,६५५ |
| साख तथा अमूर्त सम्पत्ती | १,७३२ | २,०१२ | ३,७२१ |
| अन्य सम्पत्तीहरु | ३५,७७५ | ५७,३०२ | ५३,६५४ |
| **कूल सम्पत्ती** | **२८,४२२,०८४** | **२७,५५३,५२०** | **२७,९४०,३८८** |
| **पुँजी तथा दायित्व** | | | |
| चुक्ता पुँजी | २१,६००,००० | २१,६००,००० | २१,६००,००० |
| जगेडा तथा कोषहरु | २,९५८,८७९ | २,३०१,३५८ | २,२३९,४६७ |
| निक्षेप | ८२९,८५६ | ९९१,०७२ | ८९१,६७० |
| सापटी | - | - | ४५०,०६६ |
| ऋणपत्र जारी | २,२८२,७७९ | २,२८२,४७४ | २,२८१,७४० |
| अन्य दायित्वहरु तथा व्यवस्था | ७५०,५७० | ३७८,६१६ | ४७७,४४५ |
| **कूल पुँजी तथा दायित्व** | **२८,४२२,०८४** | **२७,५५३,५२०** | **२७,९४०,३८८** |

क्रमशः लेखापरीक्षण नभएका वित्तीय नतिजाहरु (त्रैमासिक) (रकम रु. हजारमा)

| नाफा वा नोक्सान विवरण | यस त्रैमासिक | यस अघिको त्रैमासिक | गत वर्षको सम्बन्धित त्रैमासिक |
|---|---|---|---|
| व्याज आम्दानी | २,७८३,३३२ | २,१२८,५१८ | २,८७४,२४५ |
| व्याज खर्च | २३३,५९६ | १७५,६४१ | १४८,२३८ |
| **खुद व्याज आम्दानी** | **२,५४९,७३६** | **१,९५२,८७८** | **२,७२६,००८** |
| शुल्क तथा कमिशन आम्दानी | १०,४८४ | ६,४२८ | २२,८१५ |
| शुल्क तथा कमिशन खर्च | ७२ | ३३ | ५४ |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | **१०,४१२** | **६,३९४** | **२२,७६२** |
| अन्य संचालन आम्दानी | - | - | - |
| **कूल संचालन आम्दानी** | **२,५६०,१४८** | **१,९५९,२७२** | **२,७४८,७७०** |
| कर्जा तथा अन्य सम्पत्तीमा नोक्सानी व्यवस्था/(फिर्ता) | ३१०,८४९ | २८६,०३५ | ३५५,४५५ |
| **खुद संचालन आम्दानी** | **२,२४९,२९९** | **१,६७३,२३७** | **२,३९३,३१४** |
| कर्मचारी खर्च | २८४,८०३ | २१५,३७३ | ३१४,२८० |
| अन्य संचालन खर्च | ६३,४२३ | ४६,८८१ | ५९,३४९ |
| **संचालन मुनाफा** | **१,९०१,०७३** | **१,४१०,९८४** | **२,०१९,६८६** |
| गैर संचालन आम्दानी/(खर्च) | (४३९) | (४५०) | १२ |
| **आयकर अघिको मुनाफा** | **१,९००,६३४** | **१,४१०,५३३** | **२,०१९,६९८** |
| आयकर खर्च | ५७०,०४१ | ४२३,१६० | ६०४,४९१ |
| **खुद नाफा/(नोक्सान)** | **१,३३०,५९३** | **९८७,३७३** | **१,४१५,२०६** |
| अन्य विस्तृत आम्दानी | २७९,३०० | - | - |
| **खुद विस्तृत आम्दानी** | **१,६०९,८९३** | **९८७,३७३** | **१,४१५,२०६** |
| | | | |
| **वितरणयोग्य मुनाफा** | | | |
| नाफा वा नोक्सान विवरण अनूसार खुद मुनाफा/(नोक्सान) | १,३३०,५९३ | ९८७,३७३ | १,४१५,२०६ |
| नियमनकारी समायोजन | (६२३,३५६) | (५०८,४९३) | (४३०,८०१) |
| **नियमनकारी समायोजन पछिको वितरणयोग्य मुनाफा/(नोक्सान)** | **७०७,२३७** | **४७८,८८०** | **९८४,४०५** |
| | | | |
| **सूचकाङ्कहरु** | | | |
| जोखिम भारित सम्पत्तिमा पुँजी कोषको पर्याप्तता | ९४.७८% | ९३.६१% | ९२.७५% |
| निष्क्रिय कर्जा/कूल कर्जा (ने.रा.बैं. को निर्देशन अनुसार) | ०.००९% | - | - |
| कूल नोक्सानी व्यवस्था / कूल निष्क्रिय कर्जा (ने.रा.बैं. को निर्देशन अनुसार) | - | - | - |
| कोषको लागत | ७.५३% | ७.६५% | ७.६५% |
| कूल कर्जा / निक्षेप तथा प्राथमिक पूजी (ने.रा.बै. को निर्देशन बमोजिम) | ७८.८३% | ७५.१०% | ७६.३२% |
| आधार व्याजदर | - | - | - |
| आधारभूत प्रतिशेयर आम्दानी | ६.१६ | ६.०९ | ६.५५ |
| घुलित प्रतिशेयर आम्दानी | ६.१६ | ६.०९ | ६.५५ |

# आ.व. २०८०।८१ को लेखापरीक्षण भएको र नभएको वित्तीय विवरणको तुलनात्मक विवरण

(रकम रु. हजारमा)

| वित्तीय स्थिति विवरण | लेखापरीक्षण नभएको वित्तीय विवरण अनुसार | लेखापरीक्षणे भएको वित्तीय विवरण अनुसार | फरक | | फरकको कारण |
|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | |
| **सम्पत्ती** | | | | | |
| नगद तथा नगद सरह | ६६,५१२ | ६६,५१२ | - | | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ७९२,९२५ | ७९२,९२५ | - | | |
| बैंक तथा वित्तीय संस्थामा Placements | २,९६०,००० | २,९६०,००० | - | | |
| कर्जा तथा सापटी | २०,८६४,९८५ | २०,८६४,९८५ | - | | |
| लगानी उपकरणहरु (Investment Securities) | ३,६२४,०११ | ३,५७४,०११ | (५०,०००) | | |
| सहायक तथा एसोशियट कम्पनीमा लगानी | - | - | - | | |
| जायजेथा तथा उपकरण | ७६,१४४ | ७६,१४४ | - | | |
| साख तथा अदृष्य सम्पत्ती | १,७३२ | १,७३२ | - | | |
| अन्य सम्पत्तीहरु | ३५,७७५ | ३९,०२४ | ३,२४९ | ९.१% | करमा समायोजनले गर्दा |
| **कूल सम्पत्ती** | **२८,४२२,०८५** | **२८,३७५,३३४** | **(४६,७५०)** | **-०.२%** | |
| **पुँजी तथा दायित्व** | | | | | |
| शेयर पुँजी | २१,६००,००० | २१,६००,००० | - | | |
| जगेडा तथा कोषहरु | २,९५८,८७९ | २,९२३,०२४ | (३५,८५५) | -१% | खुद नाफामा कमीले गर्दा |
| नक्षेप | ८२९,८५६ | ८२९,८५६ | - | | |
| सापटी | - | - | - | | |
| ऋणपत्र जारी | २,२८२,७७९ | २,२८२,७७९ | - | | |
| अन्य दायित्व तथा व्यवस्था | ७५०,५७० | ७३९,६७५ | (१०,८९४) | -१% | अन्य दायित्वमा कमीले गर्दा |
| **कूल पुँजी तथा दायित्व** | **२८,४२२,०८५** | **२८,३७५,३३४** | **(४६,७५०)** | **-०.२%** | |

| नाफा वा नोक्सान विवरण | लेखापरीक्षण नभएको वित्तीय विवरण अनुसार | लेखापरीक्षणे भएको वित्तीय विवरण अनुसार | फरक | | फरकको कारण |
|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | |
| व्याज आम्दानी | २,७८३,३३२ | २,७८४,०४१ | ७०९ | ०.०% | स्थगन गरेको व्यवस्थापन शुल्कबाट रकमान्तरले गर्दा |
| व्याज खर्च | २३३,५९६ | २३३,५९६ | - | | |
| **खुद व्याज आम्दानी** | **२,५४९,७३६** | **२,५५०,४४४** | **७०९** | **०%** | |
| शुल्क तथा कमिशन आम्दानी | १०,४८४ | ११,८२२ | १,३३८ | १३% | शुल्कमा वृद्धिले गर्दा |
| शुल्क तथा कमिशन खर्च | ७२ | ८४ | १२ | १८% | शुल्कमा वृद्धिले गर्दा |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | **१०,४१२** | **११,७३७** | **१,३२५** | **१३%** | |
| अन्य संचालन आम्दानी | - | - | - | | |
| **कूल संचालन आम्दानी** | **२,५६०,१४८** | **२,५६२,१८२** | **२,०३३** | **०.१%** | |
| कर्जा तथा अन्य सम्पत्तीमा नोक्सानी व्यवस्था/(फिर्ता) | ३१०,८४९ | ३१०,८४८ | - | | |
| **खुद संचालन आम्दानी** | **२,२४९,२९९** | **२,२५१,३३४** | **२,०३५** | **०.१%** | |
| कर्मचारी खर्च | २८४,८०३ | २८७,५९७ | २,७९५ | १% | कर्मचारीको संचित बिदा वापतको खर्च तथा बोनसको समायोजनले गर्दा |
| अन्य संचालन खर्च | ६३,४२३ | ६३,३५२ | (७१) | ०% | खर्चको अनुमानमा वृद्धिले गर्दा |
| **संचालन मुनाफा** | **१,९०१,०७३** | **१,९००,३८३** | **(६९०)** | **०.०%** | |
| गैर / संचालन आम्दानी / (खर्च) | (४३९) | (४३९) | - | | |
| **आयकर अघिको मुनाफा** | **१,९००,६३४** | **१,८९९,९४४** | **(६९०)** | **०.०%** | |
| आयकर खर्च | ५७०,०४१ | ५७०,१०५ | ६४ | ०.०% | करयोग्य आयमा वृद्धिले गर्दा |
| **खुद नाफा/(नोक्सान)** | १,३३०,५९३ | १,३२९,८३९ | (७५४) | -०.१% | |
| अन्य विस्तृत आम्दानी | २७९,३०० | २७९,३०० | - | | |
| **खुद विस्तृत आम्दानी** | **१,६०९,८९३** | **१,६०९,१३९** | **(७५४)** | **०.१%** | |
| **वितरणयोग्य मुनाफा** | | | | | |
| नाफा वा नोक्सान विवरण अनुसार खुद मुनाफा/(नोक्सान) | १,३३०,५९३ | १,३२९,८३९ | (७५४) | -०.१% | |
| नियमनकारी समायोजन | (६२३,३५६) | (६६१,९०१) | (३८,५४५) | ६.२% | नियमनकारी कोषमा वृद्धिले गर्दा |
| **नियमनकारी समायोजन पछिको वितरणयोग्य मुनाफा /(नोक्सान)** | **७०७,२३७** | **६६७,९३८** | **(३९,३०१)** | **-५.६%** | |

## आ.व. २०८०।८१ को लेखापरीक्षण भएको र विवरणपत्रको प्रक्षेपित वित्तीय विवरणको तुलनात्मक विवरण

(रकम रु. हजारमा)

| वित्तीयस्थिति विवरण | विवरणपत्रको प्रक्षेपित वित्तीय विवरण अनुसार | लेखापरीक्षण भएको वित्तीय विवरण अनुसार | फरक | | फरकको कारण |
|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | |
| **सम्पत्ती** | | | | | |
| नगद तथा नगद सरह | ७९,४१७ | ६६,५१२ | (१२,९०५) | -१६% | चालु खातामा रहेको रकममा कमीले गर्दा |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | २४४,२१९ | ७९२,९२५ | ५४८,७०६ | २२५% | कोषको आवश्यकताले गर्दा |
| बैंक तथा वित्तीय संस्थामा Placements | ४,९५०,००० | २,९६०,००० | (१,९९०,०००) | -४०% | कर्जा प्रवाह पश्चात्को कोषको लगानीले गर्दा |
| कर्जा तथा सापटी | ४९,२४७,०४४ | २०,८६४,९८६ | (२८,३८२,०५८) | -५८% | कर्जा प्रवाहमा कमीले गर्दा |
| लगानी उपकरणहरु (Investment Securities) | ८७२,७०० | ३,५७४,०११ | २,७०१,३११ | ३१०% | लगानीमा वृद्धिले गर्दा |
| सहायक तथा एसोशियट कम्पनीमा लगानी | - | - | - | | |
| जायजेथा तथा उपकरण | १३१,५१४ | ७६,१४४ | (५५,३७१) | -४२% | कम खरिदले गर्दा |
| साख तथा अदृष्य सम्पत्ती | ९,७९८ | १,७३२ | (८,०६६) | -८२% | कम खरिदले गर्दा |
| अन्य सम्पत्तीहरु | ४६,२०९ | ३९,०२५ | (७,१८५) | -१६% | अन्य सम्पत्तीमा कमीले गर्दा |
| **कूल सम्पत्ती** | **५५,५८०,९०२** | **२८,३७५,३३४** | **(२७,२०५,५६८)** | **-४९%** | |
| **पुँजी तथा दायित्व** | | | | | |
| शेयर पुँजी | २१,६००,००० | २१,६००,००० | - | | |
| जगेडा तथा कोषहरु | ३,०००,०७९ | २,९२३,०२४ | (७७,०५५) | -३% | खुद नाफामा कमीले गर्दा |
| निक्षेप | ७,८५०,००० | ८२९,८५६ | (७,०२०,१४४) | -८९% | नक्षेप संकलनमा कमीले गर्दा |
| सापटी | - | - | - | | |
| ऋणपत्र जारी | २३,०००,००० | २,२८२,७७९ | (२०,७१७,२२१) | -९०% | प्रस्तावित बोण्ड जारीमा रद्द हुनाले |
| अन्य दायित्व तथा व्यवस्था | १३०,८२३ | ७३९,६७५ | ६०८,८५२ | ४६५% | अन्य दायित्वमा वृद्धि तथा अन्तरबैंक सापटीले गर्दा |
| **कूल पुँजी तथा दायित्व** | **५५,५८०,९०२** | **२८,३७५,३३५** | **(२७,२०५,५६७)** | **-४९%** | |

| नाफा वा नोक्सान विवरण | विवरणपत्रको प्रक्षेपित वित्तीय विवरण अनुसार | लेखापरीक्षणे भएको वित्तीय विवरण अनुसार | फरक | | फरकका कारण |
|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | |
| व्याज आम्दानी | ४,८२७,००८ | २,७८४,०४१ | (२,०४२,९६७) | -४२.३% | कर्जा प्रवाहमा कमीले गर्दा |
| व्याज खर्च | १,७८९,१२५ | २३३,५९६ | (१,५५५,५२९) | -८७% | प्रस्तावित बोण्ड जारी रद्द हुनाले |
| **खुद व्याज आम्दानी** | **३,०३७,८८३** | **२,५५०,४४४** | **(४८७,४३८)** | **-१६%** | |
| शुल्क तथा कमिशन आम्दानी | ९३,५७० | ११,८२२ | (८१,७४८) | -८७% | शुल्कमा निहित कारोबारमा कमीले गर्दा |
| शुल्क तथा कमिशन खर्च | ६८ | ८४ | १७ | २५% | शुल्कमा निहित कारोबारमा कमीले गर्दा |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | **९३,५०२** | **११,७३७** | **(८१,७६५)** | **-८७%** | |
| अन्य संचालन आम्दानी | - | - | - | - | |
| **कूल संचालन आम्दानी** | **३,१३१,३८५** | **२,५६२,१८२** | **(५६९,२०३)** | **-१८.२%** | |
| कर्जा तथा अन्य सम्पत्तीमा नोक्सानी व्यवस्था/(फिर्ता) | १७०,००० | ३१०,८४८ | १४०,८४८ | ८३% | कर्जा नोक्सानी व्यवस्थामा वृद्धिले गर्दा |
| **खुद संचालन आम्दानी** | **२,९६१,३८५** | **२,२५१,३३४** | **(७१०,०५१)** | **-२४%** | |
| कर्मचारी खर्च | ४७०,१४१ | २८७,५९७ | (१८२,५४४) | -३९% | कर्मचारी खर्च तथा बोनस व्यवस्थामा कमीले गर्दा |
| अन्य संचालन खर्च | ८१,६२७ | ६३,३५२ | (१८,२७५) | -२२% | संचालन खर्चमा कमीले गर्दा |
| **संचालन मुनाफा** | **२,४०९,६१६** | **१,९००,३८३** | **(५०९,२३३)** | **-२१%** | |
| गैर संचालन आम्दानी/खर्च | १११ | (४३९) | (५५०) | १००% | आम्दानीमा कमीले गर्दा |
| **आयकर अघिको मुनाफा** | **२,४०९,७२७** | **१,८९९,९४४** | **(५०९,७८३)** | **-२१%** | |
| आयकर खर्च | ७२१,३७१ | ५७०,१०५ | (१५१,२६६) | -२१% | करयोग्य आयमा कमीले गर्दा |
| **खुद नाफा/(नोक्सान)** | **१,६८८,३५६** | **१,३२९,८३९** | **(३५८,५१७)** | **-२१%** | |
| अन्य विस्तृत आम्दानी | - | २७९,३०० | २७९,३०० | १००% | उचित मूल्यमा भएको परिवर्तनले गर्दा |
| **खुद विस्तृत आम्दानी** | **१,६८८,३५६** | **१,६०९,१३९** | **(७९,२१७)** | **-५%** | |
| **वितरणयोग्य मुनाफा** | | | | | |
| नाफा वा नोक्सान विवरण अनुसार खुद मुनाफा / (नोक्सान) | १,६८८,३५६ | १,३२९,८३९ | (३५८,५१७) | -५% | |
| नियमनकारी समायोजन | (३६४,८०१) | (६६१,९०१) | (२९७,१००) | ८१% | नियमनकारी कोषमा वृद्धिले गर्दा |
| **नियमनकारी समायोजन पछिको वितरणयोग्य मुनाफा /(नोक्सान)** | **१,३२३,५५५** | **६६७,९३८** | **(६५५,६१७)** | **-५०%** | |

# प्रमुख सुचकाङ्कहरू

| | विवरण | सुचकाङ्क | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
|---|---|---|---|---|---|---|---|
| १. | खुद नाफा /कूल आम्दानी | प्रतिशत | ६२.१८% | ६१.११% | ५२.७४% | ४८.२९% | ४७.५६% |
| २. | प्रतिशेयर आम्दानी (NAS २६ अनुसार) | रु. | ७.०६ | ५.३५ | ४.९५ | ६.४८ | ६.१६ |
| ३. | प्रतिशेयर बजार मूल्य | रु. | १०० | ४९२ | २४० | २२४ | २२८ |
| ४. | मूल्य आम्दानी अनुपात | अनुपात | १४.१७ | ९२.०१ | ४८.५१ | ३४.५८ | ३७.०३ |
| ५. | शेयर पुँजीमा लाभाँश (बोनस सहित)* | प्रतिशत | - | - | ८.४२% | ४.२१% | ४.२१% |
| ६. | शेयर पुँजीमा नगद लाभाँश | प्रतिशत | - | - | ०.४२% | ४.२१% | ४.२१% |
| ७. | व्याज आम्दानी / कर्जा तथा सापटी | प्रतिशत | ४.९३% | ६.४८% | ८.३४% | ११.८६% | ११.७७% |
| ८. | कर्मचारी खर्च /कूल सञ्चालन खर्च | प्रतिशत | ६३.१०% | ५९.८३% | ५८.४४% | ६०.२३% | ५४.७०% |
| ९. | व्याज खर्च / कूल निक्षेप तथा सापटी | प्रतिशत | ९.२१% | ८.५२% | ७.३८% | ७.५१% | ११.६५% |
| १०. | सटही घटबढ आम्दानी / कूल आम्दानी | प्रतिशत | - | - | - | - | - |
| ११. | कूल खर्च/ आम्दानी अनुपात | प्रतिशत | ११.१९% | १२.७२% | २४.५०% | ३१.०८% | ३२.०५% |
| १२. | कर्मचारी बोनस/कूल कर्मचारी खर्च | प्रतिशत | ४.८२% | १६.६१% | ६७.८०% | ७१.१७% | ७३.४०% |
| १३. | प्रतिव्यक्ति कर्मचारी खर्च | रु. | २,६२२,९२९ | २,४०९,०७२ | २,३४०,४५९ | २,६४३,१९९ | २,८३३,०४४ |
| १४. | खुद नाफा /कर्मचारी | रु. (हजारमा) | २९,२११.९० | २८,८७६.२२ | ३०,९८५.६८ | ४१,१५२.७३ | ४९,२५३.३६ |
| १५. | कूल कर्जा / निक्षेप तथा प्राथमिक पुँजी | प्रतिशत | ३.५४% | ९.६३% | ६६.२०% | ७६.६७% | ७८.८३% |
| १६. | कूल सञ्चालन खर्च/कूल सम्पत्ति | प्रतिशत | ०.८६% | ०.६१% | ०.५३% | ०.५५% | ०.५०% |
| १७. | जोखिम भारित सम्पत्तिमा पुँजी कोषको पर्याप्तता | | | | | | |
| | प्राथमिक पुँजी | प्रतिशत | ३२३.८५% | ३०५.२६% | १११.४८% | ९२.६९% | ९०.८७% |
| | कूल पुँजी कोष | प्रतिशत | ३२३.९७% | ३०५.५५% | ११२.२२% | ९३.४८% | ९१.६८% |
| १८. | तरलता (CRR) | प्रतिशत | ३.६५% | ६२३.२५% | ८५.६४% | ५०.५१% | ९५.५५% |
| १९. | खुद नाफा / कर्जा तथा सापटी | प्रतिशत | - | - | ६.५६% | ६.८८% | ६.२९% |
| २०. | कूल निष्क्रिय कर्जा/कूल कर्जा | अनुपात | - | - | - | - | ०.००९% |
| २१. | खुद निष्क्रिय कर्जा/कूल कर्जा | अनुपात | - | - | - | - | - |
| २२. | भारित औसत व्याजदर अन्तर | प्रतिशत | - | - | - | - | - |
| २३. | सम्पत्तिमा प्रतिफल | प्रतिशत | ६.०६% | ४.३६% | ४.०७% | ५.२०% | ४.७२% |
| २४. | इक्वीटीमा प्रतिफल | प्रतिशत | ६.२१% | ४.६५% | ४.४७% | ५.९३% | ५.५०% |
| २५. | कितावी नेटवर्थ प्रतिशेयर | रु. | ११३.६२ | ११२.०१ | १०८.०३ | ११०.२९ | ११३.५३ |
| २६. | कूल शेयर | संख्या (हजारमा) | १२०,००० | २००,००० | २१६,००० | २१६,००० | २१६,००० |
| २७. | कूल कर्मचारी | संख्या | २९ | २९ | ३३ | ३४ | २७ |

* वितरण गरिएका लाभाँशहरु अघिल्लो आ.व. को वितरणयोग्य मुनाफाबाट सोही आ.व. को वार्षिक साधारण सभाबाट स्वीकृत भई अर्को वर्षमा लेखाङ्कन गरिएको छ। अर्थात आ.व. २०७७/७८ को लाभाँश आ.व. २०७८/७९ मा लेखाङ्कन गरिएको, आ.व. २०७८/७९ को लाभाँश आ.व. २०७९/८० मा लेखाङ्कन गरिएको र आ.व. २०७९/८० को लाभाँश आ.व. २०८०/८१ मा लेखाङ्कन गरिएको छ।

## नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.
## प्रबन्धपत्रमा प्रस्तावित संशोधन/थपको तीनमहले

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था (संशोधन) | संशोधनको कारण |
|---|---|---|
| ५. बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः<br>(प) हाल नभएको | ५. बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः<br>(प) पूर्वाधार सम्बन्धी परियोजनाहरु विकास गर्न सहायक कम्पनीहरु वा Special Purpose Vehicle (SPV) कम्पनीहरु खोल्ने । | सहायक कम्पनीहरु मार्फत आफ्ना उद्देश्यहरु पुरा गर्न बैंकलाई थप सहज हुने देखिएकोले प्रबन्ध पत्रको दफा ५ मा उपदफा (प) थप गरी सहायक कम्पनीहरु वा Special Purpose Vehicle (SPV) कम्पनीहरु खोल्ने व्यवस्था राख्नु पर्ने भएकोले । |

**नोट**

सार्वजनिक-निजी साझेदारीमा निर्माण
हुनसक्ने पूर्वाधार परियोजनाहरुमा
वित्तीय पहुँच पुऱ्याउन हामी एक
नोडल संस्थाको रुपमा स्थापित हुन
प्रयत्नरत छौं ।



नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड

समृद्ध नेपालको लागि

# For Prosperous Nepal

Baneshwor 10, Kathmandu
Phone: 01-4796402 / 01-4794002
Email: info@nifrabank.com

**www.nifrabank.com**